# कर्णाली प्रदेशको सङ्गठन संरचना अध्ययन उच्चस्तरीय समितिको प्रतिवेदन

कर्णाली प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

वीरेन्द्रनगर, सुर्खेत।

१२ असार, २०८२

# कर्णाली प्रदेशको सङ्गठन संरचना अध्ययन उच्चस्तरीय समितिको प्रतिवेदन

**अध्ययन समिति**

श्री लक्ष्मण अर्याल, संयोजक

डा. गोपिकृष्ण खनाल, सदस्य

डा. सुरेश तिवारी, सदस्य

श्री विद्याप्रसाद उपाध्याय, प्रशासनिक सहजीकरण


**कर्णाली प्रदेश सरकार**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**वीरेन्द्रनगर, सुर्खेत**

फोन नं. - ०८३- ५२४८३२

इमेलः **ocmcmkarnali@gmail.com**

# कर्णाली प्रदेश - नेपाल



| स्थानीय तह : कर्णाली प्रदेश | | | | |
|---|---|---|---|---|
| जिल्ला | नगरपालिका संख्या | गाउँपालिका संख्या | जम्मा वडा | जनसंख्या |
| रूकुम (पश्चिम) | ३ | ३ | ७३ | १,६६,७४० |
| सल्यान | ३ | ७ | ८३ | २,३८,५१५ |
| सुर्खेत | ५ | ४ | ९९ | ४,१५,१२६ |
| दैलेख | ४ | ७ | ९० | २,५२,३१३ |
| जाजरकोट | ३ | ४ | ७७ | १,८९,३६० |
| डोल्पा | २ | ६ | ६५ | ४२,७७४ |
| जुम्ला | १ | ७ | ६० | १,१८,३४९ |
| कालिकोट | ३ | ६ | ८२ | १,४५,२९२ |
| मुगु | १ | ३ | ४५ | ६४,५४९ |
| हुम्ला | ० | ७ | ४४ | ५५,३९४ |
| जम्मा | २५ | ५४ | ७१८ | १६,८८,४१२ |

संकेत

- जिल्ला सिमाना
- गाउँ/नगरपालिका सिमाना
- जिल्ला सदरमुकाम
- प्रादेशिक सहयोग इकाई - सुर्खेत
- xxx नगरपालिका
- xxx गाउँपालिका




| | |
|---|---|
| जम्मा क्षेत्रफल | ३०,२११ वर्ग कि.मि. |
| जम्मा जनसंख्या | १६,८८,४१२ |
| पुरूष | ८,२३,७६१ |
| महिला | ८,६४,६५१ |

# भूमिका

नेपालको संविधानले शासन प्रणालीलाई सङ्घ, प्रदेश र स्थानीय तहमा विभाजन गरी प्रदेश सरकार स्थापना भएको छ। प्रदेश सरकार दोस्रो कार्यकालमा रहेको छ। प्रशासनिक सङ्घीयताको कार्यान्वयनको क्रममा प्रदेश सरकारको सेवा र कार्यको सम्पादनको लागि सङ्घीय सरकारका कर्मचारी समायोजन भएको थियो। प्रदेश सरकारले सार्वजनिक सेवा र विकास कार्यको सम्पादनको लागि सुशासनयुक्त र चुस्त बनाउन २०८२ वैशाख ५ गते सङ्गठन पुनर्संरचनाको लागि समिति गठन गरी हामीलाई यो जिम्मेवारी दिइएको थियो। माननीय मुख्यमन्त्री, माननीय सभामुख, माननीय मन्त्रीहरू, नेपाली काङ्ग्रेसका माननीय संसदीय दलका नेता, प्रदेश सरकारका श्रीमान प्रमुख सचिव, प्रदेश सभाका सचिव, विषयगत मन्त्रालय/आयोगका सचिवहरू र विषय विज्ञ कर्मचारीहरूसँग भएका छलफल र अन्तर्क्रियाबाट प्राप्त सुझावका आधारमा यो प्रतिवेदन तयार गरिएको छ। यो प्रतिवेदनमा आफ्ना अमूल्य सुझाव दिने सबैलाई धन्यवाद व्यक्त गर्दछौं। प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री यामलाल कडेल प्रति समिति हार्दिक कृतज्ञता व्यक्त गर्दछ। प्रदेश सरकारका प्रमुख सचिव र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवहरू प्रति हार्दिक आभार व्यक्त गर्दछौं। प्रदेश सरकारले यो प्रतिवेदनको क्रमशः कार्यान्वयन गर्ने विश्वास लिएका छौं। प्रदेशको सुशासन, सार्वजनिक सेवा प्रवाह र विकासको लागि दूरगामी अनुकूलतामा योगदान पुऱ्याउन सक्ने यो कार्यजिम्मेवारी प्रदान गर्नु भएकोमा प्रदेश सरकारप्रति धन्यवाद व्यक्त गर्दछौं।

| | | |
|---|---|---|
| श्री लक्ष्मण अर्याल<br>संयोजक | डा. गोपिकृष्ण खनाल<br>सदस्य | डा. सुरेश तिवारी<br>सदस्य |

श्री विद्याप्रसाद उपाध्याय
प्रशासनिक सहजीकरण

विषय सूची

*कर्णाली प्रदेशको सङ्गठन संरचना अध्ययन उच्चस्तरीय समितिको प्रतिवेदन*..........................i

*प्रमुख सुझावहरू*.................................................................................................... १

*परिच्छेद- १*.......................................................................................................... ७

*पृष्ठभूमि र अध्ययनको सिद्धान्त*................................................................................ ७

१.१ विषय प्रवेश...................................................................................................७

१.२ अध्ययनको उद्देश्य र अध्ययन समितिको कार्यजिम्मेवारी....................................९

१.३ अध्ययनका लागि अपनाइएका विधिहरू......................................................९

१.४ अध्ययनको सीमा ..............................................................................१०

१.५ सुझावका लागि अपनाइएका सैद्धान्तिक आधार ............................................१०

*परिच्छेद- २*........................................................................................................ १५

*प्रादेशिक आर्थिक तथा सामाजिक स्थिति र प्रदेश वित्त*............................................ १५

२.१ प्रदेशको आर्थिक तथा सामाजिक स्थिति....................................................१५

२.२ प्रादेशिक वित्तको अवस्था.......................................................................१६

२.३ प्रदेश वित्तमा प्रशासनिक खर्चको विश्लेषण...................................................२१

*परिच्छेद- ३*........................................................................................................ २५

*प्रदेशको साङ्गठनिक अवस्था र विश्लेषण*................................................................ २५

३.१ कर्णाली प्रदेश सरकारको कार्य जिम्मेवारीको सारांश ......................................... २५

३.२ प्रदेशको सङ्गठनात्मक संरचना सम्बन्धमा संवैधानिक तथा कानुनी व्यवस्था ........... २६

३.३ प्रदेशको सङ्गठनात्मक संरचनाको व्यवस्था................................................ २६

३.४ प्रदेशको सङ्गठनात्मक संरचनात्मक सम्बन्धमा विद्यामान अवस्थाको देखिएका समस्या. २७

*परिच्छेद- ४*........................................................................................................ ३०

*प्रदेशको प्रस्तावित सङ्गठन संरचना*.......................................................................... ३०

४.१. मन्त्रालय, निकाय र कार्यालयका संरचनाको आवश्यकता तथा औचित्यताका आधार.. ३०

४.३ प्रदेशको सङ्गठनात्मक संरचना सम्बन्धमा सुझावहरू.......................................३४

४.४ मन्त्रालय, निकाय र कार्यालयको मुख्य कार्य, प्रस्तावित जनशक्ति र सङ्गठन संरचना .३६

४.५.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय...................................................३६

४.५.२ आर्थिक मामिला तथा योजना मन्त्रालय........................................................४५
४.५.३ भौतिक पूर्वाधार विकास मन्त्रालय...........................................................५०
*४.५.४ उद्योग, पर्यटन र वन तथा वातावरण मन्त्रालय*............................................*५९*
*४.५.५ स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय*...................................................६७
४.६ खारेज गर्ने तथा एक आपसमा गाभिने मन्त्रालय, निकाय र कार्यालयको जनशक्ति सहितको विवरण...........................................................................................९७
*परिच्छेद ५* ................................................................................................ *१००*
५.१ प्रदेश निजामती सेवामा सेवामा रहने सेवाहरू................................................१००
*परिच्छेद -६*.................................................................................................*१०१*
*प्रतिवेदन कार्यान्वयनको खाका*..............................................................................*१०१*
*सन्दर्भ सामग्री*................................................................................................. *१०४*
*अनुसूचीः १*..................................................................................................... *१०५*
*अनुसूची-२*......................................................................................................*१०७*
*अनुसूची-३*...................................................................................................... *१०८*
*अनुसूची ४*......................................................................................................*११०*
*अनुसूची- ५* ....................................................................................................*१३०*
*अनुसूची- ६*..................................................................................................... *१४९*
*अनुसूची ७*...................................................................................................... *१५४*
*मन्त्रालय/निकाय/कार्यालयका नमुना सङ्गठन चार्ट*................................................ *१५४*

# प्रमुख सुझावहरू

१. सङ्गठन संरचना उच्चस्तरीय अध्ययन समितिलाई प्रदेश सरकारको आर्थिक अवस्था र खर्च बहन गर्न सक्ने क्षमताको विश्लेषण गरी सङ्गठन संरचनाको हेरफेरका सम्बन्धमा सिफारिस गर्ने, प्रदेश सरकारको विद्यमान कार्यबोझ, कार्यप्रकृति तथा दरबन्दी संरचनाको अध्ययन गरी हालको संरचनामा पदहरू थप्ने, घटाउने, गाभ्ने वा जिम्मेवारी फेरबदल गर्ने सम्बन्धमा सिफारिस गर्ने र प्रदेश सरकार मातहत रहेका कार्यालयहरूको आवश्यकता र औचित्यको मूल्याङ्कन गरी आवश्यक संरचनागत फेरबदलको सिफारिस गर्ने जिम्मेवारी दिइएको। प्रदेश निजामती सेवामा रहनुपर्ने सेवा, समूह, पद र हालको दरबन्दी संरचनाको अध्ययन गरी उपयुक्त हेरफेरको सिफारिस गर्ने जिम्मेवारी समेत समितिलाई प्रदान गरिएको। विगतमा भएका सङ्गठन व्यवस्थापन सर्वेक्षणका प्रतिवेदनहरू समेतको अध्ययन गरी तत्कालै छोटो विधिबाट प्रतिवेदन तयार गरिएको।

२. प्रदेश सरकारको कार्य क्षेत्र, प्रदेश वित्त, नागरिकका प्रदेश सरकार प्रतिका अपेक्षा, प्रदेश सरकारका नीतिहरू र भविष्यमा प्रदेशले लिनुपर्ने रणनीतिक प्राथमिकताका क्षेत्रलाई औपचारिक तथा अनौपचारिक माध्यमबाट विश्लेषण गरी प्रतिवेदन तयार गरिएको। समय सीमाका कारण प्रदेश सरकारले गर्नुपर्ने सङ्गठन संरचनाको सुधारलाई प्राथमिकतामा राखी सुझावहरू प्रस्तुत गरिएको।

३. प्रदेश सरकारको कार्यसम्पादनलाई चुस्त, प्रभावकारी, छिटो, छरितो र सुशासनयुक्त बनाउन प्रदेश सरकारका निकायहरूको पुनर्संरचनाका लागि अध्ययन गरी सिफारिस सहितको प्रतिवेदन पेस गर्न कर्णाली प्रदेश सरकारको मिति २०८२ वैशाख ५ को निर्णयले पूर्व सचिव श्री लक्ष्मण अर्याल, संयोजक; पूर्व सचिव डा. गोपिकृष्ण खनाल, सदस्य र सुशासनविद् डा. सुरेश तिवारी, सदस्य रहने गरी सङ्गठन संरचना अध्ययन उच्चस्तरीय समिति गठन गरिएको।

४. प्रदेश सरकारले सम्पादन गरेका कतिपय कार्यहरू स्थानीय तह, निजी क्षेत्र र सामुदायिक क्षेत्रबाट तथा गैरसरकारी संस्थाबाट समेत सम्पादन गर्न सकिने प्रकृतिका भएकाले यस बारेमा तथ्यगत रुपमा थप विस्तृत अध्ययन गरी उक्त क्षेत्रहरूबाट गर्न सकिने काममा प्रदेशले आफ्नो संलग्नता क्रमिक रुपमा घटाउँदै लगि सो अनुरूप सङ्गठन संरचना र दरबन्दी परिमार्जन गर्नुपर्ने।

५. प्रदेश सरकारले कार्यान्वयन गरेका विषयगत क्षेत्रका योजना तथा कार्यक्रमहरू सङ्घ तथा स्थानीय तहको एकल अधिकार र नेपाल सरकारले स्वीकृत गरेको कार्यविस्तृतीकरण प्रतिवेदनमा सङ्घ तथा स्थानीय तहको कार्यक्षेत्रमा परेका विषय समेत रहेको देखिएको। प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा आफ्नो एकल अधिकार र साझा अधिकारको हकमा कार्यविस्तृतीकरणको प्रतिवेदनमा प्रदेशको जिम्मेवारीमा समावेश गरेका

क्षेत्रमा सीमित हुनु उचित हुने। सङ्घ तथा स्थानीय तहको कार्यक्षेत्रका लागि प्रदेशको जनशक्ति उपयोग गर्ने प्रवृत्तिले प्रदेशको प्रशासनिक खर्च बढाउने र यसले तहगत सरकारबीच काममा दोहोरोपना ल्याउने हुँदा प्रदेश सरकारले हाललाई प्रदेशको एकल अधिकारको कार्यजिम्मेवारीमा लगानी केन्द्रित गर्ने।

६. प्रदेशको आर्थिक-सामाजिक रूपान्तरणका लागि सार्वजनिक लगानी (Public Investment) को हिस्सा बढाउन नागरिकको ठूलो दबाब रहेकोले प्रदेश सरकारले निजी, सामुदायिक, गैरसरकारी क्षेत्रबाट हुन सक्ने काम सोही क्षेत्रलाई हस्तान्तरण गरी सार्वजनिक क्षेत्रको स्रोत साधनलाई अधिकतम रुपमा सार्वजनिक वस्तु तथा सेवा (Public Goods and Servcies) खास गरी प्रादेशिक स्तरका सार्वजनिक पूर्वाधार, आर्थिक क्रियाकलाप विस्तार, प्राकृतिक साधन र स्रोतको व्यवस्थापन र दिगो उपयोग, स्वास्थ्य सेवा तथा उपचारमा केन्द्रित गर्नु पर्ने भएकाले सङ्गठन पुनर्संरचनाको सुझाव प्रस्तुत गर्दा यसलाई मुख्य सैद्धान्तिक आधार मानिएको।

७. नागरिकको नजिकको तहको सरकारबाट सम्पादन हुन सक्ने काम पर्याप्त कारण र आधारबिना माथिल्लो तहबाट सम्पादन गर्नु हुन्न भन्ने सन्निकटताको सिद्धान्त (Principle of Subsidiarity) लाई सुझावको महत्त्वपूर्ण आधार बनाइएको।

८. नेपालको संविधानको धारा २३२ ले सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व, र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनी सहकारी चरित्रको सङ्घीयता ग्रहण गरेकाले तहगत सरकारले आफ्ना कार्य सम्पादन गर्दा पृथक रुपमा नगरी आपसी समन्वय र सहकार्यमा गर्नुपर्छ भन्ने मान्यता राखेर यो प्रतिवेदन तयार गरिएको।

९. सुशासनलाई धुरी मान्दै सार्वजनिक कार्यहरू सम्पादन गर्दा सुशासनका न्यूनतम आधार बनाई कार्यान्वयन गर्नु पर्ने देखिन्छ। सङ्गठन संरचना तयार गर्दा सुशासनका चार खम्बे सिद्धान्त सामर्थ्य, जवाफदेहिता, मितव्ययिता र सहकार्यलाई प्रमुख आधारस्तम्भको रुपमा लिइएको। सार्वजनिक व्यवस्थापनमा यी सिद्धान्तलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दा कर्णाली प्रदेश सरकारले संरचना र कर्मचारी सङ्ख्यामा वृद्धि गरेर मात्र उपलब्धि हासिल गर्न सकिन्छ भन्ने चलनचल्तीको मान्यताबाट पूर्ण रुपमा बाहिर आई तथ्यमा आधारित निर्णय लिनुपर्ने।

१०. सङ्घ र प्रदेशका तथा सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार सूचीका कार्यजिम्मेवारीको कामको जिम्मा आउँदा लागत वा साधन र स्रोत समेत सँगै आउने हुँदा भविष्यमा आउन सक्ने कार्यजिम्मेवारीका लागि अहिले नै कार्यालयका संरचना खडा गरी त्यस्ता सेवा र विकासात्मक कार्यका लागि प्रदेश वित्तको परिचालन गर्न नहुने।

११. संविधानमा उल्लिखित प्रदेशका अधिकार सूचीको प्रभावकारी र समन्वित रूपमा कामलाई नतिजामूलक बनाउन सेवा र कार्यको विषयक्षेत्रका आधारमा मन्त्रालयहरूको पुनर्संरचना गर्न उपयुक्त हुने भएकाले प्रदेश सरकारका लागि हालका ८ वटा मन्त्रालयलाई ६ वटा

मन्त्रालयमा सीमित गर्ने। आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई खारेज गरी यसबाट भएका सबै काम कारबाहीहरू मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्पादन गर्ने। जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय र भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयलाई एक आपसमा गाभी भौतिक पूर्वाधार विकास मन्त्रालय स्थापना गर्ने।

१२. हाल प्रदेश मातहत रहेका सबै निर्देशनालयहरू मध्ये जनस्वास्थ्यमा स्थानीय तहसँगको समन्वय र शिक्षा तर्फ परीक्षा प्रणाली व्यवस्थित गर्न स्वास्थ्य सेवा निर्देशनालय र शिक्षा विकास निर्देशनालयलाई पुनर्संरचना गरी स्वास्थ्य तथा शिक्षा निर्देशनालय स्थापना गर्ने। प्रदेश सरकार मातहत रहेका अन्य सबै निर्देशनालयहरू खारेज गर्ने। खारेज गरिने निर्देशनालयहरूमा रहेका जनशक्ति र यसका काम कारबाहीलाई सम्बन्धित मन्त्रालयका महाशाखा र जिल्लामा रहने प्रदेश सरकारका कार्यालयमा मिलान गर्ने।

१३. सामाजिक विकास मन्त्रालय मातहत रहेको मानव संशाधान विकास केन्द्र लगायत कृषि, वन र अन्य निकायमा रहेका तालिम तथा अनुसन्धान केन्द्रहरूलाई विघटन गरी यसका सबै जिम्मेवारीहरू कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई हस्तान्तरण गर्ने। यस प्रतिष्ठानलाई विषयक्षेत्रगतको आधारमा पुनर्संरचना गरी विश्वासिलो अध्ययन तथा अनुसन्धानको केन्द्रको रुपमा विकास गर्ने।

१४. सामाजिक विकास मन्त्रालय मातहत रहेका जिल्लास्थित जन/स्वास्थ्य कार्यालयका अधिकांश कार्यहरू स्थानीय तहमा हस्तान्तरण गर्न सकिने भएकाले यसलाई खारेज गरी जिल्ला अस्पतालभित्रै सामाजिक सेवा इकाई (Social Service Unit) स्थापना गरी अत्यावश्यक कर्मचारी राखी अन्य कर्मचारीलाई आवश्यकताको आधारमा अन्य कार्यमा लगाउने। हालको सामाजिक विकास मन्त्रालयको नाम परिवर्तन गरी स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय बनाउने।

१५. सुर्खेतस्थित प्रदेशिक अस्पताललाई स्तरोन्नति गरी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गर्न आवश्यक जनशक्तिको व्यवस्था गर्ने। प्रदेश मातहतका जिल्ला अस्पतालहरूलाई ५० शैयामा सञ्चालन गरी पारामेडिकल र नर्सिङ्ग जनशक्ति उत्पादन गर्ने शिक्षण संस्था समेतको अस्पतालको रुपमा विकास गर्ने। प्रदेशमा महामारी लगायत विपद्को समयमा उपचार र प्रतिकार्य गर्नका लागि प्रादेशिक अस्पताल सुर्खेतमा ५० बेडको सरूवा रोग विभाग सञ्चालन गर्ने। स्वास्थ्य आपतकाल र विपद्को समयमा स्वास्थ्य सेवाको प्रतिकार्यलाई चुस्त दुरूस्त बनाउन स्वास्थ्य तथा शिक्षा निर्देशनालय अन्तर्गत २४ सै घण्टा सञ्चालन हुने स्वास्थ्य आपतकालीन सेवा केन्द्र (PHEOC) स्थापना गर्ने।

१६. सामाजिक विकास मन्त्रालय मातहत रहेको प्रदेश सङ्ग्रहालय र अभिलेखालयलाई पुनर्संचरना गरी यसको कार्यक्षेत्रमा खस सभ्यताको अध्ययन, बहुजातीय सङ्ग्रहालय, समावेशीकरण, कर्णालीका रैथाने भाषा, लिपि, वास्तुकला, ललितकलाको संरक्षण, संस्कृत भाषाको प्रवर्द्धन,

वैदिक तथा बौद्ध संस्कृतिको संरक्षण, अध्ययन आदि समेत समावेश गरी बहुसांस्कृतिक केन्द्रको रुपमा पर्यटन हेर्ने मन्त्रालयमा एक प्रतिष्ठान राख्ने।

१७. प्रदेश मातहत रहेका जिल्लाका संरचनालाई पुनर्संरचना गरी जिल्ला अस्पताल र डिभिजन वन कार्यालय बाहेक भूमि तथा कृषि र उद्योग तथा पर्यटन लगायतको आर्थिक क्षेत्रका लागि प्रत्येक जिल्लामा एक आर्थिक विकास कार्यालय र पूर्वाधार निर्माणको क्षेत्रका लागि एक एकीकृत पूर्वाधार विकास कार्यालय गरी प्रदेश मातहत हरेक जिल्लामा रहने जिल्लास्तरीय कार्यालयको सङ्ख्या क्रमशः ४ वटामा सीमित गर्ने। यी संरचनामा विषयगत क्षेत्रको एघारौं तहको प्रमुख मातहत विषयगत शाखा राखी खर्चको अख्तियारी सम्बन्धित विषयगत शाखालाई प्रदान गर्ने। यी बाहेकका जिल्लामा रहेका सबै कार्यालय र संरचनाहरू खारेज गर्ने।

१८. जिल्लामा रहेका प्रदेश लेखा इकाई कार्यालयको औचित्य नदेखिएकाले यी संरचनालाई तत्काल विघटन गरी यसबाट भए गरेको काम आवश्यकताको आधारमा सङ्घीय कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत् गराउने। प्रदेश निकायहरूका आन्तरिक लेखा परीक्षणलाई Faceless, Contractless and Paperless प्रणालीबाट गर्नको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयमा छुट्टै डेडिकेटेट जनशक्ति सहितको शाखा राख्ने।

१९. हाल प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालय अलग राखिएकोमा यसलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यलयभित्र गाभ्ने। कर्णाली प्रदेश योजना आयोगको संरचनामा फेरबदल गरी यो संस्थालाई प्रदेशको रणनीतिक योजना बनाउने, प्रदेशका सेवा र कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने, प्रदेशको नीति प्रयोगशालाको काम गर्ने र प्रदेश सरकारको सार्वजनिक निजी साझेदारी इकाईको रुपमा काम गर्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत राख्ने।

२०. आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्य जिम्मेवारीलाई थप प्रभावकारी बनाउन सहकारी, उद्योग, वाणिज्य, पर्यटन र सिप विकास क्षेत्रको जिम्मेवारीलाई यो मन्त्रालय मातहत ल्याउन उचित हुने।

२१. प्रदेश सरकारको आन्तरिक आय र सङ्घीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटबाट स्रोतको कुल योगको अधिकतम ७५ प्रतिशतले प्रशासनिक खर्च धान्न सक्ने गरी सङ्गठन संरचना कायम गर्न उपयुक्त हुने। प्रदेश सरकारले सेवा दिँदा यो सीमा नाघ्ने अवस्था आएमा त्यस्तो सेवा र कार्यका लागि स्थानीय तह वा समुदायसँग सहकार्य गर्ने।

२२. प्रदेश सरकारले हालको दरबन्दी संरचना फेरबदल गरी नतिजामूलक र दिगो बनाउन यो सङ्ख्यालाई २५०० मा बढ्न नदिने। दोस्रो विकल्पको कार्यविभाजन नियमावली कार्यान्वयन गर्दा विषयगत मन्त्रालयको पुनर्संरचना पश्चात् यो दरबन्दी २५ प्रतिशतले घट्न सक्ने भएकाले सो पश्चात् यो सीमालाई १९७५ मा कायम गर्न सकिने।

२३. प्रदेशको कार्यजिम्मेवारीको लागि उपयुक्त नभएका सङ्घबाट समायोजन भएर आएका तथा प्रदेशले नियुक्ति गरेका दरबन्दीहरूलाई उक्त पदमा रहेका कर्मचारीहरू सेवानिवृत्त भए पश्चात स्वतः खारेज हुने प्रणालीको विकास गर्ने।

२४. स्तरवृद्धि हुने समय सेवा प्रवेश गरेको पदमा ७ वर्ष पुगेको हुनुपर्ने। यस्तो स्तरवृद्धि हुने पदको प्रदेश निजामती सेवा नियममावलीमा सेवा, समूह र पद अनुसारको नकारात्मक सूची बनाउनु पर्ने र उक्त नकारात्मक सूचीमा नपरेकालाई मात्र स्तरवृद्धि गर्ने नीति लिने।

२५. सहयोगी कर्मचारी, हेभी वा हल्का सवारी चालक, पाले तथा पहरेदार र कार्यालय सहयोगी जस्ता पदहरू सेवा करारमा लिने। कुनै विशिष्ट प्रकृतिको आयोजनाको लागि आयोजना अवधिका लागि करारमा आवश्यक विज्ञ कर्मचारी राख्नु पर्दा आयोजनाको समाप्ति पछि सेवाबाट स्वतः हट्ने व्यवस्था कार्यनवयनमा ल्याउने र यसका लागि नियुक्ति सम्बन्धी मापदण्ड तय गर्ने।

२६. प्राविधिक कार्यका लागि प्रदेशभित्रका विश्वविद्यालय वा कलेजहरूबाट निश्चित सङ्ख्यामा स्वयम् सेवक विद्यार्थी लिने र यसरी स्वयंसेवा गर्न आउनेलाई न्यूनतम पारिश्रमिकमा इन्टर्नसिपमा कम्तिमा ६ महिनाको लागि यस्तो सेवा लिन उपयुक्त हुने।

२७. प्रदेश सरकारलाई रणनीतिक प्राथमिकतामा केन्द्रित गर्न कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान र प्रदेश लोक सेवा आयोग बाहेकका सबै आयोग, प्रतिष्ठान लगायतका समितिहरू खारेज गर्ने।

२८. खेलकुद परिषद्लाई प्रदेशभित्रका स्थानीय तह र सामुदायिक सङ्घसंस्था र खेलप्रेमी निजी संस्थाहरूको साझेदारी र सहलगानीमा सञ्चालन गर्ने गरी पुनर्संरचना गर्ने।

२९. अहिलेको जेन्जीको युगमा सार्वजनिक प्रशासनलाई प्रविधिमैत्री बनाउन प्राविधिक मन्त्रालय अथवा कार्यालयहरूमा प्रशासनिक र प्राविधिक कर्मचारीहरूको अनुपात निर्धारण गर्दा प्राविधिक क्षेत्रलाई उच्च प्राथमिकतामा राख्ने। यस प्रयोजनका लागि प्राविधिक कार्यालयहरूमा प्राविधिकहरू ७० प्रतिशत र प्रशासनिक र सहयोग क्षेत्रका ३० प्रतिशत कर्मचारी राख्ने। मन्त्रालयहरूलाई अधिकृतमैत्री बनाई सङ्गठनमा कार्यदक्षता ल्याउन अधिकृत र अधिकृतमुनिका कर्मचारीको अनुपात कम्तिमा ६०:४० को कायम गर्ने। प्रस्तावित दरबन्दी संरचनामा यस विषयलाई प्राथमिकतामा राखिएको छ।

३०. प्रदेशका निजामती सेवामा प्रशासन सेवा, कानुन सेवा, वन तथा कृषि सेवा, इन्जिनियरिङ्ग सेवा, स्वास्थ्य सेवा र विविध सेवा कायम गर्ने। प्रशासन सेवाभित्र सामान्य प्रशासन समूह र लेखा समूह राख्ने। हाल प्रशासन सेवाको राजस्व समूहमा रहेका कर्मचारीलाई सामान्य प्रशासन समूहमा मिलान गर्ने। कानुन सेवाभित्र कानुन र सरकारी वकिल गरी दुईवटा समूह राख्ने। वन तथा कृषि सेवामा वन तथा वातवरण, कृषि र पशुपन्छी समूहहरू कायम गर्ने। इन्जिनियरिङ्ग सेवामा जलस्रोत, पूर्वाधार निर्माण र विल्डिङ्ग एण्ड आर्किटेक तीन समूह कायम गर्ने। मेकानिकल, कम्प्युटर इन्जिनियर, सर्भे र अन्य रहेका प्राविधिकलाई

विविध सेवामा राख्नु पर्ने। स्वास्थ्य सेवामा जनस्वास्थ्य, चिकित्सा, प्रयोगशाला र आयुर्वेद समूह राख्ने। विविध सेवामा शिक्षा, तथ्याङ्क र सूचना तथा सञ्चारका पदहरू समावेश गर्ने। यी सबै सेवाहरूमा रहेका समूहको एघारौं तहमा एउटै सेवामा एकीकरण हुने गरी मिलाउने। प्रस्तावित गरिएको दरबन्दी तेरिजमा सेवा समूहहरू मिलान गरी दरबन्दी स्वीकृत गरी कार्यान्वयनमा ल्याउने।

३१. यस प्रतिवेदनमा मन्त्रालयको पुनःसंरचनाका लागि पहिलो विकल्प र दोस्रो विकल्प गरी दुईवटा विकल्प प्रस्तुत गरिएको छ। दोस्रो विकल्पका संरचनाको सम्बन्धमा थप कार्य आवश्यक भएकाले पहिलो विकल्पका लागि सङ्गठन संरचना तयार गरिएको छ। प्रतिवेदन कार्यान्वयनका लागि समयबद्ध कार्यान्वयन कार्ययोजना समेत प्रस्तुत गरिएको छ।

# परिच्छेद- १
# पृष्ठभूमि र अध्ययनको सिद्धान्त

## *१.१ विषय प्रवेश*

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गरी तहगत सरकारबीच राज्य शक्ति र जिम्मेवारीको बाँडफाँट गरेको छ। संविधानको अनुसूची-६ मा प्रदेशको २१ विषय क्षेत्रका एकल अधिकार, अनुसूची-७ मा सङ्घ र प्रदेशका २५ विषय क्षेत्रका साझा अधिकार र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहका १५ क्षेत्रका साझा अधिकारको व्यवस्था गरिएको छ। नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका संविधानमा उल्लेख गरिएका साझा तथा एकल अधिकारका सूचीलाई वि.सं. २०७३ सालमा कार्यविस्तृतीकरण गरी यसको प्रतिवेदनलाई नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७३ माघ १८ गते स्वीकृत गरिएको थियो। प्रदेश सरकारको दुई पटक निर्वाचन भई सबै प्रदेशहरू आर्थिक, सामाजिक, प्रशासनिक रुपमा सक्रिय भएका छन्। प्रशासनिक सङ्घीयताको सन्दर्भमा कर्णाली प्रदेशमा प्रदेश लोकसेवा आयोगले प्रदेश तथा स्थानीय तहको स्थायी पदपूर्तिका कार्य गर्दै आएको छ। वि.सं. २०७८ पौष १४ मा संशोधन स्वीकृत भएको कर्णाली प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ बमोजिम हाल यस प्रदेशमा ८ वटा मन्त्रालय र ती मातहहत विभिन्न निकाय तथा कार्यालय रहेका छन्।

| क्र.सं | मन्त्रालयको नाम |
|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | आन्तरिक मामिला, कानुन, युवा तथा खेलकूद मन्त्रालय |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४. | उद्योग ,पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ५. | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| ७. | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय |
| ८. | सामाजिक विकास मन्त्रालय |

सङ्घीयता कार्यान्वयनको चरणमा सङ्घीय सरकारबाट यस प्रदेशमा ११३१ जना कर्मचारीको दरबन्दी सहित समायोजन भएको देखिन्छ। कर्णाली प्रदेश सरकारको सेवा र कार्यको लागि हाल २९३० दरबन्दी रहेकोमा करिब ४५ प्रतिशत दरबन्दी पूर्ति भई अरु दरबन्दी रिक्त नै रहेको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको आन्तरिक राजस्व सङ्कलन जेठ मसान्त सम्म रू ४९ करोड ६५ लाख ७३ हजार रहेको छ। चालु आर्थिक वर्ष का लागि प्रदेश सरकारले रू ३१ अर्ब ४१ करोड ४१ हजार को बजेट विनियोजन गरेको छ। यो रकम मध्ये चालु तर्फ २४.१२ प्रतिशत पुँजीगत तर्फ ५९.७ प्रतिशत वित्तीय व्यवस्था तर्फ ०.८ प्रतिशत र स्थानीय तहको वित्तीय हस्तान्तरणका लागि १५.३८ प्रतिशत विनियोजन गरिएको छ। प्रदेश सरकारको सालबसाली प्रशासनिक खर्च निरन्तर बढ्दो अवस्थामा छ।

प्रदेशले ठूलो भू-भाग तथा सानो जनसङ्ख्याको लाभ लिनको लागि निजी क्षेत्रसँग सहकार्य गरी लगानी बढाउन आवयश्यक रहेको छ। प्रदेश सरकारमाथि बजेटको ठूलो हिस्सा आर्थिक-सामाजिक पूर्वाधार केन्द्रित सार्वजनिक लगानीमा लगाउनु पर्ने दबाब रहेको छ। प्रदेशले नागरिकको विश्वास आर्जन गरी आफ्नै वैधताको अभिवृद्धिका लागि पनि नतिजामूलक क्षेत्रमा लगानी बढाउने र अनुत्पादनशील क्षेत्रमा दायित्व घटाउँदै लैजानु पर्ने चुनौती रहेको छ। प्रदेशको आन्तरिक आय आर्जनको आधार साँघुरो भएकाले तत्कालको लागि प्रदेश सरकारको आन्तरिक आयमा उल्लेखनीय रुपमा बढ्ने सम्भावना नरहेकाले प्रशासनिक पुनर्संरचानको माध्यमबाट खर्चको विवेकीकरण (Expenditure Rationalization) गर्दै सार्वजनिक लगानीको लागि स्रोत जुटाउनु प्रदेशको लागि उत्तम रणनीति रहनेछ।

छरिएर रहेका बस्ती र जटिल प्रकृतिको भू-बनोटको आधारमा जनतामा पुऱ्याउने सेवाका सबै स्थानमा प्रदेश सरकार पुग्न कठिन हुने हुँदा स्थानीय तह रहेका स्थानको विकासमा स्थानीय तहसँगको सहकार्य र समन्वय गर्ने कार्य थप पेचिलो भएको छ। सङ्घ सरकारका निकायहरू भएको स्थानमा सङ्घ सरकारसँग सहकार्य र समन्वय गरी प्रदेशका अधिकारका क्षेत्रको सेवा र कार्य गर्नका लागि सुदृढ समन्वय र सहकार्यको आधार निर्माण गर्नु पर्ने देखिन्छ।

समुदायमा आधारित विकासको अवधारणा पनि क्रमशः कार्यान्वयन गर्नु पर्ने हुन्छ। साथै प्रदेश राजधानी र जिल्लाका आर्थिक केन्द्र तथा सम्भाव्य आर्थिक केन्द्रमा सार्वजनिक निजी अवधारणाका विकास परियोजना गर्ने र त्यसको केही प्रतिफल सामाजिक उत्तरदायित्वको आधारमा अन्य प्राथमिकता प्राप्त क्षेत्रमा सहयोग गर्ने सहितको विकास अवधारणा सुरु गर्नु पर्नेछ। राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूलाई प्रदेश सरकारले प्राथमिकता निर्धारण गरेका कार्यक्रम तथा सेवा कार्यमा लगाउने गरी

सहायताको खोजी समेत गर्नु पर्ने कार्यको प्रणाली विकास गर्नु पर्ने हुन्छ। प्रदेश भित्रको प्रभवकारी नियमन र सुपरीवेक्षणको आधारमा छनोटपूर्ण विषयगत क्षेत्रमा सहकारीको अवधारणाको आधारमा आर्थिक क्रियाकलापको विस्तार र उत्पादन अभिवृद्धि गर्न जरुरी देखिन्छ।

प्रस्तुत अध्ययन प्रतिवेदन तयार गर्दा यी पक्षहरूको समेत अध्ययन गरी प्रदेश सरकारले प्राप्त गर्ने आम्दानी र हस्तान्तरित राजस्व स्रोतको करिब ७५ प्रतिशतले धान्न सक्ने किसिमको सङ्गठन संरचना उपयुक्त हुन्छ। यदि प्रदेश सरकारले सेवा दिँदा लागत बढी भएमा त्यस्तो सेवा र कार्य स्थानीय तह वा समुदायसँग सहकार्य गर्न प्रणालीको विकासको उपयुक्तता समेत देखिन्छ। प्रदेशमा ७९ स्थानीय तह मातहत ७१८ वडा कार्यालयहरू छन्। प्रदेश सरकारले नियमित रुपमा स्थानीय तहलाई अनुदान दिँदै आएको छ। प्रदेशको राजनीतिक, प्रशासनिक, सामाजिक तथा आर्थिक अवस्थाको विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ।

### *१.२ अध्ययनको उद्देश्य र अध्ययन समितिको कार्यजिम्मेवारी*

प्रदेश सरकारका निकायहरूको कार्यसम्पादनलाई चुस्त, प्रभावकारी, छिटो, छरितो र सुशासनयुक्त बनाउन प्रदेश सरकारका निकायहरूको पुनर्संरचनाका लागि अध्ययन गरी सिफारिस सहितको प्रतिवेदन पेस गर्ने यस अध्ययनको उद्देश्य रहेको छ। यस समितिलाई अध्ययन गर्नको लागि देहायको कार्यसर्त दिएको छ।

(क) प्रदेश सरकारको आर्थिक अवस्था र खर्च बहन गर्न सक्ने क्षमताको विश्लेषण गर्दै कर्णाली प्रदेश सराकारको  सङ्गठन संरचनाको हेरफेर गर्न सिफासिस गर्ने;

(ख) कर्णाली प्रदेश सरकारको विद्यमान कार्यबोझ, कार्यप्रकृति र दरबन्दी संरचनाको विश्लेषण गरी हालको संरचना वा दरबन्दी थप्ने, घटाउने, गाभ्ने वा जिम्मेवारी फेरबदल सम्बन्धमा सिफारिस गर्ने;

(ग) सङ्घीय तथा प्रदेश सरकारका निकायहरूको उपस्थितिको अवस्था समेतको विश्लेषण गरी कर्णाली प्रदेश सरकारका मातहतका जिल्ला एवं स्थानीय स्तरमा रहेका कार्यालयका आवश्यकता एवं औचित्य समेतको विश्लेषण गरी फेरबदल गर्न सिफारिस गर्ने;

(घ) प्रदेश निजामती सेवामा रहनु पर्ने सेवा, समूह पद र हालको दरबन्दी संरचना अध्ययन गरी हेरफेर गर्न सिफारिस गर्ने।

### *१.३ अध्ययनका लागि अपनाइएका विधिहरू*

(क) यस अध्ययनको लागि समितिले प्रदेश राजधानी वीरेन्द्रनगरमा विभिन्न मन्त्रालयमा गई विषयगत रुपमा छलफल गरिएको थियो। समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को

कार्यालयमा प्रदेश सरकारका प्रमुख सचिव सहित विभिन्न मन्त्रालय र निकायका सचिवहरू र अन्य कर्मचारीसँग सामूहिक छलफल गरी राय सुझाव सङ्कलन गरेको थियो।

(ख) समितिले अध्ययनको क्रममा यस अघिका सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, सम्बन्धित कानुनहरू, प्रदेश सरकारको कार्यविभाजन नियमावली, प्रदेशका नीति तथा कार्यक्रम, आर्थिक आर्थिक सर्वेक्षण आदि दस्तावेजहरू अध्ययन गरेको थियो। सम्बन्धित निकायबाट यस सम्बन्धी तथ्याङ्कहरू सङ्कलन गरिएको थियो।

(ग) समितिले अध्ययनको सिलसिलामा अन्य प्रदेशका दस्तावेजको अध्ययन, विज्ञहरूसँग छलफल गरेको थियो। समितिका पदाधिकारीले यसमा निरन्तर रुपमा सरोकारवालासँग सम्पर्क र संवाद गरेको थियो।

## *१.४ अध्ययनको सीमा*

(घ) प्रदेशहरू संस्थागत विकासकै चरणमा रहेका र कतिपय तथ्याङ्कहरू व्यवस्थित नभएकाले उपलब्ध सूचना तथा तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार भएको छ।

(ङ) प्रदेश संरचना राजनीतिक प्रकृतिको शासकीय संरचना भएकाले सङ्गठनको पुनर्संरचनाको कार्य प्राविधिक दृष्टिकोणबाट गर्न राजनीतिक रुपमा कठिन भएकाले सुझावहरूलाई यसै आधारमा तत्काल र मध्यमकालीन चरणमा विभाजन गरी प्रस्तुत गरिएको छ।

(च) समितिको कार्यक्षेत्र व्यापक भए पनि समय अभावका कारण सबै क्षेत्रको विस्तृत विश्लेषण हुन नसेकाले रणनीतिक दायराबाट सुझावहरू प्रस्तुत गरिएको छ।

(छ) सङ्घीय निजामतीको सेवा ऐनको अभावले प्रदेशमा दिगो रुपमा रहेन। सङ्घीय सेवाको कर्मचारीको यकीन गर्न कठिनाई रहेको छ।

(ज) नेपालको आफ्नै मौलिक प्रकृतिको सङ्घीयता अपनाएको र नेपालको आफ्नै विशिष्ट अवस्था भएकाले अरू देशको अनुभव नेपालको सन्दर्भमा त्यति सान्दर्भिक नभएकाले प्रादेशिक आवश्यकता र परिस्थिति अनुकूल हुने गरी यो प्रतिवेदन तयार गरिएको छ।

(झ) समितिले प्रतिवेदन तयार गर्दा सैद्धान्तिक पक्षलाई भन्दा पनि व्यवहारिक पक्षलाई महत्त्व दिई यस सम्बन्धी अध्ययन तथा विश्लेषण गरेको छ। सङ्घीयता प्रारम्भिक चरणमा नै भएकाले अभ्यासको आधारमा यसलाई यसलाई संस्थागत गर्नुपर्ने भएकाले प्रतिवेदनमा व्यवहारिक दृष्टिकोणलाई बढी महत्त्व प्रदान गरिएको छ।

## *१.५ सुझावका लागि अपनाइएका सैद्धान्तिक आधार*

(क) प्रदेशमा आर्थिक-सामाजिक रूपान्तरणका लागि सार्वजनिक लगानी (Public Investment) को हिस्सा बढाउन नागरिकको ठूलो दबाब रहेकोले प्रदेश सरकारले निजी, सामुदायिक, गैरसरकारी क्षेत्रबाट हुन सक्ने काम सोही क्षेत्रलाई हस्तान्तरण गरी सार्वजनिक क्षेत्रको

स्रोत साधनलाई अधिकतम रुपमा सार्वजनिक वस्तु तथा सेवा (Public Goods and Servcies) खास गरी सार्वजनिक पूर्वाधार, आर्थिक क्रियाकलाप विस्तार, प्राकृतिक साधन र स्रोतको व्यवस्थापन र दिगो उपयोग, स्वास्थ्य सेवा तथा उपचारमा केन्द्रित गर्नु पर्ने भएकाले सङ्गठन पुनर्संरचनाको सुझाव प्रस्तुत गर्दा यसलाई मुख्य सैद्धान्तिक आधार मानिएको छ।

(ख) जनताको नजिकको तहको सरकारबाट सम्पादन हुन सक्ने काम पर्याप्त कारण र आधार बिना माथिल्लो तहबाट सम्पादन गर्नु हुन्न भन्ने सन्निकटताको सिद्धान्त (Principle of Subsidiarity) लाई सुझावको महत्त्वपूर्ण आधार बनाइएको छ।

(ग) नेपालको संविधानको धारा २३२ ले सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनी सहकारी चरित्रको सङ्घीयता ग्रहण गरेकाले तहगत सरकारले आफ्ना कार्यसम्पादन गर्दा पृथक रुपमा नगरी आपसी समन्वय सहकार्यमा गर्नु पर्छ भन्ने मान्यता राखेर यो प्रतिवेदन तयार गरिएको छ।

(घ) सङ्घीयता कार्यान्वयनको पहिलो सात वर्षमा नीतिगत, कानुनी, पुर्वाधार र संरचनात्मक व्यवस्था तयार पारी लागू गर्ने कार्यमा उल्लेख्य प्रगति भएको उपलब्ध तथ्य तथ्याङ्कहरूले पुष्टि गरेका छन्। कर्णाली प्रदेशको सन्दर्भमा सङ्घीयताका उपलब्धि देखिने गरी जनताको माझ पुऱ्याउने र जनताका आधारभूत आवश्यकता एवं विकासका चाहनालाई पूरा गर्न प्रदेश सरकार दृढ रुपमा लागि परेको पाइन्छ। उपलब्ध स्रोत र साधन हरूलाई प्रभावकारी र मितव्ययी तरिकाले कार्यान्वयन गर्न नसकिएमा कर्मचारी व्यवस्थापन, सेवा-सुविधा र प्रदेश सरकारका सेवा प्रवाहमा संकट आउन सक्ने देखिन्छ। त्यसैले, प्राप्त स्रोत र साधन को अधिकतम सदुपयोग र जनताका आवश्यकतालाई पूरा गर्न प्रभावकारी एवं क्षमतावान् सङ्गठन संरचना को आवश्यकता महसुस गरिएको छ।

(ङ) माथिका सैद्धान्तिक पक्षहरूका आधारमा सुशासनलाई धुरी मान्दै अर्थात् हरेक सैद्धान्तिक पक्षहरू कार्यान्वयन गर्दा सुशासनका न्यूनतम आधार बनाई कार्यान्वयन गर्नु पर्ने देखिन्छ। सुशासनलाई धुरी मान्दै सङ्गठन संरचना तयार गर्दा चार खम्बे सिद्धान्तको रुपमा सामर्थ्यको सिद्धान्त, जवाफदेहिताको सिद्धान्त, मितव्ययिताको सिद्धान्त र सहकार्यताको सिद्धान्तलाई प्रमुख आधारस्तम्भको रुपमा लिइएको छ। यी सिद्धान्तलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दा कर्णाली प्रदेश सरकारले केवल संरचनामा वृद्धि र कर्मचारी सङ्ख्यामा वृद्धि गरेर मात्र उपलब्धि हासिल गर्न सकिन्छ भन्ने चलनचल्तीको मान्यताबाट पूर्ण रुपमा बाहिर आई तथ्यमा आधारित निर्णय लिनुपर्ने देखिन्छ।

### सामर्थ्यको सिद्धान्त

समन्वय, सहकार्य र सहअस्तित्वको सैद्धान्तिक जगमा निर्माण गरिएको नेपालको संविधानको मर्म प्रतिस्पर्धी सङ्घीयता नभई सहकारितामा आधारित राजनीतिक सङ्घीयता अवलम्वन गरिएको हो। यसरी हेर्दा संविधानबाट नै तीनै तहका सरकारका एकल र साझा अधिकार निर्दिष्ट गरिएको छ। कर्णाली प्रदेश सरकारका आफ्ना एकल र साझा अधिकार छन्। एकल अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र साझा अधिकारका हकमा स्थानीय र सङ्घ सरकारसँग प्रभावकारी समन्वय र सहकार्य गर्नुपर्ने देखिन्छ। यी दुवै कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा अगाडि बढाउनको लागि कर्णाली प्रदेश सरकारले आफ्नो सामर्थ्यको पहिचान र आन्तरिक स्रोत तथा साधानको अभिवृद्धि गर्नुपर्ने देखिन्छ। खासगरी एकल अधिकार कार्यान्वयन गरी संविधान निर्देशित सेवा र कार्यका जिम्मेवारीलाई निर्वाह गर्नका लागि कर्णाली प्रदेश सरकारले आफ्नो मौलिकताका आधारमा संरचनाको विकास गरी कार्यान्वयन गर्न उपयुक्त हुन्छ। सामर्थ्यको माध्यमबाट प्रदेश सरकारले आफ्ना आन्तरिक राजस्वका स्रोतहरूलाई थप विस्तार र प्रभावकारी गर्न सकिन्छ भन्ने मान्यता राख्नु पर्दछ। यसका लागि उपयुक्त र व्यवहारिक संरचना, संरचनाबाट सम्पादित हुने कार्यसर्तहरू र ती कार्य सर्त पूरा गर्ने जनशक्ति तयार गर्नुपर्ने देखिन्छ। सङ्गठन संरचना निर्माण गरी कार्यान्वयन गर्दा मौलिकताको आधारमा र सामर्थ्य वृद्धिमा ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ। यसो गर्न सकिएमा यी संरचनालाई वार्षिक रुपमा हासिल गर्नुपर्ने कार्यसम्पादन लक्ष्य सूचकहरू प्रदान गरी नतिजामूलक कार्यसम्पादन सम्झौतामा अघि बढाउन सकिन्छ। यस पृष्ठभूमिबाट हेर्दा कर्णाली प्रदेश सरकारले सामर्थ्यलाई केन्द्र भागमा राख्दै आफ्ना विद्यमानका संरचनालाई मिलान गर्ने, थप गर्ने, घटाउने र एकीकरण गर्नुपर्ने देखिन्छ। संरचनात्मक पुनर्संरचनाको सुधारको प्रमुख प्रस्थान बिन्दुका रुपमा कर्णाली प्रदेश सरकारले आफ्नो आन्तरिक आय र सङ्घ सरकारबाट प्राप्त गर्ने राजस्व हस्तान्तरणको २५ प्रतिशत राजस्व वचत हुने गरी प्रशासनिक संरचना बनाउनु पर्दछ।

### जवाफदेहिताको सिद्धान्त

कर्णाली प्रदेश सरकार संविधान निर्देशित अधिकार तथा जिम्मेवारी र जनताका लागि गर्नु पर्ने सेवा र कार्यहरूको परिपूर्तिमा प्रमुख रुपमा जवाफदेही जम्मेवार बन्नु पर्दछ भन्ने मान्यतामा प्रदेश अग्रणी रहने प्रयासमा देखिन्छ। संविधान निर्देशित एकल अधिकारहरूको व्यवहारिक रुपमा व्याख्या गरी प्रदेशको अहिलेको सामर्थ्यको आधारमा संरचनात्मक व्यवस्था गर्नु पर्दछ। सिपयुक्त दक्ष कर्मचारीको नियुक्ति हुनुपर्ने देखिन्छ। कर्णाली प्रदेश सरकारले गर्नुपर्ने सेवा र कार्यहरूको प्राथमिकीकरण गरी वार्षिक नीति तथा कार्यक्रमको माध्यमबाट बजेटको व्यवस्था गरी अगाडि बढ्नुपर्ने देखिन्छ। यसो गर्न सकिएमा हरेक संरचनालाई निर्दिष्ट उद्देश्य र जिम्मेवारीमा जवाफदेही बनाउन सकिन्छ। योजना बैङ्कबाट योजना छनोट, वार्षिक योजना, खरिद गुरुयोजना

तथा वार्षिक खरिद योजना, आवधिक अनुगमन तथा मूल्याङ्कन र खर्च गर्न सक्ने क्षमताको विकास गरी कार्यान्वयन गरिएमा सबै तहमा जवाफदेहिताको असल संस्कार सुरु हुन सक्दछ।

**मितव्ययिताको सिद्धान्त**

सार्वजनिक स्रोतहरूको उचित विनियोजन, वितरण र कार्यान्वयनका लागि प्रभावकारी चुस्त संरचना र सिपयुक्त कर्मचारीहरूको अहम भूमिका हुने गर्दछ। प्रविधिको प्रयोगका साथसाथै हिजोका दिनहरूमा हुने कार्यसम्पादन भन्दा आजका दिनमा हुने कार्यसम्पादन मितव्ययी र प्रभावकारी हुनुपर्ने देखिन्छ। उदाहरणका लागि आज नियुक्ति हुने हरेक कर्मचारीमा कम्प्युटरको सिपलाई अनिवार्य गरिएमा टाइपराइटर वा कम्प्युटर कर्मचारीको आवश्यकता नपरी त्यही भित्रका विशिष्टिकृत जस्तैः AI, Machine Learning जस्ता कार्यका लागि कर्मचारी नियुक्ति हुन सक्दछन्। अहिलेको जेन्जीको युगमा हामीले हाम्रा संरचनाहरू र हाम्रो कर्मचारी प्रशासनलाई प्रविधि मैत्री बनाउन सक्ने प्रशस्त आधार छन्। प्राविधिक मन्त्रालय अथवा कार्यालयहरूमा प्रशासनिक र प्राविधिक कर्मचारीहरूको अनुपात कस्तो गर्ने भन्ने सैद्धान्तिक आधार लिनुपर्दछ। सामान्यतया हेर्दा प्राविधिक कार्यालयहरूमा प्राविधिकहरू ७० प्रतिशत र प्रशासनिक र सहयोग क्षेत्रका ३० प्रतिशत कर्मचारी राख्न सकिएमा मितव्ययी संरचना तयार हुन सक्दछ। अधिकृत र अधिकृतमुनिका कर्मचारीको पनि संरचनाका आधारमा अनुपातहरू निर्धारण गरिनु पर्दछ। विशिष्टकृत मन्त्रालय जस्तैः विषयगत मन्त्रालयमा क्रमशः अधिकृत वा सोभन्दामाथिका कर्मचारीहरूको नियुक्ति र व्यवस्थापन गर्न सकिएमा मितव्ययिता कायम गर्न सकिन्छ। विभिन्न सेवाहरू जस्तैः सुरक्षा, सरसफाई र बगैंचा व्यवस्थापन लगायतका कार्यहरूलाई आफ्नै कर्मचारी नियुक्ति गरी व्यवस्थापन गर्नुभन्दा तेस्रो पक्षबाट सेवा लिन सकिएमा सार्वजनिक स्रोतको मितव्ययी रुपमा प्रयोग हुनसक्ने देखिन्छ। सहयोगी कर्मचारी हेभी वा हलुका सवारी चालक, पाले तथा पहरेदार र कार्यालय सहयोगी कर्मचारी सेवा करारमा लिएमा सरकारको दीर्घकालिन दायित्व कम पर्ने र कार्यदक्षतामा सुधार आउँदछ। साथै कुनै विशिष्ट प्रकृतिको आयोजनाको लागि आयोजना अवधिका लागि आवश्यक विज्ञ कर्मचारी राख्ने र आयोजनाको समाप्ति पछि सेवाबाट हटाउने नीति लिन सान्दर्भिक हुन्छ। यसका लागि नियुक्ति सम्बन्धी मापदण्ड तय गर्नु पर्दछ। यस पृष्ठभूमिमा कर्णाली प्रदेश सरकारले सार्वजनिक खर्च व्यवस्थित गर्न मितव्ययिताको सिद्धान्त लागू गर्नुपर्ने हुन्छ।

**सहकार्यको सिद्धान्त**

नेपालको संविधानले तिन तहका सरकारले गर्नुपर्ने साझा अधिकारको सूची निर्दिष्ट गरेको छ। सो अनुसारका तयार गरिएका कानुनी आधारहरूले पनि तीनै तहका सरकारलाई सहकार्यताको सिद्धान्त अवलम्बन गरी अगाडि बढ्न मार्ग प्रशस्त गरेका छन्। कर्णाली प्रदेश सरकारले आफ्नो संरचनात्मक व्यवस्था र कर्मचारीहरूको व्यवस्थापन गर्दा सङ्घ र स्थानीय तहसँग गर्न सकिने सहकार्यको सूची बनाई अगाडि बढ्नुपर्ने देखिन्छ। स्थानीय सरकारको अधिकारभित्र रहेका र

प्रदेश सरकारले आवश्यक ठानेका कार्यक्रम र गतिविधिहरूलाई स्थानीय सरकारकै संरचनात्मक व्यवस्था र कर्मचारी व्यवस्थाबाट कार्यान्वयन गर्न सक्ने प्रशस्त आधारहरू छन्। यसैगरी सङ्घ सरकार अन्तर्गतका संरचनासँग सहकार्य गरी कार्यान्वयन गर्न सकिने विभिन्न कार्यक्रम र गतिविधिहरू छन्। यसका लागि दुवै तहका सरकारसँग छलफल गरी नीतिगत निर्णय लिई अगाडि बढ्न सकिएमा हालको संरचना र कर्मचारी व्यवस्थापनमा प्रभावकारिता ल्याउन सकिन्छ। जनताका सबै आवश्यकताहरूलाई पुँजी अथवा बजेटको आवश्यकता नपर्न सक्छ। यस्ता कार्यहरू कर्णाली प्रदेशभित्रका सामाजिक सङ्घसंस्थाहरू र निजी क्षेत्रहरूसँग सहकार्य गरेर पनि अगाडि बढ्न सकिन्छ। यस अन्तर्गत अगाडि बढ्नका लागि सरकारी-निजी-सामुदायिक सहकार्यका खाका बनाई कार्यान्वयन गर्न सकिएमा वित्तीय र राजनीतिक सङ्घीयतालाई सबल बनाउन सकिन्छ। यस्ता कार्यका लागि प्रदेश सरकारले छुट्टै संरचना र कर्मचारी व्यवस्थापन गर्नुपर्ने आवश्यकता पर्दैन। अर्थतन्त्रको आधार, सम्भाव्य आर्थिक क्रियाकलापको विस्तारको अवस्था, विकास र मानव विकास सूचकाङ्कमा कर्णाली प्रदेश अन्य प्रदेशको तुलनामा पछाडि रहेकोले सङ्घ सरकारबाट यस प्रदेशलाई अन्य प्रदेशहरूसँग समान हैसियतमा पुग्नको लागि विशेष अनुदान बढी दिने र प्रदेशले लिन सक्ने क्षमताको विकास राख्नु पर्दछ। विशेष प्रकृतिको भू-बनोट र छरिएर रहेको बस्तीको कारण प्रदेशका सेवा र कार्य गर्न थप लागत समेत लाग्ने हुँदा सङ्घ सरकारबाट वितरण गर्ने राजस्व बाँडफाँटमा विशेष सूत्रको थप व्यवस्था (सरचार्ज) को आधारमा गर्नु पर्ने हुन्छ। वित्तीय समानीकरण अनुदानमा पनि विकासको लागत परिपूरण हुने गरी अनुदान वितरणको आधार तयार गर्नु पर्ने हुन्छ। साथै समपूरक अनुदानको हकमा यस प्रदेशको स्रोतको आधारमा यस प्रदेशको योगदानलाई विशेष छुट दिन जरुरी देखिन्छ। साथै ससर्त अनुदानको वितरण गर्दा यस प्रदेशको सेवा र कार्य गर्न लाग्ने लागत दरको गणनाको मापदण्डको आधारमा स्रोतको विनियोजन गर्न जरुरी देखिन्छ। यसका साथै यस प्रदेशको विकासका लागि अन्य प्रदेशहरू र स्थानीय तहबाट समेत अन्तरप्रदेश तथा अन्तर स्थानीय तहका सहलगानीका अवधारणा लिनु पर्ने हुन्छ। साथै यस प्रदेशले लिने आन्तरिक ऋण तथा बाह्य ऋण पनि सहुलियत दरमा लिने गरी वित्तीय प्रणालीको विकास गर्नु पर्ने हुन्छ। यस प्रदेशमा आउने निजी लगानीलाई प्रोत्साहन गर्न सङ्घ, प्रदेश र स्थानीय तहबाट थप वित्तीय उत्प्रेरणाका नीतिहरूको समेत आवश्यक  देखिन्छ।

# परिच्छेद- २

## प्रादेशिक आर्थिक तथा सामाजिक स्थिति र प्रदेश वित्त

### *२.१ प्रदेशको आर्थिक तथा सामाजिक स्थिति*

आर्थिक वर्ष २०८१।८२ मा नेपालको अर्थतन्त्रको आकार उपभोक्ताको मूल्यमा रू. ६१ खर्ब ७ अर्ब हुने अनुमान रहेको छ। यो अर्थतन्त्रको आकारमा सबै प्रदेश भन्दा कम कर्णाली प्रदेशले ४.१९ प्रतिशत अर्थात् यस प्रदेशको अर्थतन्त्रको आकार रू.२ खर्ब ५६ अर्ब रहेको छ। राष्ट्रिय अर्थतन्त्रमा अन्य प्रदेशको तुलनामा यस प्रदेशको योगदान निकै कम नै रहेको देखिन्छ। आर्थिक वर्ष २०८०।८१ मा रू. २ खर्ब ४५ अर्ब रहने संशोधित अनुमान रहेको थियो। यो वर्ष यस प्रदेशको अर्थतन्त्र रू. ११ अर्बले मात्र विस्तार भएको छ। अर्थतन्त्र आर्थिक वर्ष २०७९।८० मा प्रादेशिक कुल ग्रार्हस्थ्य उत्पादन वृद्धिदर २.१४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१।८२ मा ४.७४ प्रतिशत रहने अनुमान छ। यस प्रदेशको आर्थिक विस्तार पछिल्ला वर्षमा बढीरहेको देखिन्छ। यस प्रदेशको अर्थतन्त्रमा योगदान हेर्दा कृषि, वन तथा मत्स्यको ३१.५० प्रतिशत रहने र सबै भन्दा न्यून योगदान खानी तथा उत्खननको ०.१७ प्रतिशत रहने अनुमान छ। प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको मधेश प्रदेश भन्दा बढी रहेको भएता पनि आर्थिक वर्ष २०८१।८२ मा अमेरिक डलरमा १०८९ रहेको छ। नेपाल जीवनस्तर सर्वेक्षण चौथोको अनुसार कर्णाली प्रदेशमा २६.६९ प्रतिशत गरिबीको दर रहेको छ। अति न्यून परिवारको सङ्ख्या ५१ प्रतिशतको हारहारीमा रहेको छ। यो राष्ट्रियस्तरको गरिबीको दर भन्दा बढी हो। यो प्रदेश सुदूरपश्चिम पछि बढी गरिबी रहेको प्रदेशमा रहेको छ। कर्णाली प्रदेशको समृद्धिको आधारमा जल, जमिन, पर्यटन, जडिबुटी, भेषभुषा, भाषा र संस्कृति मुख्य केन्द्रबिन्दु हुन्।

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस प्रदेशले कूल राष्ट्रिय क्षेत्रफलमा १९.०१ प्रतिशत हिस्सा ओगटेको छ। यस प्रदेशको कूल जनसङ्ख्या १६,८८,४१२ रहेकोमा महिलाको जनसङ्ख्यामा ५१.२१ प्रतिशत र पुरुषको जनसङ्ख्या ४८.७९ प्रतिशतले रहेको छ। यस प्रदेशको जनघन्तव ६० वर्ग किलोमिटर रहेको छ। यस प्रदेशमा ३ लाख ६६ हजार २५५ परिवार सङ्ख्या रही राष्ट्रिय परिवार सङ्ख्याको अनुपातमा कम परिवार सङ्ख्या रहेको छ। साथै यस प्रदेशमा ६७.९३ प्रतिशत पुरुष परिवारमूली र ३२.८९ महिला परिवारमूली परिवार रहेको छ। यस प्रदेशमा ९४ हजार ३२० जना अक्सर विदेशमा बसोवास गर्ने रहेका छन्। यस प्रदेशमा ८३ प्रतिशत घरहरू माटो जडित ईट्टा ढुङ्गामा आधारित रहेका छन्। अझै पनि आधा घर परिवारमा बिजुली पुग्न नसकेको अवस्था रहेको छ। साथै ३४ प्रतिशत परिवारले साधारण शौचालयको प्रयोग गर्दछन्। सम्पत्तिमाथि महिलाको स्वामित्व २५ प्रतिशत भन्दा पनि कममा रहेको छ।

*(स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालयका विभिन्न समयका प्रतिवेदनहरू)*

### *२.२ प्रादेशिक वित्तको अवस्था*

प्रदेश अर्थतन्त्रको सुदृढीकरण, वित्तीय सुशासन, राजस्व तथा स्रोत परिचालनमा सुधार र लगानी प्रवर्द्धन, सहज पहुँच तथा पूर्वाधार विकास र अन्तर-आबद्धता, गरीबी न्यूनीकरण र सामाजिक न्याय, शैक्षिक तथा स्वास्थ्य सेवामा सुधार, उत्पादन उत्पादकत्व र रोजगारी प्रवर्द्धन, वातावरणीय सन्तुलन, विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशीलता, सुशासन र सेवा प्रवाह लगायत प्रदेश विकास तथा संरचनात्मक रुपान्तरण गर्ने कर्णाली प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाको मुख्य रणनीति रहेको छ। प्रादेशिक वित्त व्यवस्थापनको सञ्चालन र व्यवस्थापनको लागि देहायका नीतिगत तथा कानुनी व्यवस्था र प्रणालीको विकास भएका छन्।

- क) दोस्रो पञ्चवर्षीय योजना २०८१/८२-२०८५/८६
- ख) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१
- ग) मध्यमकालीन खर्च संरचना २०८१/८२-२०८३/८४
- घ) ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२
- ङ) आयोजना प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१
- च) आयोजना बैङ्क (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१
- छ) वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०८१
- ज) आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१

प्रादेशिक वित्त प्रणालीका अवयवहरूको रुपमा यस प्रदेशमा संविधानतः प्राप्त गर्ने अनुदानहरू र राजस्वको अधिकारमा निर्भर रहेको छ। प्रदेशमा रहेको कमजोर आर्थिक क्रियाकलापले गर्दा आन्तरिक आय अत्यन्त कमजोर रहेको छ। प्रदेशका वित्त स्रोतहरूको परिचालन देहायको चित्र अनुसार रहेको छ।

**चित्र १ः  कर्णाली प्रदेश सरकारका आम्दानीका स्रोतहरू**




कर्णाली प्रदेश सरकारका आन्तरिक र बाह्य गरी ९ वटा विभिन्न आयस्रोत रहेका छन्। अझै पनि प्रमुख आय स्रोत वित्तीय समानीकरण र राजस्व हस्तान्तरण रहेको छ। धेरैजसो मन्त्रालयमा ससर्त अनुदान प्रमुख रहेको रहेको छ। प्रदेश स्थापनाको सात वर्षमा हासिल गरिएका उपलब्धि मानव स्रोतको व्यवस्था र क्षमता वृद्धिलाई ध्यानमा राख्दै ससर्त अनुदानलाई क्रमशः घटाउँदै वित्तीय समानीकरण अनुदानमा वृद्धि गर्नु पर्ने देखिन्छ। यसो गर्दा प्रदेश सरकारले आफ्ना आवश्यकताका आधारमा स्रोत बाँडफाँट गर्नसक्ने बलियो आधार तयार हुन्छ।

प्रदेशको समग्र विकासका लागि आन्तरिक राजस्वको महत्त्वपूर्ण भूमिका रहन्छ। प्रदेश सरकारले आफ्नो सामर्थ्यलाई वृद्धि गर्दै आन्तरिक राजस्वमा क्रमशः वृद्धि गर्नुपर्ने देखिन्छ। सार्वजनिक खर्च प्रणालीमा सुधार र उच्चप्रतिफल दिने क्षेत्रका सेवा र कार्यमा प्रदेशको लगानी बढाउनु पर्दछ। चालु खर्चभित्रको उपभोग र कार्यालय सञ्चालन खर्चलाई वाञ्छित सीमाभित्र राखिनु पर्दछ।

चित्र २ मा प्रदेश सरकारका कोष प्रवाह प्रस्तुत गरिएको छ। यसले सङ्घ प्रदेश र स्थानीय तहमा प्रभाव हुने विभिन्न प्रकारका कोषहरू को चित्र प्रस्तुत गरेको छ। यस अनुसार प्राप्त हुने प्रमुख कोषहरूलाई ध्यान दिँदै कर्मचारी संरचनाको विकास गर्न सकिएमा आन्तरिक कोषको वृद्धि र ससर्त अनुदानलाई क्रमशः घटाउन सक्ने देखिन्छ।

### चित्र २: प्रदेश सरकारको कोष प्रवाह




प्रदेश सरकारको स्थापना भए पछि प्रदेश सरकारले प्रदेश वित्तको रुपमा देहायको स्रोतहरूको विनियोजन, प्राप्ति र खर्चको अवस्था सन्तोषजनक देखिँदैन। सङ्घ सरकारको विनियोजन अकुशलताको मार क्रमशः प्रदेश सरकारहरू पर्ने देखिन थालेको छ। ठुलो आकारको बजेट विनियोजन र स्रोतको प्रक्षेपण गर्ने तर निकासा वा हस्तान्तरण सो अनुरुप हुन नसक्दा प्रदेशको विकास वित्त परिचालन कमजोर हुने अवस्था देखिन्छ। यसलाई तलको चित्रमा प्रस्तुत गरिएको छ।

यसरी हेर्दा खेरी प्रदेश सरकारको प्रमुख स्रोत भनेको सङ्घ सरकारबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँट रहेको छ। आफ्नै आयस्रोत अत्यन्त न्यून देखिन्छ। विभिन्न आर्थिक वर्षको को विश्लेषण गर्दा आफ्नो आन्तरिक स्रोत मा खासै उल्लेख्य प्रगति हुन सकेको देखिँदैन। सङ्घबाट हस्तान्तरण हुने राजस्वको स्रोतको विन्यासमा आर्थिक तथा सामाजिक विकासका सूचक कमजोर भएका प्रदेशलाई अतिरिक्त सरचार्ज राखेर राजस्व बाँडफाँट हुन सकेको छैन्।

**चित्र ३: स्रोतगत विवरण**




**(स्रोतः कर्णाली प्रदेश बजेट पुस्तिका)**

चित्र ४ मा सङ्घबाट प्राप्त हुने स्रोतहरू को विवरण प्रस्तुत गरिएको छ। विभिन्न आर्थिक वर्षको विश्लेषण गर्दा समानीकरण कोषमा सानो क्रमशः वृद्धि हुँदै गएको देखिन्छ। सङ्घीयता कार्यान्वयनसँगसँगै प्रदेशको क्षमता वृद्धि भई ससर्त अनुदान घट्नुपर्ने सैद्धान्तिक मान्यताबाट हेर्दा कर्णाली प्रदेशमा ससर्त अनुदान घटेको पाइँदैन। विभिन्न आर्थिक वर्षको को तथ्यहरूलाई हेर्दा खेरि कर्णाली प्रदेशमा विशेष अनुदान र समपूररक अनुदान न्यून मात्रामा प्राप्त भएको पाइन्छ। यसले प्रदेशको समग्र कमजोर सामर्थ्यलाई जनाउँदछ। साथै सङ्घबाट प्राप्त हुने विशेष अनुदान विकासको अवस्था र मानव विकास सूचकाङ्कको आधारमा वितरण गर्दा यस प्रदेशले बढी पाउनु पर्ने हुन्छ। समपूरक अनुदान पनि यो प्रदेशको आन्तरिक आय निकै कमि भएकोले यो प्रदेशले व्यहोरिने लगानीभार केहि समय सम्मको लागि डिस्काउन्ट गर्नु पर्ने गरी यी दुवै अनुदान वितरणको राष्ट्रिय वित्त नीतिको खाकामा परिमार्जन गराउन पहल गर्नु पर्दछ।

**चित्र ४: सङ्घबाट प्राप्त हुने स्रोतहरूको विवरण**




(स्रोतः कर्णाली प्रदेश बजेट पुस्तिका)

आर्थिक सङ्केत अनुसार बजेट तथा खर्चको विश्लेषण गर्दा प्रदेशको पुँजीगत खर्च पनि अत्यन्त कमजोर देखिन्छ। बजेटको विनियोजन र सञ्चालन कुशलतामा अपेक्षित सुधार हुन नसक्दा र आयोजना सुशासन तथा व्यवस्थापनमा समेत सुधार नहुँदा पुँजी निर्माणको खर्च कमजोर देखिन्छ। यसको आधार तलको विवरणबाट देखिन्छ। यस्तो अवस्था आउनुमा स-साना योजना छनोटको समस्या, छनोट तथा कार्यान्वयनमा ढिलाई, सबै निकायले खर्च गर्नु पर्दछ र पाउनु पर्दछ भन्ने मान्यता, विशेष तथा समपुरक अनुदानका क्रियाकलापमा कम खर्च हुँदा नोक्सानी, सङ्घीय तथा स्थानीय तहमा समन्वयको समस्या, गैरबजेटरी इकाईहरूका बजेट खर्च एकीकृत नहुने, गैर सरकारी संस्थाहरूको क्रियाकलापबारे अभिलेख नभएको र अन्य सरकारहरूबाट सोझै कार्यान्वयन हुने क्रियाकलापको अभिलेख प्रयोग नभएकोले प्रदेशको समग्र खर्च कमजोर हुन गएको छ। यसलाई तलको चित्रमा प्रस्तुत गरिएको छ।

**चित्र ५: पुँजीगत खर्च विवरण**




| | 2023/24 | 2022/23 | 2021/22 | 2020/21 |
|---|---|---|---|---|
| गैर आवासीय भवन निर्माण/खरीद | 1,752,608 | 1,566,615 | 2,017,728 | 1,584,940 |
| सडक तथा पुल निर्माण | 4,309,919 | 4,698,987 | 4,713,552 | 5,379,133 |
| विद्युत संरचना निर्माण | 132,894 | 185,617 | 670,748 | 496,006 |
| तटबन्ध तथा बाँध निर्माण | 492,803 | 702,501 | 832,868 | 762,365 |
| सिंचाई संरचना निर्माण | 1,215,992 | 1,652,633 | 1,937,809 | 2,174,625 |
| खानेपानी संरचना निर्माण | 665,761 | 1,359,647 | 1,827,918 | 1,451,994 |
| अन्य सार्वजनिक निर्माण | 1,109,945 | 1,343,667 | 1,235,239 | 1,335,296 |

(**स्रोत**: कर्णाली प्रदेश बजेट पुस्तिका)

प्रादेशिक वित्तको संरचनामा अझै पनि अन्तरसरकारी वित्त हस्तान्तरणको कार्यजिम्मेवारीका आधारमा नहुनु,अन्तरसरकारी समन्वय, खर्चमा दोहोरोपना, सोझै कार्यान्वयनको समस्या, सूचना आदान प्रदान, तथ्याङ्कको एकिकृत प्रणालीको आवश्यकता, अन्तरसरकारी वित्त हस्तान्तरण,

राजस्व बाँडफाँटमा समस्या, ससर्त अनुदानको बाहुल्यता, तथ्यमा आधारित योजना तर्जुमा, सम्भाव्यता अध्ययन र स्रोत सुनिश्चितता बेगर योजना छनोट तथा बजेट विनियोजन, ससाना योजना स्थानीय तहलाई हस्तान्तरण, कार्यक्रम संशोधन तथा बजेट संशोधन विधि र राजस्व सुधार कार्य योजनाको तर्जुमा र कार्यान्वयन हुन नसक्नुले राष्ट्रिय वित्त र प्रादेशिक वित्तमा सुधार हुन सकेको छैन।

### *२.३ प्रदेश वित्तमा प्रशासनिक खर्चको विश्लेषण*

आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन उत्पादन मूल्यमा रू. २ खर्ब ५६ अर्ब रहेको थियो। गत आर्थिक वर्षमा यो रकम रू. २ खर्ब ४५ अर्ब आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर उत्पादन मूल्यमा ४.७४ प्रतिशत रहने अनुमान गरिएको छ। प्रदेशको सार्वजनिक वित्तको अवस्था तल तालिकामा उल्लेख गरिएको छ। प्रदेशको कुल बजेट आर्थिक वर्ष २०७८/७९ देखि घट्दै गाएको छ। सङ्घ र प्रदेशबाट प्राप्त हुने राजस्व हस्तान्तरणको रकम पनि घट्दै गएको छ। प्रदेशले घट्दो राजस्व र हस्तान्तरित र न्यून आन्तरिक आयसँग वित्त सन्तुलन मिलाउन सार्वजनिक खर्चको विवेकीकरण गर्नु जरूरी छ।

**कूल राजस्वमा प्रशासनिक खर्चको स्थिति**

| | | | | | | (रू. हजारमा ) | |
|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | कूल बजेट | आन्तरिक आय | राजस्व हस्तान्तरण | कूल राजस्व | प्रशासनिक खर्चको विनियोजन | बजेटमा प्रतिशतमा | दुवै राजस्वमा प्रतिशतमा |
| २०७६/७७ | ३४३३३४२५ | २३४४७४ | ५०७२७४५ | ५३०७२१९ | ४०११३४२ | १२ | ७६ |
| २०७७/७८ | ३३७४१३५३ | ४६५२६१ | ७६६२९०० | ८१२८१६१ | ३८९७८९९ | १२ | ४८ |
| २०७८/७९ | ३६५४६६३६ | ५३५३८६ | ७९७३०३६ | ८५०८४२२ | ४०३१४९६ | ११ | ४७ |
| २०७९/८० | ३२६१६१६३ | ४१४८७२ | ६५१८६७९ | ६९३३५५१ | ४०९६४३२ | १३ | ५९ |
| २०८०/८१ | ३३३७९७०७ | ५०४७८४ | ७४९५८७१ | ८०००६५५ | ४१७८१७४ | १३ | ५२ |
| २०८१/८२ | ३१४१००४१ | ५११००८ | ६५०८२७८ | ६५५९३७८ | ४०१६८०७ | १३ | ६१ |

१. कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमा प्रतिफलयुक्त गुणस्तरीय पूर्वाधार निर्माणमा लगानी विस्तार,; नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन, उत्पादन तथा रोजगारी, कृषि, उद्योग, पर्यटन, सूचना प्रविधिको विकास; मानव पुंजी निर्माण, समावेशी र सन्तुलित विकास; जनमुखी सेवा, सदाचार प्रवर्द्धन, शासकीय सुधारलाई उच्च प्राथमिकतामा राखेको छ। प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ३२ अर्ब ९९ करोड ९६ लाख ५५ हजार विनियोजन गेरको छ।

| आर्थिक वर्ष | बजेट | बजेट वृद्धि |
| --- | --- | --- |
| २०७६/७७ | ३४३३३४२५ | |
| २०७७/७८ | ३३७४१३५३ | -१.७२% |
| २०७८/७९ | ३६५४६६३६ | ८.३१% |
| २०७९/८० | ३२६१६१६३ | -१०.७५% |
| २०८०/८१ | ३३३७९७०७ | २.३४% |
| २०८१/८२ | ३१४१००४१ | -५.९०% |
| २०८२/८३ | ३२९९६६५५ | ५.०५% |




२. प्रदेश सरकारको कुल बजेटको आकार घट्दै गएको छ। प्रदेशको बजेटको प्रवृत्ति (Trend) विश्लेषण गर्दा प्रदेश सरकारको बजेटको कुल आकार उल्लेखनीय रूपमा वृद्धि हुन सक्ने देखिँदैन। प्रदेशमा करिब २५०० दरबन्दी आवश्यक पर्ने देखिन्छ। यी पदहरू पूर्ति भएपछि केही प्रदेशको प्रशासनिक खर्च वृद्धि हुन जानेछ। प्रदेशको प्रशासनिक खर्च २.५ प्रतिशतले वृद्धि हुँदा देहाय बमोजिमको अवस्था आउने गर्छ। प्रदेशको प्रशासनिक खर्च कुल बजेटको करिब १३ प्रतिशत रहेको। चालु आर्थिक वर्षमा प्रशासनिक खर्चलाई रू. ४

अर्ब १ करोड ६८ लाख ७ हजार विनियोजन गरिएको छ। चालु आर्थिक वर्षको कुल बजेट रू. ३१ अर्ब ४१ करोड ४१ हजार रहेको छ।

३. प्रशासनिक खर्चको Vensim simulation software को stock and flow simulation model अन्तर्गत euler algorithm प्रयोग गरी आर्थिक वर्ष २०८१/८२ को प्रशासनिक खर्चको विनियोजन रकमको २.५ प्रतिशतको वृद्धिले लाई आधार मानी दस वर्षको प्रक्षेपण गर्दा आथिक वर्ष २०९१/९२ मा रू. ५ अर्ब १४ करोड ८५ लाख पुग्ने देखिन्छ। यसमा सालवसाली रूपमा कर्मचारीको वृद्धि हुने तलब र अवकाश भुक्तानी लगायतका पेन्सन रकमहरू समावेश गरिएको छैन। टेबल नं. ३ प्रशासनिक खर्चको प्रक्षेपण

| आर्थिक वर्ष | Projection |
|---|---|
| २०८१/८२ | ४०१६८१०००० |
| २०८२/८३ | ४११७२३०००० |
| २०८३/८४ | ४२२०१६०००० |
| २०८४/८५ | ४३२५६६०००० |
| २०८५/८६ | ४४३३८००००० |
| २०८६/८७ | ४५४४६५०००० |
| २०८७/८८ | ४६५८२६०००० |
| २०८८/८९ | ४७७४७२०००० |
| २०८९/९० | ४८९४०९०००० |
| २०९०/९१ | ५०१६४४०००० |
| २०९१/९२ | ५१४९१८५०००० |






४. यो समावेश गर्दा प्रशासनिक खर्च रकममा उल्लेख्य वृद्धि हुने देखिन्छ। यो मोडलबाट प्रक्षेपित गरिएको आधारमा प्रदेशको खर्च बहन गर्ने क्षमता घट्दै जाने र विकास खर्च कटौति हुने देखिन्छ। प्रादेशिक वित्तलाई पुँजीगत खर्चमा वृद्धि गर्नका लागि वर्तमान कर्मचारीको संरचनालाई उपयुक्त आकारमा ल्याउनुपर्ने छ।

## परिच्छेद- ३

## प्रदेशको साङ्गठनिक अवस्था र विश्लेषण

### *३.१ कर्णाली प्रदेश सरकारको कार्य जिम्मेवारीको सारांश*

सङ्घीयताको कार्यान्वयन प्रारम्भिक चरणमा सङ्घ, प्रदेश र स्थानीय तहबीचमा राज्यशक्तिको बाँडफाँट र कार्यजिम्मेवारी संविधानबाट नै निर्धारित गरिएको छ। प्रदेश सरकारबाट सम्पादित गर्नु पर्ने कार्य जिम्मेवारी अनुसूची ६, ७ र ९ मा उल्लेख गरिएको छ। संविधानका अनुसूचीमा कार्यक्षेत्र विभाजित भएता पनि कार्यक्षेत्रको विस्तृतीकरणबाट थप स्पष्ट हुँदै गएका छन्। प्रदेशका एकल अधिकार भित्र घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना, प्रदेशस्तरको विद्युत, सिँचाइ र खानेपानी सेवा, प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय स्वास्थ्य सेवा, प्रदेशभित्रको व्यापार, प्रदेश लोकमार्ग, भूमि व्यवस्थापन, जग्गाको अभिलेख, भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग, प्रदेश भित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन र कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय यातायात जस्ता कार्यहरू प्रदेशको एकल अधिकारको रुपमा रहेका छन्। एकल अधिकारका २१ वटा काम रहेका छन् भने दुवै सरकारसँगको साझा अधिकारमा करिब ४० क्षेत्रमा रहे तापनि धेरै दोहोरिएका छन्। साझा अधिकारका कार्यजिम्मेवारी कानुन बनाएर स्रोत सहित हस्तान्तरण हुनु पर्नेमा अझै पनि सङ्घबाट हुँदै आएका छन्। केही एकल अधिकारका कामहरू पनि सङ्घीयता पछि पनि स्रोत सहित हस्तान्तरण हुन सकेका छैनन्। प्रदेश सरकार नयाँ सरकार भएकोले प्रशासनिक चुस्तता कायम हुने गरी प्रादेशिक संरचना बनाउन आवश्यक देखिन्छ। प्रदेशको मुख्यतया पूर्वाधार विकास, उत्पादन र उत्पादकत्वमा सुधार, प्राकृतिक स्रोतको व्यवस्थापन र दिगो उपयोग, जनस्वास्थ्यको उपचार प्रणालीको विशिष्टिकरण र गुणस्तरको सुनिश्चितता सहितको पहुँच अभिवृद्धि गर्ने कार्य गर्दछ। साना तथा मझौला प्रकृतिका व्यवसायहरूको विस्तार गरी आर्थिक क्रियाकलापको विस्तार मार्फत प्रादेशिक अर्थतन्त्र र प्रदेश वित्तको सुदृढीकरण गर्न सक्दछ। रोजगारीका थप अवसरहरूको सिर्जना गर्ने कार्यलाई उच्च महत्त्वका साथ प्राथमिकता दिएको देखिन्छ। प्रदेशभित्रबाट दिने सार्वजनिक सेवामा सुधार गरी नागरिकको मन जित्ने र यो संरचनालाई बढी कार्यमूलक बनाउनु पर्ने हुन्छ। प्रदेशमा हाल ८ वटा मन्त्रालय यस अन्तर्गत १३३ वटा निकायहरूको संरचनाको अध्ययन सञ्चालनमा रहेका छन्। यसका साथै प्रदेशसभा र प्रदेश लोकसेवा आयोग समेत रहेका छन्। प्रदेशले संविधान र सङ्घीय कानुनसँग नबाझिने गरी कानुन बनाउन पाउँदछ। प्रदेशभित्रका स्थानीय तहसँगको समन्वय गरी विकासका कार्यमा थप सहकार्य र समन्वय समेत गर्न सक्दछ। प्रदेशमा कार्यापालिकाको रुपमा प्रदेश सरकार र व्यवस्थापिकाको कार्य गर्न प्रदेश सभा रहेको छ। प्रदेश सरकारले सरकारको कार्यविभाजन नियमावली, २०७४ संशोधन सहित यी कामहरूलाई माथि

परिच्छेद-१ मा उल्लेख भएका ८ वटा मन्त्रालयमा विभाजन गरी प्रादेशिक शासन प्रणालीको अभ्यास गर्दै आएको छ।

### *३.२ प्रदेशको सङ्गठनात्मक संरचना सम्बन्धमा संवैधानिक तथा कानुनी व्यवस्था*

संविधानको धारा २८५ मा प्रदेश मन्त्रिपरिषद्ले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानुन बमोजिम विभिन्न सरकारी सेवाको गठन र सञ्चालन गर्न सक्ने प्रावधान रहेको छ। धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोकसेवा आयोग हुने र यसको काम, कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुनेछ।सङ्घीय संसदले कानुन बनाई आधार र मापदण्ड निर्धारण गर्नेछ भन्ने प्रावधान अनुसार सङ्घीय संसदले प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ तर्जुमा गरी कानुन कार्यान्वनमा आइसकेको छ। संविधानको धारा १६८ को उपधारा (९) मा प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम मुख्यमन्त्री सहित प्रदेश सभाका कुल सदस्य सङ्ख्याको बीस प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्न सक्ने व्यवस्था छ। यस प्रावधानलाई टेकी प्रदेश सरकाले प्रदेश सभाका कुल ४० सदस्यका २० प्रतिशतले हुने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित ८ वटा मन्त्रालय गठन गरेको छ।

सङ्घीय संसदले निर्माण गरेको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ ले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा, स्थानीय निकायको सङगठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनोट गर्ने जिम्मेवारी प्रदेश लोक सेवा आयोगलाई प्रदान गरेको छ। कर्णाली प्रदेशले कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० पारित गरी कार्यान्वयनमा ल्याएको छ। यी कानुनहरूले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका विस्तृत आधारहरू तोकेको छ। प्रदेश निजामती सेवा ऐनले ११ तह सम्मका विभिन्न ९ सेवाहरू गठन गरेको छ।

### *३.३ प्रदेशको सङ्गठनात्मक संरचनाको व्यवस्था*

सङ्घीयता कार्यान्वयनको चरणमा सङ्घबाट ११३१ कर्मचारीको दरबन्दी सहित समायोजन भएको देखिन्छ। कर्णाली प्रदेश सरकारको सेवा कार्यको लागि हाल २९५५ दरबन्दी रहेकोमा करिब ४५ प्रतिशत दरबन्दी पूर्ति भई अरु दरबन्दी रिक्त नै रहेको पछिल्लो अध्ययन प्रतिवेदनबाट देखिन्छ। कर्णाली प्रदेश सरकारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सातवटा मन्त्रालय र चार वटा विभिन्न निकायहरू रहेका छन्। मन्त्रालयगत निकायहरूको सबै जिल्लामा डिभिजन कार्यालय रहेको देखिन्छ। दरबन्दीको सारांश विवरण तल रहेको छ। स्वीकृत दरबन्दी मध्ये समायोजन भएको सङ्ख्या ११३१, प्रदेश लोक सेवा

आयोगबाट नयाँ सिफारिस सङ्ख्या ४५७ र खुद रिक्त सङ्ख्या ७६२ रहेको छ। खुद रिक्त पद मध्ये नेपाल सरकारबाट कामकाजमा आएको सङ्ख्या १५३ र करारबाट पदपूर्ति सङ्ख्या ५४१ भए पनि हाल ७२९ पदहरू रिक्त नै रहेका छन्।

| क्र.सं. | मन्त्रालय | स्वीकृत दरबन्दी | समायोजन बाट पदपूर्ति | प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति | कामकाजबाट पदपूर्ति | करार सेवाबाट पदपूर्ति | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | ३४ | ९ | ३ | ६ | ६ | १० |
| २ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १० | २ | १ | ५ | ३ | -१ |
| ३ | प्रदेश लोक सेवा आयोग | ४५ | १५ | २ | ९ | ८ | ११ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६३ | २१ | ८ | १० | १८ | ६ |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ९१ | ३५ | १२ | ७ | २२ | १५ |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७४९ | ३३४ | १३० | १७ | ८७ | १८१ |
| ७ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | २२२ | ७६ | ४० | ७ | ३८ | ६१ |
| ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३६२ | १७७ | ४५ | १५ | ५६ | ६९ |
| ९ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३८ | ७ | ९ | ५ | १० | ७ |
| १० | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | १८९ | ६४ | ३९ | १७ | ४८ | २१ |
| ११ | सामाजिक विकास मन्त्रालय | ११३८ | ३४३ | १६४ | ६२ | २३३ | ३३६ |
| १२ | कर्णाली प्रदेश योजना आयोग | १४ | २ | ४ | २ | ५ | १ |
| | जम्मा | २९५५ | १०८५ | ४५७ | १६२ | ५३४ | ७६२ |

नोटः सामाजिक विकास मन्त्रालयको उल्लिखित दरबन्दी विवरणमा अद्यावधिक हुन बाँकी।

### *३.४ प्रदेशको सङ्गठनात्मक संरचनात्मक सम्बन्धमा विद्यामान अवस्थाको देखिएका समस्या*

(क) प्रदेशको व्यवस्थापनको सङ्गठन संरचना बनाउदा प्रदेशको राजनीतिक अर्थशास्त्रको आधार र परिच्छेद १ मा उल्लेख भएका सैद्धान्तिक आधारहरू लिई बनाउनु पर्नेमा

विस्तारकारी सङ्गठनको संरचना कार्यान्वयनमा रहेकोले प्रदेशिक वित्तको क्षमताको आधारमा घटाउनु पर्ने नै देखिन्छ।

(ख) नेपालको संविधानमा सङ्घ, प्रदेश तथा स्थानीय तहका एकल तथा साझा अधिकारको सूची तय गरिएको छ। प्रदेश सरकारका जनस्वास्थ्य, शिक्षा, पूर्वाधार, कृषि, महिला विकास आदि क्षेत्रका अधिकांश क्रियाकलापहरू स्थानीय तहको एकल अधिकारका क्षेत्रमा समेत रहेका छन्। नेपाल सरकारले साझा अधिकारको समेत कार्य विस्तृतीकरण गरी तहगत सरकारको कार्यक्षेत्र स्पष्ट गरेको छ। सङ्घीय तथा स्थानीय कार्यक्षेत्रममा रहेका विषयको लागि प्रदेशको जनशक्तिको संलग्नता युक्तिसङ्गत देखिएन।

(ग) चालु आर्थिक वर्षमा पाउने सेवा सुविधाका आधारमा गणना गर्दा एक जना अधिकृतस्तर सातौं तहको कर्मचारी २५ वर्षको उमेरमा प्रदेश सरकारमा नियुक्ति भई ६० वर्षमा सोहि तहमा सेवा निवृत हुँदा कूल लागत रू. ३ करोड ६१ लाख ७५ हजार र यसै समयमा नियुक्ति हुने पाँचौ तहको कर्मचारी ६० वर्षको उमेरमा सेवा निवृत हुँदा सम्म कूल लागत रू. २ करोड ५९ लाख ९४ हजार लाग्ने देखिन्छ। यसका अतिरिक्त अवकाश भुक्तानी रकम र सेवा निवृत्त पछिको निवृत्तिभरणको रकमको लागत हेर्दा वित्तीय रुपमा अत्यन्त वोझिलो देखिन्छ। यस्तो लागत समेतका आधारमा आवश्यक र कार्यवोझको आधारमा दरबन्दी थप गर्नु पर्ने हुन्छ।

(घ) साविकमा ७ वटा मन्त्रालय रहेकोमा संवैधानिक प्रावधानलाई टेकी प्रदेशमा हाल ८ वटा मन्त्रालयहरू रहेका छन्। यसले प्रदेशमाथि प्रशासनिक खर्चको भार थपेको छ।

(ङ) प्रदेश सरकारको कार्यजिम्मेवारीको आधारमा भौतिक पूर्वाधार निर्माण, प्राकृतिक स्रोतको उपयोग र व्यवस्थापन, आर्थिक क्रियाकलापमा विस्तार र सामाजिक क्षेत्रका सेवा र कार्यमा प्रदेश सरकार केन्द्रित हुनुपर्नेमा अन्यत्र संरचना बनाउँदा जनशक्तिको प्रतिफल आउने गरी उपयोग हुन सकेको देखिँदैन। सामाजिक क्षेत्रको मुख्य जिम्मेवारीमा अस्पताल अर्थात् उपचारात्मक आधुनिक चिकित्सा रहेको छ। प्रदेशले अस्पताल बाहेकका अन्य अनावश्यक देखिएका सामाजिक क्षेत्रमा लगानी गर्दा अस्पताल लागि स्रोतको कमी हुन गएको छ।

(च) प्रदेश सरकार मातहत हाल विभिन्न निर्देशनायलहरू रहेका छन्। यी निर्देशनालयबाट भएका कामहरू जिल्ला स्थित कार्यालय र प्रदेशका मन्त्रालयहरूमा हस्तान्तरण गर्न सकिने अवस्था छ। निर्देशनलाय र प्रदेशका मन्त्रालयका काम कारबाहीमा दोहोरोपना आउने हुँदा यसलाई हटाउनु पर्दछ। एकीकृत अनुगमन तथा मूल्याङ्कन विद्युतीय प्रणाली बनाएर सम्वन्धित मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट नियमित अनुगमन तथा मूल्याङ्कन गरेमा यी निकायको औचित्यता देखिँदैन।

(छ) प्रदेश सरकारले प्रदेशका लागि गरिने अध्ययन अनुसन्धान र जनशक्ति विकासका कार्य एकै संस्थाबाट गर्नको लागि कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको पुनर्संरचना गर्नु पर्ने कार्य हुन सकेको छैन। प्रदेश मातहतका सबै तालिम केन्द्रहरू यस प्रतिष्ठान मातहत ल्याइएको छैन। विषयगत मन्त्रालयहरूले आ-आफ्नै तवरले तालिम सञ्चालन गर्दै आएका छन्। प्रतिष्ठानका तालिमहरू प्रशासनिक विषयमा बढी केन्द्रित छन र प्रतिष्ठानले प्राविधिक विषय क्षेत्रका तालिम सञ्चलान गर्न सकेको छैन।

(ज) प्रदेशका विभिन्न मन्त्रालय मातहतमा कार्यबोझ नभएका जिल्लामा कार्यलयहरू समेत संरचना रहेका छन्। जस्तैः सामाजिक विकास कार्यालय, प्रदेश लेखा इकाई कार्यालय, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय लगायतका कार्यालय संरचना रहेका छन्। अधिकांश संरचनाले स्थानीय तहको कार्य क्षेत्रको कार्य समेत गर्दछन्। यी संरचनामा जनशक्ति छुट्याउँदा प्राविधिक तथा उपचारात्मक सेवाका लागि आवश्यक पर्ने जनशक्तिको अभाव रहेकोले प्रदेश सरकारले यी कार्यालयहरूको खारेजी तथा मिल्दो कार्यक्षेत्र भएका कार्यालयसँग मिलान गर्नुपर्ने देखियो।

## परिच्छेद- ४

## प्रदेशको प्रस्तावित सङ्गठन संरचना

### *४.१. मन्त्रालय, निकाय र कार्यालयका संरचनाको आवश्यकता तथा औचित्यताका आधार*

अध्ययनका लागि लिइएको सिद्धान्त, प्रादेशिक वित्तको हालको अवस्था र प्रदेशको साङ्गठनिक अवस्थाको विश्लेषणको आधारमा प्रदेशको समग्र संरचनालाई अहिलेको कार्यजिम्मेवारीको आधारमा दुईवटा विकल्पहरूमा प्रस्तुत गरिएको छ। पहिलो विकल्पमा हालको संरचनामा सामान्य परिवर्तन गरी सोही प्रदेशको लागि सुरुमा समायोजनबाट आएको दरबन्दी सङ्ख्याहरूको पदहरूको मिलान गरी सामान्य परिवर्तन गरी कार्यान्वयन गर्ने। मन्त्रालयको सङ्ख्या ८ बाट ६ कायम गर्ने। दोस्रो विकल्पमा आन्तरिक तथा हस्तान्तरित राजस्वको स्रोतले धान्ने गरी सेवा र कार्य र कार्य समरुपताका आधारमा हालका मन्त्रालयको संरचनात्मक पुनर्संरचना गर्ने।

प्रदेश सरकारको सानो सङ्गठन संरचनाको अध्ययन गर्दा समग्र पदहरूको वृति पथलाई मात्र आधार लिन उपयुक्त नहुने हुँदा निश्चित तहमा पुगे पछि एकीकरण गर्नु पर्ने हुन्छ। अन्यथा सङ्गठन संरचना अत्यन्त बोझिलो र लागतप्रभावी हुन्छ। वृत्ति पथका अवसरहरू अन्तर प्रदेश र स्थानीय तह तथा सङ्घ सरकारका सार्वजनिक सेवामा प्रतिस्पर्धात्मक छनोट विधिबाट समेत निरुपण गर्ने गरी खोजी गर्नु पर्ने देखिन्छ। प्रादेशिक संरचनाहरूको अध्ययनमा दुई वटा विकल्पहरूको आधार तयार गरिएको छ। प्रथम विकल्प चालु आर्थिक वर्षदेखि नै क्रमशः लागू गर्ने र दोस्रो विकल्पको बारेमा थप अध्ययन गरी अर्को निर्वाचन पछि गर्न उपयुक्त देखिन्छ। यी दुबै विकल्पको आधारका लागि मापदण्ड समेतको आधारमा सङ्गठन पुनर्संरचनाको आधारहरु निर्धारण गरिएको छ।

### ४.२ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारभूत मापदण्ड

कर्णाली प्रदेशको समग्र राजनीतिक र प्रशासनिक संरचनाहरूको अध्ययन गर्दा देहायको मापदण्डको आधारमा गरिएको छ। यो मापदण्ड आगामी वर्षहरूमा पनि सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्नुपर्दछ।

| क्र. सं | मापदण्ड |
|---|---|
| १. | ▪ ८ जना भन्दा घटि दरबन्दीका लागि खर्च बिन्दु सहितको कुनै पनि नियमित नयाँ कार्यालय स्थापना नगर्ने।<br>▪ ८ जना भन्दा घटी दरबन्दीको संरचना अत्यावश्यक भएमा यस प्रयोजनका लागि कुनै कार्यालय मातहत रहने गरी एकाईका रूपमा सञ्चालन गर्ने |
| २. | ▪ करार सहित प्रदेश सरकारको कुल दरबन्दी २५२५ मा नबढाउने |
| ३. | ▪ स्थानीय तहको साझा तथा एकल अधिकारका क्षेत्रका कार्यका लागि दरबन्दी तथा संरचना निर्माण नगर्ने |
| ४. | ▪ श्रेणीविहीन पद देखि बाहेकको प्रदेशको प्राविधिक मन्त्रालयहरूको कुल दरबन्दीमा न्यूनतम ७० प्रतिशत प्राविधिक र प्रशासनिक दरबन्दी अधिकतम |

| | |
|---|---|
| | ३० प्रतिशत कायम गर्ने<br>▪ मन्त्रालयमा अधिकृत र अधिकृत मुनिको पदमा अधिकृत न्यूनतम ६० प्रतिशत कायम गर्ने |
| ५. | ▪ केन्द्रबाट समयोजन भएका अनावश्यक दरबन्दीको हकमा सम्बन्धित व्यक्ति अवकास भएपछि स्वतः खारेज गर्ने व्यवस्था गर्ने |
| ६. | ▪ कम्प्युटर अधिकृत दरबन्दी खारेज गर्ने र सो पदमा कुनै कर्मचारी कार्यरत भएमा निज सेवाबाट अलग भएपछि सो पद स्वतः खारेज हुने |
| ७. | ▪ जिल्लामा प्रदेश मातहत रहेका प्रदेश लेखा ईकाइ कार्यालयहरू खारेज गरी सो कार्य सङ्घीय कोलेनिका मार्फत् गर्ने |
| ८. | ▪ पछि हस्तान्तरण हुन सक्ने कार्यका लागि सो कार्य संघीय सरकारबाट हस्तान्तरण नभएसम्म नयाँ दरबन्दी वा संरचना निर्माण नगर्ने |
| ९. | ▪ दरबन्दी तथा संरचना निर्माण गर्दा एकजना सुपरिभाईजरले ७ भन्दा कम व्यक्तिका सुपरीवेक्षण नगर्ने ।एघारौं तह र नवौ तहको कर्मचारीको अनुपात १:७ कायम गर्ने। |
| १०. | ▪ कुनै पनि प्रकारको नयाँ आयोग, समिति, परिषद् स्थापना नगर्ने |

**प्रथम विकल्पमाः** मन्त्रालय तथा निकाय र कार्यालयहरूको कार्यविभाजन नियमावलीको मस्यौदा अनुसूची-४ रहेको छ। यस विकल्पको लागि प्रस्तावित संरचना परिवर्तनका आधारहरू देहाय अनुसार रहेका छन्ः

(क) प्रदेश सरकारको संरचनाको सिफारिस गर्दा समान्य परिवर्तन गर्दा हालका सबै निर्देशनालयहरू खारेज गर्ने। स्वास्थ्य तथा शिक्षा निर्देशनालय पुनर्संरचना गरी सानो आकारमा राख्ने। शिक्षा र जनस्वास्थ्यका विषयगत कार्य जिम्वारीको स्थानीय तहसँगको समन्वय र सहकार्य गर्न यस निर्देशनालय रहनु पर्ने। खारेज हुने निर्देशनालय हरूको कार्य आवश्यकता हेरी मन्त्रालयको महाशाखा वा कायम रहने जिल्लाका कार्यालयमा हस्तान्तरण गर्ने।

(ख) विभिन्न मन्त्रालयहरूमा रहेका सबै जनशक्ति तथा विकासात्मक तालिम प्रदाय निकायहरूको एकीकृत निकायमा ल्याउने। त्यस्तो निकायमा विषयक्षेत्रगत शाखाहरू राख्ने। काम तथा खर्च गर्ने अख्तियारी दिएर विषयक्षेत्रगत शाखाबाट विषयक्षेत्रका कार्याक्रम सञ्चालन गर्ने।

(ग) हालको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको कामलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा ल्याई यो मन्त्रालयलाई खारेज गर्ने।

(घ) जलस्रोत तथा ऊर्जा मन्त्रालय र भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय गाभ्ने र सबै जिल्लामा भौतिक पूर्वाधार र अन्य विकासात्मक कार्यालयको एउटै एकीकृत

पूर्वाधार विकास कार्यालय राखी यस कार्यालयमा विषयगत शाखाहरू बनाई कार्यमूलक संरचना बनाउने।

(ङ) वन तथा वातावरण मन्त्रालयको सबै जिल्लामा वन तथा वातावरण कार्यालय राख्ने कार्यालय राख्ने। हालका सव वन डिभिजन कार्यालयहरू वन तथा डिभिजन कार्यलयले नै हेर्ने गरी मोबाईल कार्यालयको अवधारणा ल्याउने।

(च) जिल्लास्थित स्वास्थ्य सेवा तथा जनस्वास्थ्य कार्यालय, सामाजिक विकास कार्यालय खारेज गरी प्रादेशिक अस्पताल र जिल्ला अस्पतालको संरचनाभित्र स्वास्थ्य तथा सामाजिक इकाई रहने गरी पुनर्संरचना गर्ने। आधुनिक चिकित्सा र वैकल्पिक चिकित्साका सेवाहरूलाई आवश्यकताका आधारमा प्रदेश अस्पताल र जिल्ला अस्पतालहरूमा छुट्टै विभाग बनाई एकीकृत रूपमा सेवा प्रवाह गर्ने। हाल सुर्खेत र जुम्लामा रहेका आयुर्वेद अस्पताल जुम्लालाई अनुसन्धान केन्द्रको रूपमा समेत विकास गर्ने र सुर्खेतको आयुर्वेद अस्पताललाई रिफरल अस्पतालको रूपमा विकास गर्ने।

(छ) मुख्य न्यायधिवक्ताको कार्यलयलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा एउटा छुट्टै महाशाखाको रुपमा राख्ने।

(ज) प्रदेश योजना आयोगको संरचनामा फेरबदल गरी यो संस्थालाई प्रदेशको Indicative Plan बनाउने, प्रदेशका सेवा र कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने, प्रदेशको नीति प्रयोगशालाको काम गर्ने र प्रदेश सरकारको सार्वजिनक निजी साझेदारी ईकाइकोरुपमा काम गर्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सचिवालय राखि यसै मातहतमा ल्याउने।

(झ) जिल्लामा साममजिक विकासको सम्पर्क ईकाईको रुपमा जिल्ला अस्पतालमा एक सम्पर्क ईकाइ राख्ने यसले सामाजिक विकास मन्त्रालयले गर्नु पर्ने कामको अधिकार प्रत्यायोजन गरी कार्य सम्पादन मिलाउने।

(ञ) प्रदेशमा विकास निर्माणका लागि जिल्लामा पूर्वाधार विकास कार्यालयमा एकिकृत कार्यालयको अवधारणको आधारमा हालको दरबन्दीको पुनरावलोकन गर्न उपयुक्त हुने।

(ट) तत्कालै जिल्लामा प्रदेशको अधिकार भएता पनि काम गर्न सक्ने अवस्था भएका सेवा र कार्यको शुरु तथा पूर्वतयारी गर्ने कामका लागि जिल्लाका कार्यालयमा दरबन्दी नराखी मन्त्रालयमा त्यस्तो दरबन्दी राख्ने तर तत्काल स्थायी पूर्ति गर्ने व्यवस्था स्थगन गर्ने।

(ठ) जनशक्तिको आंकलन गर्दा पहिलो पाँच वर्षको लागि सङ्घ सरकारबाट समायोजन भएको २५२५ को जनशक्तिलाई आधार लिनु पर्ने हुन्छ।

(ड) प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४" लाई पहिलो विकल्पको रूपमा अनुसूची ४ अनुसार संशोधन गर्नु पर्ने देखिन्छ।

**दोस्रो विकल्पमा** मन्त्रालय तथा निकायहरूको संरचना परिवर्तनका आधारहरू देहाय अनुसार रहेका छन्। दोस्रो विकल्पको कार्यविभाजन अनुसूची-५ मा रहेको छ। यस विकल्पको कार्यान्वयन गर्दा सङ्घ सरकार र अन्य प्रदेशहरूसँगको सहकार्य र समन्वयमा गर्न उपयुक्त हुन्छ। यसका आधारहरू देहाय अनुसार रहेका छन्ः

(क) हालका मन्त्रालयहरूको कार्यविभाजनलाई विश्लेषण गर्दा कार्यमा सहजीकरण गर्न र काममा दोहोरोपना नहुने तथा प्रदेशको विशिष्ट पहिचान हुने गरी कार्यमूलक संरचना प्रस्ताव गर्ने।

(ख) स्रोत र साधनको महत्तम उपयोग र छरितो सङ्गठन संरचना बनाउन उपयुक्त हुने।

(ग) सङ्घ तथा स्थानीय तहसँगको सहकार्यको आधारमा कार्यसम्पादन गर्ने।

(घ) निजी क्षेत्र र गैरसरकारी तथा समुदायसँगको साझेदारीमा गर्न सक्ने कार्यहरू यी क्षेत्रहरूबाट गराई प्रदेश सरकार नीति निर्माण र महत्त्वपूर्ण सेवा र कार्यमा मात्र केन्द्रित हुने।

(ङ) सहकारितामा आधारित सङ्घीयताको मर्म अनुसार प्रदेशको सेवा र कार्यमा सुधार गर्नु पर्ने मान्यताका आधारमा पुर्संरचना गर्ने।

(च) प्रदेशको स्रोत र साधनलाई विकासका कार्यमा केन्द्रीकृत गर्ने।

(छ) प्रदेश सरकार नयाँ सरकार पनि भएकोले सङ्घ सरकारको जस्तो बोझिलो सङ्गठनबाट मुक्त हुने मान्यताको आधार लिने।

(ज) प्रदेश सरकारले पहिचानका सेवा र कार्य गर्दा मन्त्रालयमा निर्दिष्ट कार्यजिम्मेवारी सहितको महाशाखा राखी विषय विज्ञहरू अवैतनिक रुपमा लिई शिरोभार खर्च सिर्जना नगर्ने।

(झ) जिल्लामा कार्यालय राख्दा कार्यबोझ र आवश्यकताको आधारमा राख्ने। विद्युतीय प्रणालीको विकास गरी एकीकृत रुपमा कार्य गर्ने गराउने। कुनै नयाँ वा भैपरी आउने काम गर्नु पर्ने भएमा प्रदेशका अन्य कार्यालयबाट अधिकार प्रत्यायोजनको माध्यमबाट कार्य सम्पादन गर्ने गराउने।

(ञ) प्रदेश सरकारका सेवा र कार्यलाई प्रविधीमा आधारित बनाई हालको जनशक्तिलाई पद रिक्त भएको आधारमा खारेज गर्दै लैजाने नीति लिने।

**(ट) प्रदेशबाट सङ्कलन गर्ने राजस्वलाई एकीकृत गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत छुट्टै एकीकृत राजस्व कार्यालय स्थापना गर्ने। यसको प्रदेश राजधानीमा मुख्य कार्यालय राखी यसको ईकाई कार्यालय जिल्लाको उद्योग, वाणिज्य, पर्यटन. सहकारी र भूमि तथा कृषि हेर्ने गरी आर्थिक विकास कार्यालयमा राख्ने।**

(ठ) दोस्रो विकल्पको कार्यान्वयन गर्दा प्रदेशको प्रशासनिक खर्च उल्लेख्य कम हुन जाने देखिन्छ। पहिलो विकल्पको प्रस्तावित जनशक्तिमा थप २५ प्रतिशतले घटाउन सकिने

देखिन्छ। प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४" लाई दोस्रो विकल्पको रूपमा अनुसूची ५ अनुसार संशोधन गर्नु पर्ने देखिन्छ।

### *४.३ प्रदेशको सङ्गठनात्मक संरचना सम्बन्धमा सुझावहरू*

(क) तत्कालका लागि मन्त्रालयको संरचना आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई लाई खारेज गरी यसबाट भए गरेका सबै कार्यहरू मुख्यमन्त्री मन्त्रिपरिषद्को कार्यालयमा हस्तान्तरण गर्ने। साथै जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयलाई भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा गाभ्ने। हाललाई पहिलो विक्लपको रुपमा प्रदेश सरकारको हालको निर्वाचन अविधिभित्रैमा प्रदेशको मन्त्रालयलाई पुनर्संरचना गरी कुल दरबन्दी (स्थायी र करार) २५२५ मा नबढ्ने गरी देहाय बमोजिमले ६ वटा मन्त्रालयमा सीमित गर्ने। यस प्रयोजनका लागि मन्त्रालयको कार्यक्षेत्र तोकिने प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४" अनुसूची- ४ बमोजिम गर्ने।

| क्र.सं. | मन्त्रालयको नाम |
|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३. | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ४. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ५. | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |

(ख) प्रदेश सरकारको संस्थागत प्रभावकारिताका लागि प्रदेश सरकारको तेस्रो निर्वाचन अविधि सम्म प्रदेशको मन्त्रालयलाई पुनर्संरचना गरी कुल दरबन्दी (स्थायी र करार) २५२५ मा नबढ्ने गरी देहाय बमोजिमले ६ वटा मन्त्रालयमा सीमित गर्ने। यस प्रयोजनका लागि प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४" अनुसूची- ५ बमोजिम गर्ने। यस विकल्प प्रदेशको सेवा र कार्यमा सक्षमता आउने र यसले प्रदेशको प्रशासनिक खर्च उल्लेख्य कम हुन जाने देखिन्छ। साथै प्रस्तावित जनशक्तिमा थप २५ प्रतिशत सम्मले घटाउन सकिने देखिएकोले यसमा राजनीतिक निर्णय लिन सान्दर्भिक देखिन्छ।

| क्र.सं. | मन्त्रालयको नाम |
|---|---|
| १ | मुख्यमन्त्री, मन्त्रिपरिषद तथा प्रादेशिक मामिला मन्त्रालय |
| २ | वित्त मन्त्रालय |
| ३ | भौतिक विकास मन्त्रालय |
| ४ | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय |

| | |
|---|---|
| ५ | आर्थिक मामिला तथा रोजगार प्रवर्द्धन मन्त्रालय |
| ६ | उत्पादन तथा प्राकृतिक स्रोत व्यवस्थापन मन्त्रालय |

**अन्य सुझावहरू**

१. प्रदेश सरकारले हाल गरेका कतिपय कार्यहरू निजी क्षेत्रबाट सञ्चालन गर्न सकिने कतिपय कार्यहरू स्थानीय तहको क्षेत्राधिकारमा पर्न गएकाले प्रदेसको कुल कर्मचारी सङ्ख्याको आकारलाई अधिकतम २५२५ मा सीमित गर्ने। यसमा केन्द्रबाट समायोजन भएर आएका र प्रदेशले यसअघि सिर्जना गरेका पदहरू जस्तै वनरक्षक, कार्यालय सहयोगी, हलुका सवारी चालक, कम्प्युटर अपरेटर, खरिदारजस्ता पदहरू कर्मचारी अवकाश भए पश्चात स्वतः खारेज हुने।

२. प्रदेश विभिन्न मन्त्रालयहरूमा रहेका सबै जनशक्ति तथा विकासात्मक तालिम प्रदाय निकायहरूको एकिकृत निकायमा ल्याउने। यस प्रयोजनका लागि कर्णाली प्रदेश प्रतिष्ठान ऐन बमोजिम हाल प्रदेश मातहत रहेका मानव संशाधन विकास लगयताका तालिम केन्द्रलाई प्रदेश प्रतिष्ठान मातहत गाभी कर्णाली प्रशिक्षण प्रतिष्ठानलाई प्रदेशको एकीकृत तालिम प्रतिष्ठानको रुपमा विकास गरिनु पर्ने।

३. तत्कालका लागि जिल्लामा भौतिक पूर्वाधार र अन्य विकासात्मक कार्यालयको एउटै एकीकृत कार्यालय राख्ने। यसै निर्वाचन अवधिभित्र जिल्ला स्थित अस्पताल र वन तथा वातावरण डिभिजन कार्यालय बाहेक पूर्वाधार विकास डिभिजन कार्यालय र आर्थिक विकास कार्यालयः यसमा कृषि, उद्योग, पर्यटन र सहकारी राख्ने। सामाजिक विकास मन्त्रालय मातहत रहेको प्रदेश सङ्ग्रहालय र अभिलेखालयलाई पुनर्संचरना गरी यसको कार्यक्षेत्रमा खस सभ्यताको अध्ययन, कर्णालीका भाषा, लिपि, वास्तुकला, ललितकलाको संरक्षण, सस्कृत भाषाको प्रवर्द्धन, वैदिक तथा बौद्ध संस्कृतिको संरक्षण, अध्ययन आदि समेत समावेश गरी यो निकायलाई एक मात्र प्रतिष्ठानको रूपमा राख्न उचित हुनेछ।

४. प्रदेश मातहत रहेका जिल्लाका संरचनालाई पुनः संरचना गरी अस्पताल र बन देखि बाहेक आर्थिक क्षेत्रका लागि एक र पूर्वाधार क्षेत्रका लागि गरी एक गरी दुईवटा कार्यालय सीमित गर्न उचित हुनेछ। यी दुई संरचनामा एघारौं तहको प्रमुख मातहत विषयगत शाखा राखि क्षेत्रको खर्चको अख्तियारी विषयगत शाखालाई प्रदान गर्नु उचित हुनेछ। वीरेन्द्रनगर देखि बाहेकका अन्यत्र जिल्लामा रहेका प्रदेश लेखा इकाईको औचित्य नदेखिएकाले यी संरचनालाई तत्काल विघटन गरी यसबाट भए गरेको काम सङ्घीय कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत गराउने।

५. प्रदेश योजना आयोगको संरचनामा फेरबदल गरी प्रदेश सरकारले आवश्यक परेको बेलामा सहयोग दिन सक्ने स्वयंसेवक विज्ञ समूह समावेश गरी यो संस्थाले गरेका

कार्यलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयभित्र ल्याइ हालकै संरचनाभित्र सचिवालय राखी व्यवस्थापन गर्ने।

६. प्रदेश सरकारलाई रणनीतिक प्राथमिकतामा केन्द्रित गर्न कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान र प्रदेश लोक सेवा आयोग देखि बाहेकका सबै आयोग, प्रतिष्ठान, समितिहरू विघटन गर्न उचित हुनेछ।

## ४.४ मन्त्रालय, निकाय र कार्यालयको मुख्य कार्य, प्रस्तावित जनशक्ति र सङ्गठन संरचना

मन्त्रालय, निकाय र कार्यालयको मुख्य कार्य, प्रस्तावित जनशक्ति र सङ्गठन संरचना यस परिच्छेदमा रहेका छन्। प्रदेशमा ८ मन्त्रालय, प्रदेश सभा, प्रदेश लोक सेवा आयोग सहित मन्त्रालय सहित र तिनका मातहतमा हाल १३३ खर्च निकाय र कार्यालयहरु रहेका छन्। यो अध्ययन प्रतिवेदन पूर्णत कार्यान्वयन गर्दा यी निकायको सङ्ख्या ७१ हुने छन्। निकायहरुको कार्यक्षेत्र, सङ्गठन संरचना र दरबन्दीको तेरिज देहाय अनुसार मन्त्रालय, निकायगत कार्यालयको तयार गरिएको छ। करारका कर्मचारीको दरबन्दी पनि यसैभित्र रहेको छ। विकास आयोजनाका अस्थायी दरबन्दी यसमा समावेश गरिएको छैन। विगतको दरबन्दी सिर्जना गर्दा यो अनुपात नहेरिएकोले यसलाई मिलाउनु पर्ने हुन्छ। वनरक्षक, कार्यालय सहयोगी र हलुका सवारी चालकको दरबन्दीको कारण यो अनुपात मिलेको छैन। प्रस्ताव गरिएको दरबन्दीको विवरणको आधारमा निकायगत सङ्गठन संरचनाको शाखागत कार्य विवरण यस प्रतिवेदनको माथिका परिच्छेदका मान्यता र सिद्धान्तका आधारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका शासकीय सुधार महाशाखा हेर्ने सचिवको संयोजकत्वमा मन्त्रालयका सचिवहरु रहेको एउटा समिति बनाइ मन्त्रालय, निकाय र कार्यालयहरुको महाशाखा तथा शाखागत कार्यविवरण तयार गर्नु पर्ने हुन्छ। खारेज भएका निकायका पदका कर्मचारीहरुलाई रिक्त रहेका सेवा समूहका निकायमा मिलान गर्ने।त्यसबाट पनि बढी रहेका कर्मचारीहरुलाई सम्वन्धित मन्त्रालयको पुल दरबन्दीमा राखी विशेष काममा लगाउने। मन्त्रालय, निकाय र कार्यालयको मुख्य कार्यक्षेत्र र दरबन्दीको विरवण देहाय अनुसार रहेको छ।

### ४.५.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

यस कार्यालयको सम्पर्क कार्यालय भएका तीन वटा देहाय अनुसारका ४ निकाय रहने छन्। सबै निकायको कार्यक्षेत्र, दरबन्दीको अवस्था र प्रस्तावित दरबन्दी तेरिज समेतको सङ्गठन संरचना देहाय अनुसारको रहेको छ। प्रस्तावित साङ्गठनिक ढाँचाको नमुना निकायगत रूपमा अनुसूची-६ मा राखिएको छ।

(क) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

(ख) प्रदेश सभा सचिवालय

(ग) प्रदेश लोक सेवा आयोग

(घ) कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान

**मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय**

**कार्यक्षेत्र**

प्रदेशका अधिकारक्षेत्र भित्रका कार्यहरुको स्वच्छ, सक्षम, जवाफदेही र सुशासनयुक्त प्रशासन र शासन गर्ने। प्रादेशिक सार्वजनिक सेवामा प्रभावकारीता ल्याउने, मन्त्रिपरिषद्का निर्णयहरुलाई नतिजामूलक बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। समग्र प्रशासन यन्त्रलाई विश्वसनीय परिणाममुखी बनाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्थापना भएको हो। साथै, प्रदेशको समृद्धिका लागि आवधिक योजना तथा वार्षिक विकास कार्यक्रमहरू तयार गर्ने, विविध नीति, योजना, कार्यक्रम र आयोजना तर्जुमा गर्ने। विक्रम संम्वत २०७६ मा स्वीकृत भइ लागू भएको सङ्गठन संरचना र दरबन्दीको पुनरावलोकन गर्नु पर्ने भएकोले विद्यमान संरचनामा परिमार्जन गर्नु परेको छ। प्रदेश निजामती अभिलेखालयको स्थापना, कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना लगायतका संस्थाहरुको स्थापनाले पनि यो कार्यालयको सङ्गठन संरचनामा थप बिस्तार गर्नु परेको छ। साथै साविकमा छुट्टै मन्त्रालयको रुपमा रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश योजना आयोग र प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालय समेत मुख्यमन्त्री कार्यालयमा ल्याउँदा विगतको तुलनामा यस कार्यालयको संरचनामा ठूलो र जनशक्तिमा सामान्य रुपमा थप हुन गएको भएता विगतमा ती निकायमा रहेका दरबन्दीको समेतको आधारमा हेर्दा यस कार्यालयको मातहतमा रहेका ५७ दरबन्दी कटौती गर्न सिफारिस गरिएको छ।

**दरबन्दीको अवस्था**

नेपाल प्रशासन सेवाको रा.प.विशिष्ट श्रेणीको पदाधिकारी प्रमुख सचिव रहने यस कार्यालयमा रा.प. प्रथम श्रेणी तर्फ ३ जना, उपसचिव स्तरको ७ जना र अधिकृत तर्फ १२ जना र सहायक तर्फ २२ जना र ह.स.चा. एवं कार्यालय सहयोगी तर्फ १८ जना गरी जम्मा ६३ पदहरु रहेका छन्। आन्तरिक मामिला मन्त्रालयमा प्रदेश सचिव सहित ३८ जना, मुख्य न्यायाधिवक्ताको कार्यालयमा १० जना र प्रदेश योजना आयोगमा १४ जनाको समेत गरी १२५ दरबन्दी रहेको छ। प्रस्तावित दरबन्दी विवरण अनुसार नेपाल प्रशासन सेवाको रा.प. विशिष्ट श्रेणीको पदाधिकारी प्रमुख सचिव रहने यस कार्यालयमा रा.प.प्रथम श्रेणी तर्फ ३ जना, उपसचिव स्तरको १३ जना र अधिकृत तर्फ २४ जना र सहायक तर्फ १४ जना र ह.स.चा. एवं कार्यालय सहयोगी तर्फ २० जना गरी जम्मा ७५ पदहरु प्रस्ताव गरिएको छ। अधिकृत र अधिकृतभन्दा तलको पदको अनुपात ५५:४५ रहेको छ। यस कार्यालयमा कार्यालय सहयोगी र हलुका सवारी चालक करार सेवामा लिनु पर्ने हुन्छ। दरबन्दी सम्बन्धी विवरण देहाय अनुसार रहेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावित दरबन्दी तेरिज

| सि. नं. | पदनाम | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | प्रदेश स्थापनाका बखतको | मिति २०७६ को स्वीकृत दरबन्दी | हाल कायम रहेको दरबन्दी | नयाँ प्रस्तावित दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख सचिव | विशिष्ट | विशिष्ट | | १ | १ | १ | १ |
| २ | प्रदेश सचिव | रा.प. प्रथम | प्रशासन | सामान्य प्रशासन | २ | २ | २ | २ |
| ३ | प्रदेश सचिव | रा.प. प्रथम | न्याय | कानुन | १ | १ | १ | १ |
| ४ | अधिकृत | ९/१० तह | प्रशासन | सामान्य प्रशासन | ७ | ६ | ६ | १० |
| ५ | अधिकृत | ९/१० तह | न्याय | सरकारी वकिल | ० | ० | ० | १ |
| ६ | उप सचिव | रा.प. द्वितीय | न्याय | कानुन | १ | १ | १ | १ |
| ७ | अधिकृत | ९/१० तह | इन्जिनियरिङ्ग | कम्प्युटर | ० | ० | ० | १ |
| ८ | अधिकृत | ७/८ तह | प्रशासन | सामान्य प्रशासन | ८ | १० | १० | १६ |
| ९ | अधिकृत | ७/८ तह | न्याय | सरकारी वकिल | ० | ० | ० | २ |
| १० | कानुन अधिकृत | ७/८ तह | न्याय | कानुन | ० | ० | ० | २ |
| ११ | तथ्याङ्क अधिकृत | ७/८ तह | आ.यो.त.त | तथ्याङ्क | ० | ० | ० | १ |
| १२ | कम्प्युटर इन्जिनियर | ७/८ तह | इन्जिनियरिङ्ग | कम्प्युटर | ० | १ | १ | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | | १ | ० | ० | ० |
| १४ | लेखा अधिकृत | ७/८ तह | प्रशासन | लेखा | १ | १ | १ | १ |
| १५ | सहायक/अधिकृत | ५/६ तह | प्रशासन | सामान्य प्रशासन | १० | १३ | १३ | ९ |
| १६ | कम्प्युटर सहायक/अधिकृत | ५/६ तह | विविध | विविध | ४ | ६ | ६ | ४ |
| १७ | लेखा सहायक | ४/५ तह | प्रशासन | लेखा | १ | १ | १ | १ |
| १८ | सहायक | ४/५ तह | प्रशासन | सामान्य प्रशासन | २ | २ | २ | ० |
| १९ | ह.स.चा | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ६ | ८ | ८ | १० |
| २० | कार्यालय सहयोगी | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ७ | १० | १० | १० |
| | **जम्मा** | | | | **५२** | **६३** | **६३** | **७५** |

**कर्णाली प्रदेश सभा सचिवालय**

**कार्यक्षेत्र**

प्रदेश सभाको प्रमुख कार्यहरुमा सरकार निर्माण गर्नु; प्रादेशिक कानुन बनाउनु; प्रदेश सरकारको काम कारवाहीको निगरानी गर्नु र प्रादेशिक जनसरोकार विषय प्रदेश सभा छलफल गर्नु हो। नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिका, भाग १४ मा प्रदेश व्यवस्थापिका, भाग १५ मा प्रदेश व्यवस्थापन कार्यविधि र भाग १६ मा आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्थामा उल्लेख भए अनुसार प्रदेश सभाले बनाउनु पर्ने कानुनहरुको निर्माण गर्ने रहेका छन्। सरकारको नीति तथा कार्यक्रम र बजेट तथा यसका अभिन्न विषयहरूको प्रदेश सभामा प्रस्तुत गर्ने र छलफल गरी स्वीकृत गर्ने काम पनि प्रदेश सभाबाट गर्नु पर्दछ।

**प्रस्तावित साङ्गठनिक ढाँचा**

प्रदेश सभा सचिवालयमा विशिष्ट श्रेणीका प्रदेश सभा सचिव १, उपसचिव स्तरको २ जना र अधिकृत तर्फ ५ जना र सहायक तर्फ १८ जना र ह.स.चा. एवं कार्यालय सहयोगी तर्फ ८ जना गरी जम्मा ३४ पदहरू रहेका छन् । प्रस्तावित दरबन्दी विवरण अनुसार विशिष्ट श्रेणीको प्रदेश सभा सचिव १, उपसचिव स्तरको १ जना र अधिकृत तर्फ ५ जना र सहायक तर्फ १२ जना र ह.स.चा. एवं कार्यालय सहयोगी तर्फ ८ जना गरी जम्मा २७ पदहरु प्रस्ताव गरिएको छ। अधिकृत र अधिकृत तलको पदको अनुपात २६:७४ को अनुपात रहेको छ। यस कार्यालयमा कार्यालय सहयोगी र हलुका सवारी चालक करार सेवामा लिनु पर्ने हुन्छ। यसमा उपसचिव १ र सहायक ६ पद कटौती गर्नु पर्ने देखिन्छ। दरबन्दी सम्वन्धी विवरण देहाय अनुसार रहेको छ।

प्रदेश सभा सचिवालयको दरबन्दी तेरिज विवरण

| प्रदेश सभा सचिवालय | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | पदनाम | श्रेणी/तह | सेवा | समूह/उपसमूह | प्रदेश स्थापनाका बखत कायम | २०७६/०५/०६ को स्वीकृत | हालको दरबन्दी | प्रस्तावित दरबन्दी |
| १ | प्रदेश सभा सचिव | विशिष्ट | विशिष्ट | | १ | १ | १ | १ |
| २ | अधिकृत | ९/१० तह | प्रशासन | सामान्य प्रशासन | २ | १ | १ | १ |
| ३ | उप सचिव | रा.प. द्वितीय | न्याय | कानुन | १ | १ | १ | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | अधिकृत | ७/८ तह | प्रशासन | सामान्य प्रशासन | ४ | ३ | ३ | ३ |
| ५ | लेखा अधिकृत | ७/८ तह | प्रशासन | लेखा | १ | १ | १ | १ |
| ६ | कानुन अधिकृत | रा.प. तृतीय | न्याय | कानुन | १ | १ | १ | १ |
| ७ | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | | १ | | ० | ० |
| ८ | सहायक/अधिकृत (ना.सु.) | ५/६ तह | प्रशासन | सामान्य प्रशासन | ५ | ७ | ७ | ४ |
| ९ | कम्प्युटर सहायक/अधिकृत | ५/६ तह | विविध | विविध | १ | २ | २ | २ |
| १० | कम्प्युटर सहायक | ४/५ तह | विविध | विविध | ० | २ | २ | ० |
| ११ | माइक सञ्चालक | ४/५ तह | विविध | विविध | २ | १ | १ | १ |
| १२ | इलेक्ट्रिसियन | ४/५ तह | इन्जिनियरिङ्ग | इलेक्ट्रिकल जनरल | १ | १ | १ | १ |
| १३ | रेकर्डिङ अपरेटर | ४/५ तह | विविध | विविध | ० | १ | १ | १ |
| १४ | भिडियोग्राफर | ४/५ तह | विविध | विविध | ० | २ | २ | २ |
| १५ | सहायक | ४/५ तह | प्रशासन | सामान्य प्रशासन | २ | १ | १ | १ |
| १६ | लेखा सहायक | ४/५ तह | प्रशासन | लेखा | १ | १ | १ | ० |
| १७ | मर्यादापालक प्र.नि. | प्रहरी | प्रहरी | | १ | ० | ० | ० |
| १८ | मर्यादापालक | प्रहरी | प्रहरी | | ६ | ० | ० | ० |
| १९ | ह.स.चा | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ३ | ३ | ३ | ३ |
| २० | कार्यालय सहयोगी | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ३ | ५ | ५ | ५ |
| | **जम्मा** | | | | ३६ | ३४ | ३४ | २७ |

**प्रदेश लोक सेवा आयोग**

**कार्यक्षेत्र**

प्रदेश स्थानीय तहका जनशक्तिको भर्नाको लागि वार्षिक कार्यतालिका प्रकाशन, रिक्त पदपूर्तिको लागि माग सङ्कलन, प्रतिशत निर्धारण, विज्ञापन तथा सूचना प्रकाशन, दरखास्त सङ्कलन, लिखित परीक्षा सञ्चालन, लिखित परीक्षा नतिजा तयारी, लिखित परीक्षा नतिजा प्रकाशन, लिखित परीक्षाको पुनर्योग, अग्रिम अन्तर्वार्ता वा छुट अन्तरवार्ता, योग्यताक्रम प्रकाशन, सिफारिस, वैकल्पिक सिफारिस, प्रश्नपत्र वा उत्तर सम्बन्धी उजुरी, बढुवा उजुरी, विभागीय सजाय परामर्श, शैक्षिक योग्यता निर्धारणमा परामर्श, निजामती सेवाको सरुवा, बढुवा, सेवा, समूह, उपसमूह परिवर्तन र सेवाको शर्तको विषयमा परामर्श, निजामती सेवाको सबै अधिकृत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन अभिलेख व्यवस्थापन गर्ने, प्रचलित कानुन बमोजिम लिखित सूचना माग भएमा सूचना प्रदान गर्ने, गुनासो सुन्ने र गुनासोको उचित सम्बोधन गर्ने कार्यहरु यस आयोगको कार्य क्षेत्र भित्र पर्दछ।

**प्रस्तावित साङ्गठनिक ढाँचा**

लोक सेवा आयोगमा राजपत्राकिंत प्रथम श्रेणीका सचिव १, उपसचिव स्तरको ३ जना र अधिकृत तर्फ ९ जना र सहायक तर्फ २३ जना र ह.स.चा. एवं कार्यालय सहयोगी तर्फ ९ जना गरी जम्मा ४५ पदहरु रहेका छन् । प्रस्तावित दरबन्दी विवरण अनुसार राजपत्राकित प्रथम श्रेणीको सचिव १, उपसचिव स्तरको, ३ जना र अधिकृत तर्फ ७ जना र सहायक तर्फ ११ जना र ह.स.चा. एवं कार्यालय सहयोगी तर्फ ८ जना गरी जम्मा ३० पदहरु प्रस्ताव गरिएको छ। अधिकृत र अधिकृत तलको पदको अनुपात ४३: ५७ को अनुपात रहेको छ। यस कार्यालयमा कार्यालय सहयोगी र हल्का सवारी चालक करार सेवामा लिनु पर्ने हुन्छ। यसमा अधिकृत ४ र सहायक ७ र सहयोगी ४ पद कटौती गर्नु पर्ने देखिन्छ। कानुन र शिक्षाको कामको लागि दोहोरो जिम्मेवारी दिनु पर्ने देखिन्छ। दरबन्दी सम्बन्धी विवरण देहाय अनुसार रहेको छ।

| सि. नं. | **पदनाम** | **श्रेणी/तह** | **सेवा** | **समूह/उपसमूह** | **२०७६/०५/०६ स्वीकृत दरबन्दी** | **हाल को दरबन्दी** | **प्रस्तावित दरबन्दी** |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | रा.प.प्रथम /११ तह | प्रशासन | सामान्य प्रशासन | १ | १ | १ |
| २ | अधिकृत | ९/१० | प्रशासन | सामान्य | २ | ३ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | तह | | प्रशासन | | | |
| ३ | अधिकृत | ७/८ तह | प्रशासन | सामान्य प्रशासन | ४ | ६ | ६ |
| ४ | अधिकृत/मनोविज्ञानवेत्ता | सातौं | शिक्षा | | | १ | ० |
| ६ | कानुन अधिकृत | रा.प. तृतीय | न्याय | कानुन | १ | १ | ० |
| ७ | कम्प्युटर ईन्जिनियर | सातौं | विविध | | | १ | १ |
| ८ | सहायक/अधिकृत | ५/६ तह | प्रशासन | सामान्य प्रशासन | ६ | १० | ६ |
| ९ | लेखा सहायक/अधिकृत | ५/६ तह | प्रशासन | लेखा | १ | १ | १ |
| १० | कम्प्युटर सहायक/अधिकृत | ५/६ तह | विविध | विविध | २ | ८ | ४ |
| ११ | सहायक | ४/५ तह | प्रशासन | सामान्य प्रशासन | १ | ४ | ० |
| १२ | ह.स.चा | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ३ | ४ | ३ |
| १३ | कार्यालय सहयोगी | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ३ | ५ | ५ |
| | जम्मा | | | | २५ | ४५ | ३० |

**कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान**

**कार्यक्षेत्र**

प्रशिक्षण तथा अनुसन्धान कार्यक्रमसम्बन्धी नीति निर्धारण गर्ने, प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीको लागि प्रशिक्षण लगायतका क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने, जवाफदेही, भ्रष्ट्राचारमुक्त, नियमन, पारदर्शी, उत्तरदायी जस्ता पक्षसहित सहभागितामूलक, विकास निर्माण, सेवा प्रवाह, सुशासन आधारभूत विषयमा रही प्रशिक्षण पाठ्यक्रमको निर्धारण गर्ने, प्रदेश सरकार र स्थानीय तहका लागि सञ्चालन, अनुसन्धान र परामर्श

सेवा प्रदान गर्ने वा गराउने, प्रतिष्ठानबाट सञ्चालन हुने तालिमको पाठ्यक्रम निर्धारण गर्ने, तालिमको गुणस्तर सुनिश्चितता गर्ने र त्यस सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण गर्ने, प्रदेश तथा स्थानीय सेवाका कर्मचारी वा कर्णाली प्रदेशमा कार्यरत संघीय निजामती तथा अन्य सरकारी सेवाका कर्मचारीको सेवा प्रवेश तथा सेवाकालीन तालिम सञ्चालन का लागि पाठ्यक्रम तथा कार्यविधि तर्जुमा गर्ने, प्रदेश तथा स्थानीय तहबाट संचालन गर्ने वा निजी क्षेत्र वा अन्य निकायबाट माग भई आएमा तालिम तथा क्षमता विकास कार्यक्रमका लागि परीक्षण सञ्चालन गर्ने, प्रदेशका निकाय, संघीय निकाय, अन्य प्रदेश, स्थानीय तह, अन्य निकाय र संगठित संस्थाबाट नीतिगत सुझावको माग भएमा सुशासनका अबधारणामा आधारित रही राय सुझाव दिने, स्वदेशी तथा विदेशी प्रशिक्षण संस्थासंग समन्वयगरी प्रतिष्ठानमा कार्यरत कर्मचारीको क्षमता विकासको लागि असल अभ्यासका कार्यक्रम आदान प्रदान गर्ने, विषय–विज्ञ व्यक्तिको सूची तयार गर्ने, कार्यविधि र नम्र्स निर्धारण गरी एक्रिडिएसन तथा सर्टिफिकेशन (प्रमाणीकरण) सम्बन्धी कार्य गर्ने, विकास, सुशासन र समृद्धिका विविध पक्षमा नीति अनुसन्धान संस्थाको रुपमा कार्य गरी प्रदेश तथा स्थानीय तहलाई पृष्ठपोषण गर्ने असल अभ्यासको अनुभव आदान–प्रदान गर्ने वा गराउने, अनुसन्धानसम्बन्धी कार्यलाई प्राथमिकता दिई प्रदेशमा सशासन कायम गर्नका लागि विद्यार्थी तथा विज्ञहरुलाई विकास र सुशासन सम्बन्धमा Research based Internship वा अन्य कनै कार्यक्रम मार्फत छनौट गरी अनुसन्धान गराउने, विकास र सुशासन सम्बन्धमा विश्वविद्यालयका विद्यार्थीलाई इन्टर्नसिपको व्यवस्था गर्ने । नेपाल सरकारको पूर्व स्वीकृति लिई परीक्षण तथा अनुसन्धानका सम्बन्धमा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सहकार्य गर्ने निजी क्षेत्र, गैरसरकारी संस्था र अन्य संस्थाबाट त्यस्ता निकायका लागि आवश्यक जनशक्ति छनोटको लागि अनुरोध गरेमा सो सम्बन्धी कार्य गर्ने आदि यस प्रतिष्ठानको कार्यक्षेत्र हुने छन्।

## कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान प्रस्तावित दरबन्दी तेरिज

| क्र.सं | पद | तह | सङ्ख्या | समूह | शाखा |
|---|---|---|---|---|---|
| १. | प्राचार्य | ११ | १ | - | समग्र |
| २. | निर्देशक | ९ | १ | प्रशासन | अनुसन्धान |
| ३. | अनुसन्धान अधिकृत | ७ | १ | प्रशासन | अनुसन्धान |
| ४. | निर्देशक(वन/पशु/ कृषि) | ९ | १ | वन/पशु/ कृषि | कृषि तथा वन |
| ५. | तालिम अधिकृत (वन/पशु/ कृषि) | ७ | २ | वन/पशु/ कृषि | कृषि तथा वन |
| ६. | निर्देशक (शिक्षा) | ९ | १ | शिक्षा | शिक्षा |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | प्रशिक्षक (शिक्षा) | ७ | ६ | शिक्षा | शिक्षा |
| ८. | निर्देशक (स्वास्थ्य) | ९ | १ | स्वास्थ्य | स्वास्थ्य |
| ९. | तालिम अधिकृत (चिकित्सा) | ८ | १ | स्वास्थ्य | स्वास्थ्य |
| १०. | तालिम अधिकृत (जनस्वास्थ्य) | ७ | १ | स्वास्थ्य | स्वास्थ्य |
| ११. | तालिम अधिकृत (नर्सिङ्ग) | ७ | १ | स्वास्थ्य | स्वास्थ्य |
| १२. | निर्देशक (प्रशासन) | ९ | १ | प्रशासन | प्रशासन |
| १३. | तालिम अधिकृत(प्रशासन र लेखा) | ७ | २ | प्रशासन | प्रशासन |
| १४. | निर्देशक (इन्जिनियरिङ्ग) | ९ | १ | इन्जिनियरिङ्ग | इन्जिनियरिङ्ग |
| १५. | तालिम अधिकृत(इन्जिनियरिङ्ग) | ७ | २ | इन्जिनियरिङ्ग | इन्जिनियरिङ्ग |
| १६. | सहायक/अधिकृत | ५/६ | ३ | प्रशासन | प्रशासन |
| १७. | बस ड्राइभर | - | १ | - | |
| १८. | जिप ड्राइभर | | १ | | |
| १९. | कार्यालय सहयोगी | | २ | | |
| | | | ३० | | |

यसमा जम्मा ३० दरबन्दी रहने छन्। अधिकृतस्तर एघारौं तहको नेतृत्वमा अधिकृत ९ तहको ६ जना, अधिकृत ७ तहको १६ जना र सहायक तहको ३ जना तथा तहविहिन ४ जना रहनेछन्। अधिकृतः सहायक अनुपात ७७:२३ हुन आउँछ।

### *४.५.२ आर्थिक मामिला तथा योजना मन्त्रालय*

यस  मन्त्रालय अन्तर्गत एक प्रदेश लेखा नियन्त्रक कार्यालय कार्यालय रहने छ। विगतमा प्रस्ताव गरीएको प्रदेश लेखा ईकाई कार्यालय खारेज गर्ने । मन्त्रालय र कार्यालयको कार्यक्षेत्र, प्रस्तावित साङ्गठनिक ढाँचा, दरबन्दीको अवस्था र प्रस्तावित दरबन्दी तेरिज समेतको सङ्गठन संरचना देहाय अनुसारको रहेको छ।  यस मन्त्रालय अन्तर्गत १ प्रदेश लेखा नियन्त्रक कार्यालय र ९ जिल्लामा

प्रदेश लेखा नियन्त्रक ईकाइ रहने गरी ९१ दरबन्दी रहेकोमा यो अध्ययनले मन्त्रालयमा ३४ र प्रदेश लेखा नियन्त्रक कार्यालयमा १७ गरी ५१ दरबन्दी प्रस्ताव गरिएको छ। यो मन्त्रालयमा र अन्तर्गतका निकायबाट ४० दरबन्दी कटौती गर्ने प्रस्ताव गरिएको छ।

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**कार्यक्षेत्र**

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, , सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन, प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर, वार्षिक विकास कार्यक्रमको तर्जुमा, राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग, प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन, संघीय कानुन अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण, राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य, तथ्यांङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य, बीमा र बीमा व्यवसायको संचालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन, आदि आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रमुख कार्यक्षेत्र हुनेछन् ।

**प्रस्तावित सांगठनिक ढाँचा**

आर्थिक मामिला तथा योजना मन्त्रालयमा राजपत्राकिंत प्रथम श्रेणीका सचिव १, उपसचिव स्तरको ३ जना र अधिकृत तर्फ ११ जना र सहायक तर्फ १३ जना र ह.स.चा. एवं कार्यालय सहयोगी तर्फ १० जना गरी जम्मा ३८ पदहरु रहेका छन्। प्रस्तावित दरबन्दी विवरण अनुसार राजपत्राकित प्रथम श्रेणीको सचिव १, उपसचिव स्तरको ३ जना र अधिकृत तर्फ १४ जना र सहायक तर्फ ६ जना र ह.स.चा. एवं कार्यालय सहयोगी तर्फ ८ जना गरी जम्मा ३२ पदहरु प्रस्ताव गरिएको छ। अधिकृत र अधिकृत तलको पदको अनुपात ५३: ४७ को अनुपात रहेको छ। यस कार्यालयमा कार्यालय सहयोगी र हल्का सवारी चालक करार सेवामा लिनु पर्ने हुन्छ। यसमा अधिकृत ४ र

अर्थशास्त्री १ थप प्रस्ताव गरिएको छ। आयोजना बैंङ्कको काम गर्न बजेट तयारीको काम र प्रदेशको समग्र आर्थिक तथा वित्तीय विश्लेषण गर्न दरबन्दी पुर्नसंरचना गरिएको छ। साविकका संघ सरकारबाट आएका दुई उपसचिव र २ अधिकृतको सट्टा प्रदेश सरकारको प्रशासन सेवाको सामान्य प्रशासन समूहको २ उपसचिव र २ अधिकृतको पद समायोजन गरिएको छ। उक्त पदमा आएका कर्मचारीलाई फिर्ता पठाउन उपयुक्त हुने देखिन्छ। सहायक/कम्प्युटर/अधिकृत ५, लेखा सहायक १, कम्युटर सहायक १ र कार्यालय सहयोगी १ गरी ८ पद कटौति गर्नु पर्ने भएता पनि अधिकृतस्तरको थप हुँदा जम्मा ७ पद कटौति हुने देखिन्छ। दरबन्दी सहितको सङ्गठन संरचना देहाय अनुसार रहेको छ।

**आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावित दरबन्दी तेरिज विवरण**

| पदनाम | श्रेणी/तह | सेवा | समूह/उपसमूह | प्रदेश स्थापनाको दरबन्दी | २०७६/०५/०६ को दरबन्दी | हाल को दरबन्दी | प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|---|---|
| प्रदेश सचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | १ | १ | १ |
| अधिकृत | ९/१० तह | प्रशासन | सामान्य प्रशासन | १ | १ | १ | ३ |
| अधिकृत | ९/१० तह | प्रशासन | राजस्व | २ | १ | २ | ० |
| अधिकृत | ९/१० तह | प्रशासन | लेखा | १ | १ | ० | ० |
| अधिकृत | ७/८ तह | प्रशासन | सामान्य प्रशासन | ६ | ५ | ५ | ८ |
| राजस्व अधिकृत | ७/८ तह | प्रशासन | राजस्व | ६ | २ | २ | ० |
| लेखा अधिकृत | ७/८ तह | प्रशासन | लेखा | २ | १ | १ | १ |
| कानुन अधिकृत | रा.प. तृतीय | न्याय | कानुन | १ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| तथ्याङ्क अधिकृत | ७/८ तह | आ.यो.त.त | तथ्याङ्क | १ | १ | १ | १ |
| कम्प्युटर इन्जिनियर | ७/८ तह | इन्जिनियरिङ्ग | कम्प्युटर | १ | १ | १ | १ |
| कम्प्युटर अधिकृत | | | | १ | | ० | ० |
| अर्थशास्त्री | ७/८ तह | विविध | | १ | | ० | १ |
| सहायक/अधिकृत | ५/६ तह | प्रशासन | सामान्य प्रशासन | ३ | ७ | ७ | ३ |
| नायब सुब्बा | | प्रशासन | राजस्व | ६ | | ० | ० |
| लेखा सहायक/अधिकृत | ५/६ तह | प्रशासन | लेखा | ० | १ | १ | ० |
| कम्प्युटर सहायक/अधिकृत | ५/६ तह | विविध | विविध | ३ | ३ | ३ | २ |
| कम्प्युटर सहायक | ४/५ तह | विविध | विविध | ० | १ | १ | ० |
| सहायक | ४/५ तह | प्रशासन | सामान्य प्रशासन | २ | १ | १ | ० |
| सह लेखापाल | | प्रशासन | लेखा | १ | | ० | ० |
| ह.स.चा | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ४ | ४ | ४ | ४ |
| कार्यालय सहयोगी | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ५ | ६ | ६ | ५ |
| जम्मा | | | | ४८ | ३८ | ३८ | ३१ |

**प्रदेश लेखा नियन्त्रक कार्यालय**

यो प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गतको कार्यालय हो। यो प्रदेश सरकारको वित्तीय व्यवस्थपाको सल्लाहकार पनि हो। प्रदेश सरकारका खर्चको निकासा तथा आम्दानी अभिलेखाङ्कन, वित्तीय प्रतिवेदन र आन्तरिक परीक्षणलाई प्रभावकारी बनाई वित्तीय अनुशासन कायम गर्ने यस कार्यालयको प्रमुख काम रहेको छ। प्रदेश सरकारको एकिकृत आर्थिक

विवरण तयार गरी त्यसको अन्तिम लेखा परीक्षण गराउने र प्रदेश भित्रका लेखाका कर्मचारीको प्रशासन व्यवस्थापन गर्ने तथा सार्वजनिक खर्च व्यवस्थापनको प्रणाली विकास र कार्यान्वयन गर्ने काम पनि यस कार्यालयको रहेको छ। यसका साथै प्रदेशका निकायहरुको राजस्व तथा धरौटी र वजेट खर्चको अभिलेख प्रणालीमा सुधार गर्ने काम समेत यस कार्यालयको रहेको छ। आन्तरिक लेखा परीक्षणलाई **Paperless, Contract less and Faceless** का आधारमा परीक्षण प्रणालीमा सुधार गर्ने कार्य समेत यसले गर्दछ । विगतमा यस कार्यालयको नेतृत्व नवौ तहकोले गरेको थियो । यसको प्रणाली सुधारको कार्य समेत गर्नु पर्ने भएकोले यसको नेतृत्व एघारौ तहको रहने गरी प्रस्ताव गरीएको छ। यो प्रस्तावित सङ्गठन संरचनामा आन्तरिक परीक्षण लगायत प्रदेश सरकारलाई सार्वजनिक खरिदको परामर्श समेत यस कार्यलयबाट लिन सक्ने गरी थप कार्य विवरणमा स्पष्ट गर्नु पर्ने हुन्छ। साविकको दरबन्दी पनि १७ रहेकोले यसलाई यसै दरबन्दीमा मिलान गरिएको छ। साविकमा यो कार्यालय मातहतमा प्रदेश लेखा नियन्त्रक ईकाई कार्यालयमा ९ अधिकृत सहितको ३६ दरबन्दी सहित ९ जिल्लामा थप भएका कार्यलय खारेज गर्न समेत प्रस्ताव गरिएको छ। जिल्लामा आवश्यक समन्वयको लागि संघको कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेशको आर्थिक विकास कार्यालयमा रहेको लेखा शाखाले नै जिल्लामा यस कार्यालय सँग समन्वय गर्न उपयुक्त हुने सिफारिश गरिन्छ। यसको सङ्गठन संरचना र दरबन्दी विवरण देहाय अनुसार रहेको छ।

**प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रस्तावित दरबन्दी तेरिज**

| सि. नं. | पद नाम | श्रेणी/तह | सेवा | समूह/उप समूह | प्रदेश स्थापनाका बखत कायम | २०७६/०५/०६ को दरबन्दी | हाल को दरबन्दी | प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश लेखा नियन्त्रक | एघारौ तह | प्रशासन | | ० | ० | ० | १ |
| २ | प्रदेश लेखा नियन्त्रक | ९/१० तह | प्रशासन | | १ | १ | १ | २ |
| ३ | लेखा अधिकृत | ७/८ तह | प्रशासन | लेखा | ४ | ३ | ३ | ४ |
| ४ | कम्प्युटर | ७/८ | इन्जिनिय | कम्प्युटर | ० | १ | १ | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | इन्जिनियर | तह | रिङ्ग | | | | | |
| ५ | कम्प्युटर अपरेटर | ५/६ तह | नेपाल विविध | | १ | | | ० |
| ६ | लेखा सहायक/अधिकृत | ५/६ तह | प्रशासन | लेखा | ४ | ४ | ४ | ८ |
| ७ | लेखा सहायक | ४/५ तह | प्रशासन | लेखा | ४ | ४ | ४ | ० |
| ८ | ह.स.चा | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | २ | १ | १ | १ |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ४ | ३ | ३ | २ |
| | जम्मा | | | | २० | १७ | १७ | १८ |

### *४.५.३ भौतिक पूर्वाधार विकास मन्त्रालय*

**कार्यक्षेत्र**

प्रदेशस्तरको सडक, पुल, सहरी विकास तथा भवन र वस्ति विकास ,ऊर्जा, विद्युत, सिंचाई, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्वन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन गर्ने मुख्य कार्यक्षेत्र यस मन्त्रालयको रहेको छ। प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिंचाई तथा खानेपानी सम्वन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन, प्रदेशभित्रको जलश्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन, प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन, प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण, प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन, रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन, प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन , प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशको राजधानी र प्रादेशिक

सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण, सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन रहने छन् ।

प्रदेशमा रहेको एकल अधिकारको आधारमा प्रदेश सरकारको यो महत्वपूर्ण कार्य जिम्मेवारी सम्पादन गर्ने निकाय भएकोले यसको दरबन्दी व्यवस्थापन गर्दा प्राविधिक जनशक्ति र अन्य प्रशासनिक जनशक्तिको अनुपात ७०:३०को अनुपातमा रहनु पर्ने हुन्छ। जनशक्तिको पद अनुसार यस मन्त्रालय र अन्तर्गत कार्यालयको जनशक्ति वितरण गर्दा मन्त्रालयलाई प्राविधिक अधिकृतमुलक र सेवा दिने जिल्लामा कार्यालयमा भुवनौट तथा भौगोलिक दुरीको आधारमा कर्मचारीको नक्साङ्कन गरी अधिकृत भन्दा तलको पाचौ र छैट्टौ तहका प्राविधिक जनशक्तिको वितरण बढि हुन् सक्दछ। जिल्लामा रहेका वियगत शाखाहरुलाई मन्त्रालयको सम्वन्धित महाशाखा र सम्वन्धित कार्यालयको प्रमुख प्रति उत्तरदायी बनाउनु पर्दछ ।यसका जिल्ला कार्यालयमा जुनसुकै विषयगतक्षेत्रको भएता पनि सनियर नवौ तहको प्राविधक नै कार्यालय प्रुमुख हुन सक्ने छ।प्रादेशिक भौतिक पूर्वाधारहरुको निर्माण कार्यको सबै जिम्मा अन्य मन्त्रालय तथा निकायहरुले वजेटको खर्च गर्ने अख्तियारी यस मन्त्रालय र जिल्लास्थित पूर्वाधार विकास कार्यालयमा दिई एकिकृत पूर्वाधारको निर्माण गरिने छ। प्रदेश सचिवालय र अन्तर्गत निकाय तथा कार्यालयहरुको प्रदेशको पहिचान झल्कने गरी कार्यलय भवन निर्माण तथा सार्वजनिक निर्माणको सुधारको समेत कार्य यसै संरचना बाट गरिने छ । प्रदेशको राजधानी सचिवालय तथा मन्त्रालयको निर्माण तथा नियमित मर्मत सुधारको लागि यस मन्त्रालयमा एउटा छुट्टै सरकारी भवन निर्माण महाशाखा रहने छ। यो महाशाखाले प्रदेश सचिवालयको निर्माणको गुरु योजना बनाई काम गर्ने छ । प्रदेशिक गौरबका योजनाको निर्माणको लागि भौतिक पूर्वाधार विकास मन्त्रालय आयोजनगत कार्यालय समेत आवश्यकताका आधारमा स्थापना गर्न सक्दछ। मन्त्रालय अन्तर्गत १० वटा जिल्लामा विषयगत कार्य गर्ने गरी क वर्गमा सूर्खेत, दैलेख ,सल्यान,जाजरकोट र जुम्ला रहेका छन् भने ख वर्गको कार्यालयमा रुकुम पश्चिम, कालीकोट, मुगु, हुम्ला र डोल्पा रहेका छन्। क तथा ख वर्गका कार्यालयमा प्रदेश सरकारको बजेट तथा कार्यक्रमको आधारमा थप जनशक्ति आवश्यक भएमा मन्त्रालयमा रहने पुल दरबन्दीबाट व्यवस्थापन गर्न सकिने छ। प्रदेश सरकारले विशेष प्रकृतिको पूर्वाधारको काम गर्नु पर्ने भएमा पनि पुल दरबन्दीबाट प्राविधिक कर्मचारीको व्यवस्थापन गर्ने र त्यसबाट मात्र अपुग भएमा मात्र अस्थायी दरबन्दी समवन्धी मापदण्डको आधारमा कर्मचारी राख्न पाउने प्रणालीको विकास गर्न उपयुक्त हुन्छ। मन्त्रालयमा रहेको पुल दरबन्दीको उपयोग मन्त्रालयबाट प्रदेशस्तरीय ठूला आयोजनाको निर्माण र सर्भे तथा ड्रईङ डिजाईनको लागि पनि उपयोग गर्न सकिने छ। संघबाट कामकाज गर्न आएकालाई यस मन्त्रालयको पुल दरबन्दीमा राखि संघमा नै फिर्ता पठाउनु पर्ने हुन्छ। वैदेशिक सहायताका

आयोजनामा रहने प्रविधिक तथा प्रशासनिक कर्मचारीलाई सम्वन्धित आयोजनामा नै काम गर्ने गरी पुल दरबन्दीमा राख्ने ।

**प्रस्तावित सांगठनिक ढाँचा**

साविकको भौतिक पूर्वाधार मन्त्रालयमा ३० र जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयमा ३० गरी ६० जना दरबन्दी रहेको थियो। दुबै मन्त्रालयका जिल्ला कार्यालय समेत ४११ दरबन्दी रहेको थियो। प्रस्तावित दरबन्दी विवरण अनुसार ३३८ दरबन्दी प्रस्ताव गरी ७३ दरबन्दी खारेज गरिएको छ। प्राविधिक र अप्राविधिक कर्मचारीको अनुपात ८०:२० रहेको छ। अधिकृत र अधिकृत तलको पदको ३३:६७ को अनुपात रहेको छ। यस कार्यालयमा कार्यालय सहयोगी र हलुका सवारी चालक करार सेवामा लिनु पर्ने हुन्छ। दरबन्दी सहितको सङ्गठन संरचना देहाय अनुसार रहेको छ।

**भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्तावित दरबन्दी तेरिज**

| पदनाम | श्रेणी/तह | सेवा | समूह/उपसमूह | प्रदेश स्थापना को दरबन्दी | २०७६/०५/०६ को दरबन्दी | हाल को दरबन्दी | प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|---|---|
| प्रदेश सचिव | रा.प्र.प्रथम | इन्जिनियरिङ्ग | समूहकृत नहुने | १ | १ | १ | १ |
| अधिकृत | ९/१० तह | प्रशासन | सामान्य प्रशासन | १ | १ | १ | १ |
| सि.डि.इ. | ९/१० तह | इन्जिनियरिङ्ग | पूर्वाधार। हा.पा. | | | ० | १ |
| सि.डि.इ. | ९/१० तह | इन्जिनियरिङ्ग | सिविल/इरिगेसन | १ | १ | ० | १ |
| सि.डि.इ. | ९/१० तह | इन्जिनियरिङ्ग | सिविल/जनरल | १ | १ | १ | १ |
राष्ट्रिय कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी मापदण्ड अनुसार आफ्नो अधिकार क्षेत्रभित्र रही प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने। संविधानको एकल अधिकार सूचीमा कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय र यातायातलाई एउटै कार्यसूचीको आधारमा कार्यजिम्मेवारी दिएकोले प्रदेशभित्रको कृषिको आधुनिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरण गर्ने। कृषि तथा पशुपक्षीजन्य रोग, किरा एवं महामारी नियन्त्रण, कृषि औद्योगिकीकरण र पशुपंक्षी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन, कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार, कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन गर्ने। कृषिउपज, कृषिजन्य बस्तु, पशुपक्षी, पशुपक्षीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउबिजन एवम् नश्लसम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन गर्ने। प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर, कृषि तथा पशुपक्षी एवं खाद्य प्रविधि सम्वन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण, कृषि मल, बिऊ र बिषादी आपूर्ति व्यवस्था र नियमन, कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण, कृषिउपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन, कृषि तथा पशुपक्षी बीमा सम्वन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन, गुठी तथा गुठीजग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय, गरिवी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन, गरिब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण, सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन,

सहकारी सम्बन्धमा संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य, सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन आदि यस मन्त्रालयको कार्यक्षेत्र रहने छन् । प्रदेशको अधिकार सूचिमा भूमि व्यवस्था कृषि तथा सहकारीको रहेता पनि हाल सम्म भूमि व्यवस्थाको कार्य जिम्मेवारी हस्तान्तरण हुन सकेको छैन। कृषिको अधिकार पनि बढि स्थानीय तहमा रहेकोले यसको कार्य क्षेत्र समेत साँघुरिएको देखिन्छ। प्रदेश भित्रका सहकारीको नियमन गर्नु पर्ने देखिन्छ।

**प्रस्तावित दरबन्दीको ढाँचा**

हालको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको उल्लिखित कार्यजिम्मेवारी हेर्दा कृषिको उत्पादन, उत्पादकत्वमा वृद्धि, आधुनिकीकरण, व्यावसायीकरण, बजारीकरण, औद्योगिकीकरण र पर्यापर्यटनको रूपमा विकास गर्नुपर्ने देखिँदा हालको यो संरचनालाई पहिलो विकल्पमा मन्त्रालयको नाम यथावत राखी जिल्लाको हकमा क्रमिक रूपमा देहाय बमोजिमको संरचनामा जान उपयुक्त हुने। जिल्लाको हकमा हालको उद्योग, वाणिज्य, पर्यटन सिप, यातायात क्षेत्रलाई समेटी आर्थिक विकास कार्यालय बनाउँदा यस प्रदेशको आर्थिक क्रियाकलाप विस्तारमा सहजीकरण हुने देखिन्छ। आर्थिक क्षेत्रका सेवा र कार्यहरू एकै निकायबाट प्रवाह गर्दा निजी क्षेत्रका लगानीका लागि सहज वातावरण निर्माण गरी प्रदेशको अर्थतन्त्रको आकार वृद्धि गर्न सकिन्छ। यही मान्यताका आधारमा हालका कृषि र पशुपन्छी विकास कार्यालय क्रमश एकीकरण गरी माथिका क्षेत्रहरू समेटी कृषि तथा आर्थिक विकास कार्यालय स्थापना गर्न उपयुक्त हुने देखिन्छ। रैथानी बाली, जडिबुटी लगायतका उत्पादनलाई उद्योग र बजारसँग जोड्न यो संरचना आवश्यक देखिन्छ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावित दरबन्दी तेरिज**

| सि. नं. | पदनाम | श्रेणी/तह | सेवा | समूह/उपसमूह | प्रदेश स्थापनाको दरबन्दी | २०७६।०५।०६ को दरबन्दी | हालको दरबन्दी | प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | रा.प्र.प्रथम | कृषि | समूहकृत नहुने | १ | १ | १ | १ |
| २ | अधिकृत | ९/१० तह | प्रशासन | सामान्य प्रशासन | २ | १ | १ | २ |
| ३ | वरिष्ठ कृषि अर्थ विज्ञ | ९/१० तह | कृषि | एग्रि इको..मार्केटिङ्ग एण्ड | १ | १ | १ | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | वरिष्ठ कृषि प्रसार अधिकृत | ९/१० तह | कृषि | कृषि प्रसार | १ | १ | १ | १ |
| ५ | वरिष्ठ पशु चिकित्सक | ९/१० तह | कृषि | भेटेरिनरी/ला.पो. डे.डे. | १ | १ | १ | १ |
| ६ | वरिष्ठ नापी अधिकृत | ९/१० तह | प्रशासन | सर्भे | १ | १ | १ | १ |
| ७ | अधिकृत | ७/८ तह | अधिकृत | सामान्य प्रशासन | ८ | ४ | ४ | ४ |
| ८ | लेखा अधिकृत | ७/८ तह | प्रशासन | लेखा | १ | १ | १ | १ |
| ९ | कानुन अधिकृत | रा.प. तृतीय | न्याय | कानुन | १ | १ | १ | १ |
| १० | कृषि प्रसार अधिकृत | ७/८ तह | कृषि | कृषि प्रसार | २ | २ | २ | २ |
| ११ | कृषि अर्थ विज्ञ | ७/८ तह | कृषि | एग्रि इको..मार्केटिङ्ग एण्ड | ३ | १ | १ | १ |
| १२ | खाद्य अनुसन्धान अधिकृत | रा.प. तृतीय | कृषि | खा पो गु नी | २ | ० | ० | ० |
| १३ | बागवानी विकास अधिकृत | ७/८ तह | कृषि | बागवानी | ० | १ | १ | १ |
| १४ | बाली विकास अधिकृत | ७/८ तह | कृषि | बाली विकास | २ | १ | १ | १ |
| १५ | पशु विकास अधिकृत | ७/८ तह | कृषि | ला.पो.डे.डे. | ५ | १ | १ | १ |
| १६ | पशु चिकित्सक | ७/८ तह | कृषि | भेटेरिनरी | ४ | १ | १ | १ |
| १७ | नापी अधिकृत | ७/८ तह | इन्जिनियरिङ्ग | सर्भे | २ | १ | १ | १ |
| १८ | कम्प्युटर अधिकृत | ७/८ तह | प्रशासन | कम्प्युटर | ० | १ | १ | १ |
| १९ | कम्प्युटर इन्जिनियर | ७/८ तह | विविध | | १ | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २० | तथ्याङ्क सहायक/अधिकृत | ५/६ तह | आ.यो.त.त | तथ्याङ्क | १ | १ | १ | १ |
| २१ | सहायक/अधिकृत | ५/६ तह | प्रशासन | सामान्य प्रशासन | ७ | ५ | ५ | ५ |
| २२ | प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | कृषि प्रसार | २ | २ | २ | ० |
| २३ | प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | एग्रि इको..मार्केटिङ्ग एण्ड | २ | १ | १ | ० |
| २४ | प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | बागवानी | १ | १ | १ | ० |
| २५ | प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | बाली विकास | ० | १ | १ | ० |
| २६ | प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | भेटेरिनरी | १ | २ | २ | ० |
| २७ | प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | ला.पो.डे.डे. | ३ | २ | २ | ० |
| २८ | प्राविधिक सहायक | ५/६ तह | कृषि | खा पो गु नी | १ | ० | ० | ० |
| २९ | सर्वेक्षक सहायक/अधिकृत | ५/६ तह | इन्जिनियरिङ्ग | सर्भे | १ | १ | १ | १ |
| ३० | कम्प्युटर अपरेटर | ५/६ तह | प्रशासन | कम्प्युटर | २ | ० | ० | ० |
| ३१ | सहायक | ४/५ | प्रशासन | सामान्य प्रशासन | १ | १ | १ | ० |
| ३२ | लेखा सहायक | ४/५ तह | प्रशासन | लेखा | १ | १ | १ | ० |
| ३३ | कम्प्युटर सहायक | ४/५ तह | विविध | विविध | ० | १ | १ | १ |
| ३४ | ह.स.चा | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ६ | ५ | ५ | ४ |
| ३५ | कार्यालय सहयोगी | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ६ | ५ | ५ | ४ |
| | जम्मा | | | | ७३ | ५० | ५० | ३७ |

## कृषि विकास कार्यालय डोल्पा, मुगु, हुम्ला, कालीकोट, रूकुम पश्चिमको प्रस्तावित दरबन्दी तेरिज

| सि. नं. | पदनाम | श्रेणी/तह | सेवा | समूह/उप समूह | प्रदेश स्थाप नाका कायम रहेको | २०७६ /०५/ ०६ को दरबन्दी | कायम रहेको दरबन्दी | इकाइ दरबन्दी | नयाँ प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रमुख | ९/१० | कृषि | समूहकृत नहुने | १ | | | १ | ५ |
| १ | बाली संरक्षण अधिकृत | ७/८ तह | कृषि | बाली संरक्षण | १ | १ | | १ | ५ |
| २ | बागवानी विकास अधिकृत | ७/८ तह | कृषि | बागवानी | १ | १ | | १ | ५ |
| ३ | कृषि प्रसार अधिकृत | ७/८ तह | कृषि | कृषि प्रसार | १ | १ | | १ | ५ |
| ४ | कृषि अर्थ विज्ञ | ७/८ तह | कृषि | एगृ इको | १ | | | ० | ० |
| ५ | सहायक/अधिकृत | ५/६ तह | प्रशासन | सामान्य प्रशासन | ० | १ | | १ | ५ |
| ६ | लेखा सहायक/अधिकृत | ५/६ तह | प्रशासन | लेखा | १ | १ | | १ | ५ |
| ७ | प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | कृषि प्रसार | १ | १ | | १ | ५ |
| ८ | प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | बागवानी | १ | १ | | १ | ५ |
| ९ | प्राविधिक सहायक | ५/६ तह | कृषि | बाली संरक्षण | १ | | | | ० |
| १० | प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | एग्री इको..मार्केटिङ्ग | ० | १ | | १ | ५ |
| ११ | ना.प्र.स | ४/५ तह | कृषि | माटो विज्ञान | ० | १ | | १ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | ना.प्र.स | ४/५ तह | कृषि | बाली संरक्षण | ० | १ | | १ | ५ |
| १३ | सहायक | ४/५ तह | प्रशासन | सामान्य प्रशासन | १ | | | | ० |
| १४ | ना.प्र.स | ४/५ तह | कृषि | कृषि प्रसार | ० | १ | | १ | ५ |
| १५ | हलुका सवारी चालक | श्रेणीविहीन | इन्जिनियरिङ्ग | मेकानिकल | १ | | | | ० |
| १६ | कार्यालय सहयोगी | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ३ | २ | | १ | ५ |
| | जम्मा | | | | १४ | १३ | ६९ | १३ | ६५ |

**पशु अस्पताल तथा पशु सेवा कार्यालय सुर्खेत, दैलेख, सल्यान, जाजरकोट र जुम्लाको प्रस्तावित दरबन्दी तेरिज**

| सि.नं. | पदनाम | श्रेणी/तह | सेवा | समूह/उपसमूह | प्रदेश स्थापनाका कायम रहेको | २०७६/०५/०६ को दरबन्दी सङ्ख्या | | कायम रहेको दरबन्दी | ईकाइ दरबन्दी | नयाँ प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ईकाइ | जम्मा | | | |
| १ | कार्यालय प्रमुख | ९/१० तह | कृषि | समूकृत नहुने | २ | १ | २ | | १ | ५ |
| २ | पशु चिकित्सक | ७/८ तह | कृषि | भेटेरिनरी | २ | १ | २ | | १ | ५ |
| ३ | पशु विकास अधिकृत | ७/८ तह | कृषि | ला.पो.डे.डे. | २ | १ | २ | | १ | ५ |
| ४ | पशु सेवा प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | ला.पो.डे.डे. | | २ | ४ | | २ | १० |
| ५ | ना.प.से.प्रा/ना.प.स्वा.प्रा. | ४/५ तह | कृषि | ला.पो.डे.डे./भेटेरिनरी | २ | १ | २ | | १ | ५ |
| ६ | पशु स्वास्थ्य प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | भेटेरिनरी | २ | १ | २ | | १ | ५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | लेखा सहायक /अधिकृत | ५/६ तह | प्रशासन | लेखा | २ | १ | २ | | १ | ५ |
| ८ | सहायक/अधिकृत | ५/६ तह | प्रशासन | सामान्य प्रशासन | २ | | | | | ० |
| ९ | नायब पशु सेवा प्राविधिक | ४/५ तह | कृषि | ला.पो.डे.डे. | २ | | | | | ० |
| १० | नायब पशु स्वास्थ्य प्राविधिक | ४/५ तह | कृषि | भेटेरिनरी | २ | | | | | ० |
| ११ | सहायक | ४/५ तह | प्रशासन | सामान्य प्रशासन | | १ | २ | | १ | ५ |
| १२ | ह.स.चा | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | २ | १ | २ | | १ | ५ |
| १३ | कार्यालय सहयोगी | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ४ | २ | ४ | | १ | ५ |
| | जम्मा | | | | २४ | १२ | २४ | ६३ | ११ | ५५ |

**पशु अस्पताल तथा पशु सेवा कार्यालय डोल्पा, हुम्ला, कालीकोट, मुगु र रूकुम पश्चिमको प्रस्तावित दरबन्दी तेरिज**

| सि.नं. | पदनाम | श्रेणी/तह | सेवा | समूह/उपसमूह | प्रदेश स्थापनाका बखत | मिति २०७६/०५/०६ को दरबन्दी | | हाल को दरबन्दी | | प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ईकाइ | जम्मा | | ईकाइ | |
| १ | कार्यालय प्रमुख | ९ तह | कृषि | समूहीकृत नहुने | ३ | १ | ४ | | १ | ५ |
| २ | पशु चिकित्सक | ७/८ तह | कृषि | भेटेरिनरी | | | | | १ | ५ |
| ३ | पशु सेवा प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | ला.पो.डे.डे. | ३ | १ | ४ | | १ | ५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | पशु स्वास्थ्य प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | भेटेरिनरी | ३ | १ | ४ | | १ | ५ |
| ५ | सहायक/अधिकृत | ५/६ तह | प्रशासन | सामान्य प्रशासन | ३ | | | | | ० |
| ६ | लेखा सहायक/अधिकृत | ५/६ तह | प्रशासन | लेखा | ३ | १ | ४ | | १ | ५ |
| ७ | ना.प.से.प्रा/ना.प.स्वा.प्रा. | ४/५ तह | कृषि | ला.पो.डे.डे./भेटेरिनरी | ६ | १ | ४ | | १ | ५ |
| ८ | सहायक | ४/५ तह | प्रशासन | सामान्य प्रशासन | | १ | ४ | | १ | ५ |
| ९ | ह.स.चा | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ३ | १ | ४ | | १ | ५ |
| १० | कार्यालय सहयोगी | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ६ | २ | ८ | | १ | ५ |
| | जम्मा | | | | ३० | ९ | ३६ | ४७ | ९ | ४५ |

**एकीकृत कृषि प्रयोगशालाको प्रस्तावित दरबन्दी तेरिज**

| सि.नं. | पदनाम | श्रेणी/तह | सेवा | समूह/उपसमूह | मिति २०७६/०५/०६ को निर्णयानुसार स्वीकृत दरबन्दी सङ्ख्या | हाल कायम रहेको दरबन्दी सङख्या | प्रस्तावित दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| १ | प्रयोगशाला प्रमुख | ९/१० तह | कृषि | समूहकृत नहुने | १ | १ | १ |
| २ | बाली संरक्षण अधिकृत | ७/८ तह | कृषि | बाली संरक्षण | १ | १ | १ |
| ३ | बाली विकास अधिकृत | ७/८ तह | कृषि | बाली विकास | १ | १ | १ |
| ४ | माटो विज्ञ | ७/८ तह | कृषि | माटो | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | विज्ञान | | | |
| ५ | प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | माटो विज्ञान | १ | १ | १ |
| ६ | प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | बाली संरक्षण | २ | २ | २ |
| ७ | प्राविधिक सहायक/अधिकृत | ५/६ तह | कृषि | बाली विकास | १ | १ | १ |
| ८ | ना.प्रा.स | ४/५ तह | कृषि | बाली संरक्षण | २ | २ | २ |
| ९ | ना.प्रा.स | ४/५ तह | कृषि | बाली विकास | १ | १ | १ |
| १० | सहायक/अधिकृत | ५/६ तह | प्रशासन | सामान्य प्रशासन | १ | १ | १ |
| ११ | लेखा सहायक/अधिकृत | ५/६ तह | प्रशासन | लेखा | १ | १ | १ |
| १२ | ह.स.चा | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | २ | २ | २ |
| १३ | कार्यालय सहयोगी | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ३ | ३ | ३ |
| | जम्मा | | | | १८ | १८ | १८ |

नोटः कपुरकोट र हर्रेको प्रयोगशाला हेर्ने ३/३ (प्राविधिक सहायक/अधिकृत-१, नायब प्राविधिक सहायक-१ र का.स.-१) समेतको दरबन्दी।

### *४.६ खारेज गर्ने तथा एक आपसमा गाभिने मन्त्रालय, निकाय र कार्यालयको जनशक्ति सहितको विवरण*

पहिलो विकल्पको विश्लेषणको आधारमा प्रदेश सरकारका संरचनाहरूलाई देहायको आधारमा प्रस्तुत गरिएको छ। प्रस्तुत अध्ययनबाट २९५५ दरबन्दी रहेकोमा प्रदेशको सेवा र कार्य गर्नका लागि केही निकायमा थप गर्नुपर्ने ६८ सहित २१८६ दरबन्दी आवश्यक देखिन्छ। यसबाट ६७ मन्त्रालय/निकाय तथा

कार्यालय खारेज गर्नुपर्ने देखिन्छ। खारेज हुने निकायहरूबाट ७६९ दरबन्दी कटौति हुने देखिन्छ। कर्णाली प्रदेश अन्तर्गतका मन्त्रालय/निकाय/कार्यालयहरुको रहने र खारेज गर्नुपर्ने विवरण देहाय बमोजिम रहेको छ।

## प्रदेशमा रहने मन्त्रालय तथा निकाय तथा कार्यालयहरू

| क्र.सं. | मन्त्रालयको नाम | मन्त्रालय रहने निकाय, निर्देशनालय, कार्यालयहरू र अस्पतालहरू | खारेज हुने निकाय तथा कार्यालयहरू |
|---|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>२ प्रदेश सभा<br>३ प्रदेश लोक सेवा आयोग<br>४ प्रदेश योजना आयोग<br>५ मुख्य न्यायधिबक्ताको महाशाखा<br>६ कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान | १ आन्तिरिक मामिला तथा कानुन मन्त्रालय<br>२ मुख्य न्यायधिवक्ताको कार्यालय<br>३ कर्णाली प्रदेश योजना आयोग |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १ प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय | १ प्रदेश लेखा नियन्त्रक ईकाइ कार्यालय ९ वटा |
| ३. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ एकीकृत पूर्वाधार विकास कार्यालय १० <br>२ यातायात व्यवस्था कार्यालय सुर्खेत<br>३ यातायात व्यवस्था सेवा कार्यालय जुम्ला र रूकुम पश्चिम | १ जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय -१<br>२ पूर्वाधार विकास तथा खानेपानी सम्बन्धी निदेशनालयहरू - २<br>३ खानेपानी ,सिंचाई तथा ऊर्जा विकास कार्यालयहरू ९ वटा |
| ४. | सामाजिक विकास मन्त्रालय | १ प्रदेश अस्पताल, सुर्खेत<br>२ मेहलकुना अस्पताल<br>३ जिल्ला अस्पताल ८ वटा<br>४ स्वास्थ्य सेवा तथा शिक्षा निर्देशनालय, सुर्खेत | १ स्वास्थ्य सेवा कार्यालयहरू सबै जिल्ला अस्पतालमा रूपान्तरित<br>२ सामाजिक विकास कार्यालय सबै |

| | | | |
|---|---|---|---|
| | | ५ आयुर्वेद अस्पताल सुर्खेत<br>६ आयुर्वेद अनुसन्धान केन्द्र जुम्ला जनस्वास्थ्यको समेत काम गर्ने।<br>७ जनस्वास्थ्य प्रयोगशाला सुर्खेत<br>८ प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र (सुर्खेतको जनस्वास्थ्य सम्बन्धी कार्य समेत गर्ने)<br>९ प्रदेश सङ्ग्रहालय तथा अभिलेखालय | ३ शिक्षा विकास निर्देशनालय<br>४ जनस्वास्थ्य सेवा कार्यालय सुर्खेत र जुम्ला<br>५ मानव संशाधन विकास केन्द्र सुर्खेत |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १ डिभिजन वन कार्यालयहरू ११ वटा<br>२ | १ वन तथा वातावरण निर्देशनालय, सुर्खेत<br>२ उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सबै<br>३ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र<br>४ उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय<br>५ कर्णाली पर्यटन प्रवर्द्धन बोर्ड |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १ एकिकृत कृषि प्रयोगशाला सुर्खेत<br>२ कृषि विकास कार्यालयहरू १०<br>३ पशु अस्पताल तथा पशु सेवा कार्यालय १० | १ प्रदेश कृषि तथा पशुपन्छी प्रशिक्षण केन्द्र सूर्खेत<br>२ कृषि विकास निर्देशनालय, सुर्खेत<br>३ सहकारी रजिष्टारको कार्यालय सूर्खेत<br>४ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय<br>५ वागवानी विकास केन्द्र डोल्पा र हुम्ला |

# परिच्छेद ५
# प्रदेश निजामती सेवामा रहने सेवाहरू

## *५.१ प्रदेश निजामती सेवामा सेवामा रहने सेवाहरू*

हाल कर्णाली प्रदेशमा प्रदेश आर्थिक योजना तथा तथ्याङ्क सेवा, प्रदेश ईन्जिनियरङ, प्रदेश कृषि सेवा, प्रदेश न्याय सेवा, प्रदेश प्रशासन सेवा, प्रदेश वन सेवा, प्रदेश स्वास्थ्य, प्रदेश शिक्षा, प्रदेश विविध सेवा गरी ९ वटा सेवाका कर्मचारी कार्यरत रहेका छन्। प्रदेश सरकारको सानो संरचनामा सबैको वृत्तिपथको अनुमान गर्न सक्ने गरी सुनिश्चित गर्नका लागि प्रदेश निजामती सेवाको कानुनमा देहाय अनुसारका सेवा समूह रहँदा अलि व्यापकता र कार्यको क्षेत्रगत विशिष्टिकरणबाट सबैलाई समान अवसरको खोजी गर्न सहयोग पुर्याउँदछ। प्रदेश सरकारको प्रशासनिक तहलाई तह प्रणालीमा जानु पर्ने देखिन्छ । हालको एघारौ तह सम्म रहेकोले यसलाई बाह्रौ तह सम्म पुर्याउन उपयुक्त हुन्छ । बाह्रौ तहको विशिष्ट श्रेणीको पदाधिकारीलाई प्रदेश सचिव बनाउन उपयुक्त हुन्छ। यी सबै विषयहरु नेपाल सरकारले ल्याउने सङ्घीय निजामती कानुनको आधारमा निर्धारण गर्न सान्दर्भिक देखिन्छ। समितिले सानो आकारको प्रदेश सरकारको निजामती प्रणाली भएकोले प्रदेश कानुनलाई संशोधन गर्न देहायका सेवा राख्ने गरी छलफल गर्न उपयुक्त रहन्छ।

| सेवाहरु | सेवामा रहने समूह | कारण र आधार |
|---|---|---|
| प्रशासन | सामान्य प्रशासन र लेखा | राजस्वलाई प्रशासनमा गाभ्ने। |
| न्याय | कानुन, न्याय र सरकारी वकिल | हाल पनि यहि रहेको छ। |
| ईन्जिनियरिङ | जलस्रोत, पूर्वाधार, विल्डिङ एण्ड आर्किटेक्ट | छरितो र अनुमानयोग्य बढुवा प्रणाली |
| कृषि र वन | कृषि , पशुपन्छी र वन | छरितो र अनुमानयोग्य बढुवा प्रणाली |
| स्वास्थ्य | जनस्वास्थ्य, चिकित्सा, जनस्वास्थ्य प्रयोगशाला र आयुर्वेद | हाल स्वास्थ्य सेवामा रहेका समूहलाई एकिकृत गर्दै लैजान |
| विविध | शिक्षा, तथ्याङ्क र सूचना प्रविधि | वृति विकासको अवसरको लागि |

## परिच्छेद -६

## प्रतिवेदन कार्यान्वयनको खाका

कर्णाली प्रदेश सरकारले हालको मन्त्रालय, निकाय र कार्यालयको सङ्गठन संरचना अध्ययन गर्ने प्रयोजनको लागि गठन गरेको उच्चस्तरीय समितिले प्रदेश सरकारका माननीय मुख्यमन्त्री, माननीय सभामुख, माननीय मन्त्रीहरू, श्रीमान प्रमुख सचिव, श्रीमान् सचिवहरू, विभिन्न निकायका प्रमुखहरू, विषय विज्ञहरू र कर्मचारीहरूसँग छलफल गरी यो प्रतिवेदन तयार गरिएको छ। यो प्रतिवेदनले प्रदेशको समग्र क्षमता अभिवृद्धि र दिगो आर्थिक विकास हासिल गर्नका लागि सहयोग गर्ने अपेक्षा राखिएको छ। प्रतिवेदनहरू सबै राम्रा हुने कार्यन्वयन पक्ष कमजोर हुने विगतका अभ्यास भए तापनि उच्च राजनैतिक प्रतिवद्धता सहित यो समिति वनेको र छलफलका क्रममा समेत कार्यन्वयन गर्ने दृढ ईच्छाशक्ति देखिएकोले यो प्रतिवेदन कार्यान्वयन हुने अपेक्षा गर्न सकिन्छ। प्रतिवेदनमा प्रथम विकल्पको कार्यान्वयनको विस्तृत प्रस्तावित जनशक्ति र सङ्गठन संरचनाको आधार तयार गरिएको छ। दोस्रो विकल्पको कार्यविभाजनको दिशाबोध गरिएकोले आगामी दिनमा प्रदेश सरकारका संरचनाहरू यस दिशामा जान उपयुक्त देखिन्छ। उपलब्ध तथ्य तथ्याङ्क र पुराना अध्ययन प्रतिवेदनको सन्दर्भ र राजनीतिक तथा प्रशाससनिक पदाधिकारीहरूसँगको छलफलको आधारमा तयार गरिएको यो प्रतिवेदन पूर्ण रुपमा कार्यान्वयन गर्नका लागि राजनीतिक प्रतिबद्धता र समग्र कर्मचारीतन्त्रको योगदान अनिवार्य रहनु पर्दछ। कर्णाली प्रदेशको भविष्य यसको समग्र सामर्थ्यताको वृद्धि गर्दै आन्तरिक स्रोत लाई क्रमशः वृद्धि गर्न सहयोगी हुने देखिन्छ।

यो प्रतिवेदनको सम्बन्धमा मन्त्रिपरिषद्मा छलफल गरी यसको स्वामित्व ग्रहण गरी प्रतिवेदन कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका शासकीय सुधार महाशाखा हेर्ने सचिवको संयोजकत्वमा, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, सामाजिक विकास मन्त्रालयका सचिव, भौतिक पूरवाधार मन्त्रालयका सचिव, उद्योग ,पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिवको समिति बनाई प्रतिवेदनका बाँकि काम गर्ने। प्रतिवेदन कार्यान्वयनको संक्षिप्त योजना देहाय अनुसार रहेको छ।

### प्रतिवेदन कार्यान्वयन कार्ययोजना

| क्र.सं | कार्य | जिम्मेवारी | समय सीमा |
|---|---|---|---|
| १. | प्रतिवेदन सैद्धान्तिक रूपमा स्वीकृति गरी कार्यान्यिवनको मार्गदर्शन गर्ने | प्रदेश सरकार | २०८२ आषाढ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवको संयोजकत्वमा  प्रतिवेदन कार्यान्यन समति गठन | मुख्यमन्त्री तथा म.पको कार्यालय | २०८२ आषाढ |

| | | | |
|---|---|---|---|
| ३. | प्रदेश सरकार कार्यविभाजन नियमावली संशोधन | प्रदेश सरकार | २०८२ भाद्र |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय खारेजी | प्रदेश सरकार | २०८२ भाद्र |
| ५. | प्रदेश योजना आयोग र मुख्य न्यायाधिवक्ता कार्यालयलाई मुख्य मन्त्री तथा म.प कार्यालयमा गाभ्ने | प्रदेश सरकार | २०८२ भाद्र |
| ६. | यस प्रतिवेदनको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार | प्रदेश सरकार | २०८२ भाद्र |
| ७. | प्रदेश निजामती सेवा ऐन लगायत सम्बन्धित ऐन नियमावली संशोधन | प्रदेश सरकार | २०८२ मंसिर |
| ८. | कर्णाली प्रदेश प्रतिष्ठानको पुनःसंरचना | प्रदेश सरकार | २०८२ कार्तिक |
| ९. | भौतिक तथा ऊर्जा मन्त्रालय एकीकरण | प्रदेश सरकार | आ.व २०८३-८४ बजेट अगावै |
| १०. | प्रदेश सरकारको सार्वजनिक सेवा मापदण्ड तयार | प्रदेश सरकार | २०८२ चैत्र |
| ११. | निजीक्षेत्र, सामुदायिक क्षेत्र र स्थानीय तह र सङ्घसँग सहकार्य गर्ने कार्यको प्रारूप तयार गरी कार्य प्रारम्भ गर्ने | प्रदेश सरकार | २०८३ वैशाख |
| १२. | निजीक्षेत्र, सामुदायिक क्षेत्र र स्थानीय तहलाई जिम्मेवारी हस्तान्तरण | प्रदेश सरकार | आ.व २०८२-८३ भित्र |
| १३. | मन्त्रालयको अर्को चरणको पुनः संरचना | प्रदेश सरकार | आ.व २०८४-८५ भित्र |
| १४. | सार्वजनिक निजी साझेदारी एकाई स्थापना गर्ने | प्रदेश सरकार | आ.व २०८३-८४ भित्र |
| १५. | विश्वविद्यालयसँगको सहकार्यमा नीति प्रयोगशालालाई पूर्णरूपमा कार्यान्वयन गर्ने | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आ.व २०८३-८४ भित्र |
| १६. | इन्टर्नशीपको प्रदेश स्तरीय मापदण्ड तयार गरी कार्यान्वयन गर्ने | मुख्य मन्त्री कार्यालय | आ.व २०८३-८४ भित्र |
| १७. | जिल्लामा आर्थिक विकास कार्यालय स्थापना | प्रदेश सरकार | आ.व २०८३-८४ को बजेटसँगै |
| १८. | पूर्वाधार विकास कार्यालय गाभि जिल्लाम नयाँ | प्रदेश सरकार | आ.व २०८३- |

| | | | |
|---|---|---|---|
| | कार्यालय स्थापना गर्ने | | ८४ को बजेटसँगै |
| १९. | एकीकृत राजस्व कार्यालय स्थापना गर्ने | मुख्य मन्त्री कार्यालय | आ.व २०८४-८५ भित्र |

## सन्दर्भ सामग्री


१. अर्थ मन्त्रालय. (२०८१). *आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य.* काठमाण्डौंः नेपाल सरकार , अर्थ मन्त्रालय.

२. नेपाल दक्षिण एशिया केन्द्र. (२०५५). *नेपालमा मानव विकास १९९८.* काठमाण्डौंः नेपाल दक्षिण एशिया केन्द्र.

३. नेपाल सरकार. (२०६३). *नेपालको अन्तरिम संविधान, २०६३.* काठमाण्डौंः कानुन किताब व्यवस्था समिति.

४. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान. (२०७७). *नेपालको सङ्घीय शासन प्रणाली.* काठमाण्डौंः नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान.

५. नेपाल सरकार. (२०८१). *आर्थिक सर्वेक्षण २०८०/८१.* काठमाण्डौंः अर्थ मन्त्रालय.

६. महालेखा परीक्षकको कार्यालय. (२०७९). *महालेखा परीक्षकको साठीऔं वार्षिक प्रतिवेदन, २०७९.* काठमाण्डौंः महालेखा परीक्षकको कार्यालय.

७. राष्ट्रिय योजना आयोग . (२०७८). *स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन.* काठमाण्डौंः नेपाल सरकार, राष्ट्रिय योजना आयोग .

८. नेपाल सरकार . (२०७३). *कार्यविस्तृतीकरण.* काठमाण्डौंः प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय.

९. IIDS. (२०६०). *नेपालमा विकेन्द्रीकरण सम्बन्धी सार्वजनिक प्रयासहरूऋः पहिलो खण्ड.* काठमाण्डौंः IIDS.

१०.निर्वाचन आयोग. (२०७९). *स्थानीय तह निर्वाचन , २०७९ः निर्वाचन परिणाम पुस्तक प्रदेश नं १.* काठमाण्डौंः निर्वाचन आयोग.

११.निर्वाचन आयोग. (२०७४). *स्थानीय तह निर्वाचन, २०७४ः निर्वाचन परिणाम पुस्तक प्रदेश नं ३.* काठमाण्डौंः निर्वाचन आयोग.

१२.राष्ट्रिय किताबखाना. (२०७९). *२०७९ माघ देखि चैत्र महिनासम्म सम्पादिउ प्रमुख क्रियाकलापहरूको विवरण.* काठमाण्डौंः नेपाल सरकार, राष्ट्रिय किताबखाना.

१३.केन्द्रीय तथ्याङ्क विभाग. (२०७८). *राष्ट्रिय जनगणना,२०७८ः प्रारम्भिक नतिजा.* काठमाण्डौंः राष्ट्रिय योजना आयोग.

१४.आचार्य, ब. (२०६३). *नेपालको संक्षिप्त वृतान्त.* काठमाण्डौंः प्रा. श्रीकृष्ण  आचार्य.

१५.कर्णाली प्रदेश सरकार. (२०८). *आर्थिक सर्वेक्षण २०८०/८१.* वीरेन्द्रनगर : आर्थिक मामिला तथा योजना मन्त्रालय.

१६.नेपाल सरकार. (२०७४). *स्थानीय सरकर सञ्चालन ऐन, २०७४.* काठमाण्डौंः कानुन किताब व्यवस्था समिति.

## अनुसूचीः १

## नेपालको संविधानको अनुसूची - ६ बमोजिम प्रदेशको अधिकारको सूची

| अनुसूची | विषय |
|---|---|
| ६.१ | प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा |
| ६.२ | नेपाल राष्ट्र बैङ्कको नीति अनुरुप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग |
| ६.३ | रेडियो, यफ एम्., टेलिभिजन सञ्चालन |
| ६.४ | घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना |
| ६.५ | प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा |
| ६.६ | प्रदेश तथ्यांक |
| ६.७ | प्रदेशस्तरको विद्युत, सिँचाइ र खानेपानी सेवा |
| ६.८ | प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय |
| ६.९ | स्वास्थ्य सेवा |
| ६.१० | प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद् सम्बन्धी |
| ६.११ | प्रदेशभित्रको व्यापार |
| ६.१२ | प्रदेश लोकमार्ग |
| ६.१३ | प्रदेश अनुसन्धान ब्यूरो |
| ६.१४ | प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय |
| ६.१५ | प्रदेश लोकसेवा आयोग |
| ६.१६ | भूमि व्यवस्थापन |

| | |
|---|---|
| ६.१७ | जग्गाको अभिलेख |
| ६.१८ | भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग |
| ६.१९ | प्रदेश भित्रको राष्ट्रिय वन , जल उपयोग तथा वातावरण व्यवस्थापन |
| ६.२० | कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय यातायात |
| ६.२१ | गुठी व्यवस्थापन |

## अनुसूची-२

नेपालको संविधानको अनुसूची-९ बमोजिम सङ्घ, प्रदेश र स्थानीयतहको अधिकारको साझा सूची

| अनुसूची | विषय |
|---|---|
| ९.१ | सहकारी |
| ९.२ | शिक्षा, खेलकुद र पत्रपत्रिका |
| ९.३ | स्वास्थ्य |
| ९.४ | कृषि |
| ९.५ | विद्युत, खानेपानी, सिँचाइ जस्ता सेवाहरू |
| ९.६ | सेवा शुल्क, दस्तुर, दण्ड जरीवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ९.७ | वन,जंगल, वन्यजन्तु, चराचुरुंगी,जल उपयोग,वातावरण, पर्यावरण तथा जैविक विविधता |
| ९.८ | खानी तथा खनीज |
| ९.९ | विपद् व्यवस्थापन |
| ९.१० | सामाजिक सुरक्षा र गरीबी निवारण |
| ९.११ | व्यक्तिगत घटना, जन्म, मृत्यू, विवाह र तथ्यांक |
| ९.१२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| ९.१३ | सुकुम्बासी व्यवस्थापन |
| ९.१४ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| ९.१५ | सवारी साधन अनुमती |

## अनुसूची-३

## अनुसूची ७ बमोजिम सङ्घ र प्रदेशको साझा अधिकारको सूची

| अनुसूची | विषय |
|---|---|
| ७.१ | फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानूनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रकृया |
| ७.२ | आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन |
| ७.३ | देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था |
| ७.४ | एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण |
| ७.५ | पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री, उत्तराधिकार र संयुक्त परिवार सम्बन्धी कानुन) |
| ७.६ | सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना |
| ७.७ | करार, सहकारी, साझेदारी र ऐजेन्सी सम्बन्धी |
| ७.८ | टाट पल्टेको र दामासाही सम्बन्धी |
| ७.९ | औषधि र विषादी |
| ७.१० | योजना परिवार नियोजन र जनसङ्ख्या व्यवस्थापन |
| ७.११ | सामाजिक सुरक्षा र रोजगारी, टे«ड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी कार्य |
| ७.१२ | कानुन व्यवसाय, लेखा परीक्षण, इन्जिनियरिंग, चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेशा |
| ७.१३ | प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता |
| ७.१४ | सञ्चार माध्यम सम्बन्धी |

| | |
|---|---|
| ७.१५ | उद्योग तथा खनीज र भौतिक पूर्वाधार |
| ७.१६ | क्यासीनो, चिट्ठा |
| ७.१७ | प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ |
| ७.१८ | पर्यटन, खानेपानी तथा सरसफाइ |
| ७.१९ | चलचित्र, सिनेमा हल खेलकुद |
| ७.२० | बीमा व्यवसाय सञ्चालन र व्यवस्थापन |
| ७.२१ | गरिबी निवारण र औद्योगीकरण |
| ७.२२ | वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संशाधन विकास |
| ७.२३ | अन्तरप्रादेशिक रुपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग |
| ७.२४ | भूमि नीति र सो सम्बन्धी कानुन |
| ७.२५ | रोजगारी र बेरोजगार सहायता |

## अनुसूची ४

## प्रथम विकल्पको कर्णाली प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ लाई संशोधन गर्नु पर्ने

## प्रदेश सरकार

## कर्णाली प्रदेश

## प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४

प्रदेश सरकार मन्त्रीपरिषदबाट स्वीकृत मिति : २०७४।११।०६

नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश मन्त्रिपरिषद्ले कर्णाली को सरकारको कार्य विभाजनका लागि देहायका नियमहरू बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा प्रदेश मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ।

(ख) "मन्त्री" भन्नाले मुख्यमन्त्री र मन्त्रीलाई सम्झनुपर्छ र सो शब्दले स्वतन्त्र रुपमा मन्त्रालयको कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई जनाउँछ।

**३. मन्त्रालयः** प्रदेशमा अनुसूची-१ मा उल्लेख भए बमोजिम मन्त्रालय हुनेछन्।

४. **कार्यसम्पादनः** प्रदेश सरकारको कार्यसम्पादन नियम ३ मा उल्लेख भए बमोजिमका मन्त्रालयहरू वाट हुनेछ।

**५. कार्यविभाजनः** (१) मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश मन्त्रिपरिषद्ले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै मन्त्रालयको काममा हेरफेर गर्न सक्नेछ।

(३) मुख्यमन्त्रीले कुनै मन्त्रीलाई एक वा एक भन्दा बढी मन्त्रालयको कार्यभार सुम्पन सक्नेछ।

(४) मुख्यमन्त्रीले कुनै मन्त्रालयलाई तोकिएको काम मध्ये केही काम आफैंले वा सम्बन्धित मन्त्रीको सिफारिसमा अर्को कुनै मन्त्रीले हेर्ने गरी तोक्न सक्नेछ।

तर सम्बन्धित मन्त्री प्रदेशमा नरहेको अवस्थामा निजको काम कुनै मन्त्रीले वा आफैले हेर्ने गरी तोक्न त्यस्तो सिफारिस आवश्यक पर्ने छैन।

६. **मन्त्रीको जिम्मेवारीः** नियम ५ बमोजिम आफूलाई तोकिएको कार्य सम्पादन गर्ने वा गराउने जिम्मेवारी र कार्यसम्पादन भए नभएको विषयमा वहन गर्ने उत्तरदायित्व सम्बन्धित मन्त्रीको हुनेछ।

७. **अनुसूचीमा हेरफेरः** प्रदेश मन्त्रिपरिषद्ले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

## अनुसूची १

### प्रदेशमा रहने मन्त्रालयहरू

| क्र. सं. | मन्त्रालयको नाम |
|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३. | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ४. | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |

## अनुसूची २ प्रदेशमा रहने मन्त्रालयहरूको कार्यजिम्मेवारी

| **१. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय** | |
|---|---|
| **सि.नं.** | **कार्य जिम्मेवारीहरू** |
| १ | प्रदेश मन्त्रिपरिषद तथा मुख्यमन्त्रीको कार्यालय सम्वन्धी |
| २ | प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन |
| ३ | प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन |
| ४ | प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| ५ | प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन |
| ६ | प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण |
| ७ | प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन |
| ८ | प्रदेश मन्त्रिपरिषदमा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण |
| ९ | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन |
| १० | मानवअधिकारको संरक्षण र प्रवर्द्धन |
| ११ | सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार |
| १२ | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय |
| १३ | सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन |
| १४ | प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन |
| १५ | अन्तरप्रदेश परिषद र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्वन्ध |

| | |
|---|---|
| १६ | प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन |
| १७ | निर्वाचन कार्यमा सहयोग र समन्वय |
| १८ | प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन |
| १९ | प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन |
| २० | प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण |
| २१ | प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय |
| २२ | प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन |
| २३ | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानुन तर्जुमा |
| २४ | प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घसँगको समन्वय र सहकार्य |
| २५ | अतिविशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा |
| २६ | सङ्घीय र प्रदेश सुरक्षा निकायसंगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय |
| २७ | सङ्घीय कानुन बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन |
| २८ | प्रदेश भित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय |
| २९ | कानुन, न्याय तथा प्रदेश सभा मामिला सम्वन्धी |
| ३० | प्रदेश सभामा पेस हुने बिधेयक तर्जुमा र प्रमाणीकरण सम्वन्धी |
| ३१ | आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग |
| ३२ | सामुदायिक प्रहरी र प्रदेशभित्रको  सडक सुरक्षा र ट्राफिक व्यवस्थापन |
| ३३ | प्रदेशभित्र  न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन |

| | |
|---|---|
| ३४ | प्रदेशभित्रका  गैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख र समन्वय |
| ३५ | फौजदारी कार्यविधि कानुनको कार्यान्वयन |
| ३६ | सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान |
| ३७ | विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शाँकन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ३८ | उपाधि,सम्मान तथा विभूषणको सिफारिस र प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आादिको व्यवस्थापन |
| ३९ | प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नविकरण तथा प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन |
| ४० | प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन र प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन |
| ४१ | प्रदेश भित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन, प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन र साइवर सुरक्षा अनुगमन। |
| ४२ | छापासंचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, बर्गीकरण, सञ्चालन र नियमन। प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण |
| ४३ | श्रमजिवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन र प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी |
| ४४ | केबुल वितरणको इजाजत, नवीकरण र नियमन |
| ४५ | सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| ४६ | चलचित्र निर्माण, हल संचालन तथा प्रदर्शन अनुमति र नियमन |

| | |
|---|---|
| ४७ | अन्य कुनै पनि मन्त्रालयलाई गर्ने भनी स्पष्टरुपमा नतोकिएको कार्य |

| **२. आर्थिक मामिला तथा योजना मन्त्रालय** | |
|---|---|
| **सि.नं.** | **कार्य जिम्मेवारीहरू** |
| १ | प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन |
| ३ | प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन |
| ४ | सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन |
| ५ | प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर |
| ६ | प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन |
| ७ | राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र ससर्त अनुदानको सदुपयोग |
| ८ | प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन |
| ९ | प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान |
| १० | सङ्घीय नीति अनुरुप सह—वित्तीयकरण |
| ११ | प्रदेश आर्थिक कार्यविधि सम्वन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन |
| १२ | प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन |
| १३ | प्रदेश संचित कोषको संचालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन |
| १४ | प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्वन्धी |
| १५ | प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन |

| | |
|---|---|
| १६ | प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण |
| १७ | घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन |
| १८ | सङ्घीय कानुन अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण |
| १९ | राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २० | सङ्घसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य |
| २१ | तथ्यांङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा सङ्घ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य |
| २२ | बीमा र बीमा व्यवसायको संचालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन |
| २३ | प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन |
| २४ | आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसंगको समन्वय र सहकार्य |

## ३. भौतिक पूर्वाधार विकास मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| १ | प्रदेशस्तरको ऊर्जा, विद्युत, सिंचाई, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्वन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन |
| २ | प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिंचाई तथा खानेपानी सम्वन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन |
| ३ | ऊर्जा, विद्युत, सिंचाई सेवान विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन |

| | |
|---|---|
| ४ | राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, संचालन, सम्भार र व्यवस्थापन |
| ५ | प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन |
| ६ | प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय |
| ७ | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन |
| ८ | मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन |
| ९ | जलगुण तथा वायूगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन |
| १० | प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन |
| ११ | प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण |
| १२ | प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन |
| १३ | वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन |
| १४ | प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन |
| १५ | रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन |
| १६ | प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन |
| १७ | प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |

| | |
|---|---|
| १८ | प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार र आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्ग निर्देशन |
| १९ | प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन |
| २० | प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन |
| २१ | प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण |
| २२ | सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन |

**४. स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय**

| सि.नं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| १ | प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन |
| ३ | प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ४ | प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्वन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्य सामाग्री निर्माण, उत्पादन र वितरण |
| ५ | प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन |
| ६ | प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा सर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन |
| ७ | माध्यमिक तहको परीक्षा व्यवस्थापन |
| ८ | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन |
| ९ | स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |

| | |
|---|---|
| १० | प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन |
| ११ | स्वास्थ्य सेवा सम्वन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत सङ्घ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन |
| १२ | प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन |
| १३ | राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्वन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन |
| १४ | राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन |
| १५ | खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन |
| १६ | राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन |
| १७ | प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन |
| १८ | औषधी निगरानी (Pharmacy vigilance), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्युनीकरण |
| १९ | खोप र परिवार नियोजन |
| २० | संवेदनशिल औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन |
| २१ | प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह |
| २२ | प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन |
| २३ | सूर्ति, मदिरा र लागूपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन |
| २४ | स्वास्थ्य क्षेत्रमा आपतकालिन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, |

| | |
|---|---|
| | आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन |
| २५ | सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम |
| २६ | राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन |
| २७ | स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन |
| २८ | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन |
| २९ | प्रदेशस्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रदेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन |
| ३० | खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ३१ | सर्वसाधारणलाइ स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता |
| ३२ | जनसङ्ख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क र समन्वय |
| ३३ | महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ३४ | लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्वन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुर्नस्थापन |
| ३५ | महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान |
| ३६ | लैंगिक उत्तरदायी बजेट र लैङ्गिक परिक्षण |
| ३७ | बाल बालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुर्नस्थापना |

| | |
|---|---|
| ३८ | प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बाल बालिका र महिला सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन |
| ३९ | समाजकल्याण र सङ्घसस्था सम्वन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन |
| ४० | युवासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन |
| ४१ | खेलकूद सम्वन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन |
| ४२ | खेलकूद प्रशासन र सङ्घसंस्थाको समन्वय र नियमन |
| ४३ | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता |
| ४४ | लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन |
| ४५ | सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य |
| ४६ | प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसंग समन्वय |
| ४७ | विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्त्वका स्थल सम्बन्धी |
| ४८ | भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ४९ | ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रादेशिकस्तरका दरवारहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन |
| ५० | प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन |
| ५१ | प्रदेशस्तरका पुरातात्विक महत्त्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सास्कृतिक धरोहर सम्वन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुर्ननिर्माण |
| ५२ | धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन |

| | |
|---|---|
| ५३ | संस्कृतिको विकास सम्वन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन |
| ५४ | रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ५५ | श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र नियमन |
| ५६ | श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना |
| ५७ | औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण |
| ५८ | कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन |

## ५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| १ | व्यापार/बाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण |
| २ | प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन |
| ३ | ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन |
| ४ | नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता |
| ५ | व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन |
| ६ | खानी तथा खनीज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र सङ्घसंग समन्वय |
| ७ | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी |
| ८ | कलकारखाना र औद्योगिकीकरण सम्वन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |

| | |
|---|---|
| ९ | उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन |
| १० | प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्वन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार |
| ११ | औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन |
| १२ | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १३ | उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन |
| १४ | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन |
| १५ | सङ्घीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन |
| १६ | उपभोक्ता अदालत गठन र सञ्चालन |
| १७ | अत्यावश्यक वस्तुहरूको प्रादेशिक माग र आपूर्ति सम्वन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यबस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय |
| १८ | लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन |
| १९ | करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| २० | सङ्घसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन |
| २१ | दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २२ | प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन |
| २३ | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन |
| २४ | सङ्घीय कानुन बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी |

| | |
|---|---|
| २५ | प्रदेशभित्रका उद्योगहरू र साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २६ | औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन |
| २७ | उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग |
| २८ | स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता |
